# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको पाठ्यक्रमका तथा पठन–पाठनको अध्ययन (आरम्भदेखि २०३९ सम्म)** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक-शास्त्र सङ्काय, नेपाली केन्दीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आंशिक परिपूर्तिका लागि रहेकोछ ।

### १.३ विषयपरिचय

त्रिभुवन विश्वविद्यालय वि.सं. २०१६ सालमा नेपालको जेठो तथा पहिलो विश्वविद्यालयका रूपमा स्थापना भएको हो । यसले आफ्नो स्थापनाको लामो शैक्षिक पृष्ठभूमि बोकेको छ ।  यसले आफ्नो स्थापना कालदेखि नै विभिन्न विषय विभिन्न तहमा पठन-पाठन, अनुसन्धान तथा सिर्जनात्मक कार्यहरू र त्यसका लागि आवश्यक पर्ने पाठ्यक्रमहरू तयार पार्दै आएको छ । त्यसक्रममा त्रिभुवन विश्वविद्यालयले नेपाली विषयको पनि पाठ्यक्रम तयार पारी  उच्चशिक्षाका विभिन्न तहहरूमा पठन-पाठन तथा अनुसन्धानमूलक कार्यहरू गर्दै गराउँदै आएको छ । त्रिभुवन विश्वविद्यालयले प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्म आफ्नो स्थापना कालदेखि नै नेपाली विषयको पाठ्यक्रम तयार पारी पठनपाठन सुरु गरेको थियो भने पछि क्रमशः विद्यावारिधि उपाधिको अनुसन्धानात्मक कार्य पनि आरम्भ गरेको देखिन्छ ।

त्यस्तै विदेशी विद्यार्थीहरूका लागि समेत त्रिभुवन विश्वविद्यालयले विशेष नेपाली स्नातक कार्यक्रम सञ्चालन गरेको देखिन्छ । त्यस्तै यो विश्वविद्यालयले विभिन्न किसिमका अनुसन्धान, लघुअनुसन्धान तथा सिर्जनात्मककार्यहरू पनि

गर्दै गराउदै आएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न निकाय, शाखा, विभाग, अनुसन्धान शाखा-महाशाखा, केन्द्र, सङ्काय आदिबाट नेपाली भाषा-साहित्यको विकासमा विभिन्न तरिकाले महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । तर हालसम्म त्रिभुवन विश्वविद्यालयका कुन-कुन निकाय वा विभागले नेपाली भाषा-साहित्यमा के-कस्तो योगदान पुऱ्याएका छन् भन्ने विषयमा खासै अनुसन्धान भएको देखिदैन ।

यस शोधपत्रमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको मानविकी तथा सामाजिक-शास्त्र सङ्कायले नेपाली विषयका लागि तयार पारेको विभिन्न तहको सुरुदेखि २०३९ सालसम्मको पाठ्यक्रम र पठनपाठनको सर्वेक्षण गरिएको छ ।

## १.४ समस्याकथन

त्रिभुवन विश्वविद्यालयले आफ्नो स्थापनाकाल वि.सं. २०१६ सालदेखि नै विभिन्न तह र विभिन्न विषयको पाठ्यक्रम तयार पारी अध्ययन-अध्यापन गराउने क्रममा नेपाली विषयको पनि पाठ्क्रम तयार पारी अध्ययन-अध्यापन गराउँदै आएको देखिन्छ । यस क्रममा त्रि.वि.ले सुरुदेखि अहिलेसम्म विभिन्न समयमा पाठ्यक्रम र पठनपाठनलाई समयअनुकूल परिस्कार, परिमार्जन तथा परिवर्तन गर्दै आएको छ । यस सिलसिलामा नेपाली विषयको पाठ्यक्रम र पठनपाठनमा पनि बेला-बेलामा परिवर्त हुँदै आएको छ । तर त्रिभुवन विश्वविद्यालयको सुरुको पाठ्यक्रम के-कस्तो थियो, यसले कुनकुन समयमा पाठ्यक्रम परिवर्तन गऱ्यो आदि विषयमा अहिलेसम्म कुनै खास अध्ययन नहुनु यसको मूल समस्या मानिएको छ ।

अहिले आएर नेपालमा बहुविश्वविद्यालय नीतिअनुसार विभिन्न विश्वविद्यालय-हरू स्थापना भएका छन् तर ती सबै विश्वविद्यालयहरूमा त्रि.वि.मा जस्तै सबै तहमा नेपाली विषयको अध्ययन-अध्यापन र अनुसन्धानात्मककार्य भएको पाइदैन । त्यस्तै त्रिभुवन विश्वविद्यालयले नेपालीहरूका लागि मात्र हैन विदेशी विद्यार्थीहरूका लागि समेत विशेष नेपाली कार्यक्रमको व्यावस्था गरी अध्ययन-अध्यापन र अनुसन्धानात्मककार्य गर्दै गराउँदै आएको छ । यसले गर्दा नेपाली भाषा-साहित्यको

विकासमा र प्रचार प्रसारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । त्यस्तै त्रिभुवन विश्वविद्यालयले नेपाली भाषा-साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिने र समयानुकूल नेपाली विषयको पाठ्यक्रम र पठनपाठनमा परिवर्तन गर्ने उद्देश्यले बेला-बेलामा विभिन्न गोष्ठी, सेमिनार तथा अन्तर्क्रिया लगायतका अनेक कार्यक्रम गर्दै आएको पाइन्छ ।

यसरी त्रिभुवन विश्वविद्यालयले आफ्नो स्थापना कालदेखि नै नेपाली विषयको पाठ्यक्रम तयार पारी पठनपाठन गराउँदै आएको भए पनि उक्त पाठ्यक्रम र पठनपाठनको स्थिति कस्तो थियो, उक्त पाठ्यक्रम र पठनपाठनको परिवर्तन किन, कहिले र कसरी गरीएको थियो, उक्त पाठ्यक्रम र पठनपाठनले नेपाली भाषा-साहित्यको विकासमा के-कस्तो योगदान दिएको थियो ? भन्ने कुराको अहिलेसम्म खास अध्ययन-अनुसन्धान नभएकोले यो शोधकार्य गरिएको हो । त्यसैले निम्नानुसारका शोध समस्यामा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छ :

(१) त्रि.वि.को स्थापनाको पृष्ठभूमि र यसको विकास तथा विस्तार के-कस्तो रहेको थियो ?

(२) त्रि.वि.को नेपाली विषयको पठनपाठनको अवस्था के-कस्तो थियो ?

(३) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रमको तहगत अवस्था के-कस्तो थियो ?

(४) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रमको कालक्रमिक अवस्था के-कस्तो थायो ?

(५) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रम तथा पठन-पाठनको उद्देश्य के-कस्तो रहेको थियो ?

(६) त्रि.वि.मा नेपाली विषयको अनुसन्धान-परम्परा के-कस्तो रहेको थियो ?

(७) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रम तथा पठनपाठनले नेपाली भाषासाहित्यको विकासमा के-कस्तो योगदान दिएको छ ?

यिनै समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यअन्तर्गत उपर्युक्त समस्याकथनहरूसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(१) त्रि.वि.को स्थापनाको पृष्ठभूमि स्पष्ट पार्नु,

(२) त्रि.वि.को विकास तथा विस्तार स्पष्ट पार्नु,

(३) त्रि.वि. मा नेपाली विषयको पठनपाठनको पृष्ठभूमि पहिल्याउनु,

(४) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रमको विकासक्रम पहिल्याउनु,

(५) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रमको सिंहाअवलोकन गर्नु,

(६) त्रि.वि.को नेपाली विषयको पाठ्यक्रम तथा पठनपाठनले नेपाली भाषा-साहित्यको विकासमा दिएको योगदानको पहिल्याउनु,

(७) त्रि.वि.मा नेपाली विषयको अनुसन्धान-परम्परा र यसले नेपाली भाषा-साहित्यमा दिएको योगदानको विवेचना गर्नु,

यिनै उद्देश्यहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ पूर्वकार्यको सर्वेक्षण

त्रिभुवन विश्वविद्यालय नेपालको पहिलो तथा सबभन्दा ठूलो विश्वविद्यालय हो । यसले आफ्नो स्थापनाकालदेखि विभिन्न विषयहरूको जस्तै नेपाली विषयको पनि अध्ययन-अध्यापन र अनुसन्धान गर्दै आएको छ । त्रि.वि.अन्तर्गत नेपाली विषयको पाठ्क्रम र पठनपाठन तथा यसले नेपाली भाषासाहित्यको विकासमा दिएको योगदानमा केन्द्रित भएर कुनै अध्ययन-अनुसन्धान भएको पाइँदैन तैपनि त्रि.वि.सम्बन्धी अध्ययन भएका अनुसन्धान, लेख तथा रचनाहरू यसप्रकार रहेका छन् :

नीलमकुमार शर्माले वि.सं. २०५३ सालमा 'त्रि.वि.को अनुसन्धान नीति तथा कार्यक्रमः एक अध्ययन' शीर्षकमा एक लघुअनुसन्धान गरेका छन् । यस अप्रकाशित अनुसन्धान प्रतिवेदनमा शर्माले त्रि.वि.को अनुसन्धान-परम्परा र अनुसन्धानप्रक्रियाको चर्चा गरेका छन् ।

कृष्णप्रसाद आचार्यले वि.सं. २०५४ सालमा 'विदेशीका निम्ति नेपाली शिक्षणः एक अध्ययन' नामको लघु-अनुसन्धानमूलक कार्य गरेका छन् । यस अप्रकाशित अनुसन्धान प्रतिवेदनमा आचार्यले नेपाली केन्दीय विभागद्वारा सञ्चालित विदेशीका लागि विशेष नेपाली स्नातक कार्यक्रमको इतिहास र वर्तमान अवस्थाका बारेमा चर्चा गरेका छन् ।

पुरुषोत्तमप्रसाद उपाध्यायले वि.सं. २०५८ सालमा 'त्रिभुवन विश्वविद्यालय विगतदेखि वर्तमानसम्म' शीर्षकको पुस्तक प्रकाशन गरेका छन् । उक्त पुस्तकमा त्रिभुवन विश्वविद्यालयको स्थापनाको पृष्ठभूमि र स्थापनापश्चात् त्रि.वि.ले शैक्षिक क्षेत्रमा हासिल गरेका विभिन्न उपलब्धि एवम् विकासप्रक्रियाको चर्चा गरिएको छ ।

केशव सुवेदीले  वि.स. २०५९ सालको 'वाङ्मय' (वर्ष १०, पूर्णाङ्क १०) मा 'नेपाली केन्दीय विभागअन्तर्गत २०५९ वैशाखसम्म पूरा भएका स्नातकोत्तरीय शोधकार्यहरू' शीर्षकमा नेपाली केन्दीय विभागअन्तर्गत उक्त समयसम्म पूरा गरिएका स्नातकोत्तर तहका शोधकार्यहरूको वर्गीकृत तथा कालक्रमिक सूची प्रस्तुत गरेका छन् ।

नेपाली केन्दीय विभागद्वारा वि.सं. २०५९ सालमा प्रकाशित स्मारिका ' स्पन्दन' मा 'नेपाली केन्दीय विभागः विगतदेखि वर्तमानसम्म'  नामक शीर्षकमा त्रिभुवन विश्वविद्यालयको स्थापनाको पृष्ठभूमि प्रस्तुत गर्दै नेपाली केन्दीय विभागका विगतदेखि वर्तमानसम्मका विभिन्न गतिविधिहरूको चर्चा गरिएको छ । प्रस्तुत लेखमा त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको अध्ययन-अध्यापन, विभिन्न समयमा भएका ऐतिहासिक निर्णयहरू, पाठ्यक्रम विकासका सन्दर्भहरू र विभागद्वारा भएका देशका

विभिन्न ठाउँका गोष्ठीहरू, सेमिनारहरू तथा विभागद्वारा प्रकाशित हुँदै आएका पत्रपत्रिकाका बारेमा चर्चा गरिएको छ ।

राजेन्द्र सुवेदीले वि.सं. २०६० सालको 'वाङ्मय' (वर्ष ११, पूर्णाङ्क ११) मा त्रिभुवन विश्वविद्यालयअन्तर्गत विभिन्न क्याम्पसहरूमा सञ्चालित नेपाली विषयको स्नातकोत्तर कार्यक्रममा वि.सं. २०६० मङ्सिरभरमा पूरा भएका स्नातकोत्तर-स्तरीय शोधकार्यहरूको विवरण' शीर्षकमा मेची क्याम्पस झापा, वीरेन्द्र वहुमुखी क्याम्पस चितवन, पद्मकन्या क्याम्पस वागबजार काठमाडौँ, रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्ग काठमाडौँ, त्रिचन्द्र बहुमुखी क्याम्पस घण्टाघर काठमाडौँ र त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पामा सम्पन्न भएका शोधकार्यहरूको विवरण प्रस्तुत गरेका छन् ।

सुरेन्द्रकुमार बमले वि.सं. २०६१ सालको 'सम्प्रेषण' (वर्ष १,अङ्क १) मा 'नेपाली भाषा शिक्षा विषयमा एम.एड. तहमा सम्पन्न शोधकार्यहरूको सूची' शीर्षकमा नेपाली भाषा शिक्षा विषयमा एम.एड. तहमा सम्पन्न भएका शोधकार्यहरूको कालक्रमिक  तथा वर्गीकृत सूची प्रस्तुत गरेका छन् ।

दीपकबाबु निरौलाले वि.सं. २०६२ सालको 'सम्प्रेषण' (वर्ष २,अङ्क २) मा 'नेपाली भाषा शिक्षा विभागबाट एम.एड. तहको उपाधिका लागि स्वीकृत गरिएका शोधकार्यहरूको सूची' शीर्षकमा वि.सं. २०५९ सालदेखि वि.सं. २०६२ सालसम्म विभिन्न क्याम्पसहरूमा सम्पन्न भएका नेपाली भाषा शिक्षा विषयका एम.एड. तहका शोधकार्यहरूको सूची प्रस्तुत गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले 'शोधविधि' (वि.सं. २०६२ ते.सं.) नामक पुस्तकमा  त्रिभुवन विश्वविद्यालयबाट सम्पन्न भएका विद्यावारिधि शोधकार्यहरू, स्नातकोत्तरस्तरीय शोधकार्यहरू तथा सिर्जनात्मककार्यहरू र स्नातकस्तरीय शोधकार्यहको सूचीहरूको विवरण प्रस्तुत गरेका छन् ।

गोविन्द गिरीले वि.सं. २०६२ को 'त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषा-साहित्यको पठनपाठन र अनुसन्धान-परम्पराको सर्वेक्षण' शीर्षकको स्नातकोत्तरस्तरीय शोधकार्यमा त्रिभुवन विश्वविद्यालयको परिचय, त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको पठनपाठनको परम्परा र विकास तथा त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषा-साहित्यको अनुसन्धान-परम्परा र विभिन्न तहमा सम्पन्न भएका शोधकार्य-हरूको सूचीको विवरण प्रस्तुत गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

त्रिभुवन विश्वविद्यालयले नेपाली भाषासाहित्यसम्बन्धी अध्ययन-अनुसन्धान गर्दै गराउँदै आएको भए पनि त्रि.वि.को नेपाली भाषा-साहित्यसम्बम्धी पठनपाठन तथा पाठ्यक्रम के कस्तो थियो र यसले नेपाली भाषासाहित्यको विकासमा के-कस्तो योगदान दिएको छ भन्ने विषयमा अहिलेसम्म कुनै खास अध्ययन-अनुसन्धान भएको देखिँदैन । पूर्वकार्यको सर्वेक्षण गर्दा यस सम्बन्धमा अहिलेसम्म कुनै खास अध्ययन-अनुसन्धान नभएको अवस्थामा गरिएको यस शोधकार्यको आफ्नै औचित्य र महत्त्व रहेको छ । यसका अतिरिक्त त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषा-साहित्यसम्बन्धी आफूले गरेका कार्यहरूको सर्वेक्षण तथा समीक्षा गरी भावी योजना तर्जुमा गर्नलाई समेत यस शोधकार्यले सहयोग गर्नेछ । यसै गरी त्रिभुवन विश्वविद्यालय र यसमा पठनपाठन गरिने नेपाली भाषा-साहित्यसम्बन्धी अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका लागि पनि यो शोधकार्य उत्तिकै उपयोगी हुने भएकाले पनि यसको आफ्नै औचित्य र महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको शीर्षक 'त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको पठन-पाठन तथा पाठ्यक्रमको सर्वेक्षण' भनिएको भए तापनि यस शोधपत्रमा त्रिभुवन विश्वविद्यालयको नेपाली विषयको सबै सङ्कायका पठनपाठन र तिनका पाठ्यक्रम-लाई समेट्न सकिएको छैन । यस्तै यस शोधपत्रमा आरम्भदेखि २०३९ सम्म भनिएको भए तापनि सामग्री सङ्कलनका क्रममा त्रिभुवन विश्वविद्यालयको स्थापना काल

२०१६ को नेपाली विषयको  पाठ्यक्रम पाउन नसकिएकाले यस शोधपत्रमा उपलब्ध भएकाहरू मध्ये पुरानो पाठ्यक्रमलाई नै आरम्भको पाठ्यक्रम मानिएको छ ।

प्रस्तुत शोधपत्रको शीर्षक 'त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको पठन-पाठन तथा पाठ्यक्रमको सर्वेक्षण' भनिएको भए तापनि यस शोधपत्रमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा आरम्भदेखि २०३९ सालसम्म कायम रहेको नेपाली विषयको पठनपाठन तथा पाठ्यक्रमको सर्वेक्षण गरिएको छ ।

## १.९ शोधविधि

१) सामग्री-सङ्कलन

प्रस्तुत शोधपत्र तयार पार्नका लागि निम्नलिखित तरिकाले सामग्री-सङ्कलन गरिएको छ :

अ)  यो शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय पद्धतिलाई सामग्री-सङ्कलनको प्रमुख आधार बनाइएको छ । यस क्रममा यससम्बन्धी विषयका पुस्तकहरू, पाठ्यक्रम, शोधपत्र, पत्रपत्रिका तथा प्रकाशित-अप्रकाशित लघुअनुसन्धान र लेख रचनाहरूको अध्ययन गरी  सामग्री-सङ्कलन गरिएको छ ।

आ) प्रस्तुत शोधपत्र तयार पार्नका लागि पुस्तकालयबाट पाउन नसकिएका तथ्यका लागि त्रि.वि.सम्बन्धी जानकारी राख्ने विद्वान्हरूसँग सम्पर्क राखी आवश्यक तथ्य तथा जानकारी लिइएको छ ।

२) सामग्री विश्लेषण

यस शोधपत्रका लागि उपर्युक्त किसिमले सङ्कलन गरिएका सामग्रीहरू-लाई प्रस्तुत गर्दा ऐतिहासिक, वर्णनात्मक, विवरणात्मक तथा समीक्षात्मक पद्धतिलाई प्रयोग गरिएको छ । यस शोधपत्रमा त्रि.वि.को पृष्ठभूमि तथा विकास र विस्तारको प्रस्तुतीकरणमा ऐतिहासिक-अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ भने नेपाली विषयको पठनपाठन र पाठ्यक्रमलाई प्रस्तुत गर्दा वर्णनात्मक, विवरणात्मक र तुलनात्मक अनुसन्धान-पद्धतिको उपयोग गरिएको छ ।

यसरी यस शोधपत्रको सामग्री विश्लेषणको पद्धति मुख्य रूपमा ऐतिहासिक तथा वर्णनात्मक र विवरणात्मक भए पनि यसमा तुलनात्मक शोधविधिको पनि उपयोग गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नअनुसारका पाँच परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय,

दोस्रो परिच्छेद : त्रिभुवन विश्वविद्यालयको स्थापना र विकास,

तेस्रो परिच्छेद : त्रिभुवन विश्वविद्यालयको नेपाली भाषासाहित्यसम्बन्धी पाठ्यक्रम र पठनपाठनको तहगत स्थिति,

चौथो परिच्छेद : उपसंहार तथा निष्कर्ष,

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदको शीर्षक 'शोधपरिचय' राखिएको छ । यस परिच्छेदमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा र भावी शोधकार्यका निम्ति सुझाउ प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदको शीर्षक 'त्रिभुवन विश्वविद्यालयको स्थापना र विकास' राखिएको छ । यसमा त्रिभुवन विश्वविद्यालयको स्थापनापूर्वको नेपालको शैक्षिक अवस्था र त्यसका विभिन्न चरणहरूलाई प्रस्तुत गरिएको छ । साथै त्रिभुवन विश्वविद्यालयको स्थापना र यसको विकासका विभिन्न चरणहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदको शीर्षक 'त्रिभुवन विश्वविद्यालयको नेपाली भाषासाहित्यसम्बन्धी पाठ्यक्रम र पठनपाठनको तहगत स्थिति' रहेको छ । यस परिच्छेदमा त्रिभुवन विश्वविद्यालयको नेपाली भाषासाहित्यसम्बन्धी विभिन्न तहको र विभिन्न समयको पाठ्यक्रम र पठनपाठनको विवरण प्रस्तुत गरिएको छ । यसमा आइ.ए., बी.ए. र एम.ए तहको लागि सुरुमा, २०२८ सालमा र २०३७ सालमा

त्रिभुवन विश्वविद्यालयले तयार पारेको नेपाली भाषासाहित्यसम्बन्धी  पाठ्यक्रम र पठनपाठनको विवरण प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदमाः शोधकार्यको उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको मूलपाठका यी चार परिच्छेदपछि सन्दर्भसामग्रीसूची राखिएको छ । यसलाई नेपाली भाषाका सन्दर्भग्रन्थसूची र अङग्रेजी भाषाका सन्दर्भग्रन्थसूची गरी प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

## त्रिभुवन विश्वविद्यालयको स्थापना र विकास

### २.१ त्रिभुवन विश्वविद्यालयको स्थापनाको पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालयको स्थापना वि.सं. २०१६ सालमा भएको हो । त्रिभुवन विश्वविद्यालयको स्थापनापूर्वको नेपालको शैक्षिक इतिहास नै त्रि.वि.को स्थापनाको पृष्ठभूमि हो । नेपालको शैक्षिक विकासको अवस्थालाई हेर्दा निम्नलिखित चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :[१]

### २.१.१ परम्परागत शिक्षा

परम्परागत शिक्षा भन्नाले पूर्वलिच्छविकालीन शिक्षाप्रणालीदेखि विक्रमको बीसौँ सताब्दीको पहिलो दशकसम्मको शिक्षाप्रणाली हो । यस परम्परागत शिक्षा-प्रणालीअन्तर्गत नेपालको प्राचीनकालीन र माध्यमिककालीन शिक्षाप्रणाली पर्दछन् । परम्परागत शिक्षाअन्तर्गत वैदिकधर्मबाट अनुप्राणित संस्कृत शिक्षा र बुद्धधर्मबाट अनुप्राणित बौद्धशिक्षा पर्दछन् । [२]

ईसाको सातौँ शताब्दीमा अंशुवर्माले गरेको वर्गीकरणअनुसार त्यतिखेर शैव, वैष्णव र बौद्धधर्मका आ-आफ्नै शिक्षा प्रचलनमा रहेका थिए ।

वैदिक धर्मअन्तर्गत राजकूल (राजनैतिकशास्त्रसम्बन्धी), देवकूल (पूजापाठ र प्रार्थनासम्बन्धी), पितृकूल (इतिहास र वंशसम्बन्धी) र ऋषिकूल तथा गुरुकूल (कर्म-काण्डसम्बन्धी) शिक्षाप्रणाली प्रचलनमा रहेको देखिन्छ । साथै ज्योतिषशास्त्र र आर्युवेद विज्ञानसम्बन्धी शिक्षाप्रणाली कायम रहेको देखिन्छ । वैदिक धर्मको शिक्षाको

---

१ गोपीनाथ शर्मा, **नेपालको शैक्षिक इतिहास भाग १** (काठमाडौँ : मकालु बुक्स एन्ड स्टेसनर्स, २०५७), पृ.१५।

२ ऐजन, पृ. १६ ।

माध्यम संस्कृत भाषा रहेको थियो । ऋषिकूल तथा गुरुकूल शिक्षाप्रणालीको समयमा तोकिएको तलब लिई पढाउनेलाई 'भृतकअध्यापन' भनी हेय दृष्टीले हेर्ने गरिन्थ्यो ।[३]

बौद्धधर्मअन्तर्गत बौद्धदर्शन, साहित्य, त्रिपिटक तथा जातक आदि अध्ययन-अध्यापन गराइन्थ्यो । यस शिक्षाप्रणालीको भाषा, प्राकृत तथा पाली रहेको देखिन्छ । बौद्धधर्मका शिक्षाका केन्द्रहरू विहार, गुम्वा र भिक्षुहरूका संघ-संस्था तथा वस्तीहरू बनेका थिए । नेपालका बौद्धविहारहरू र तिनमा बस्ने विख्यात विद्वान्हरूले बौद्धधर्म र बौद्धदर्शनलाई भोट, वर्मा, चीन र मङ्गोलियासम्म प्रचार-प्रसार गरेको देखिन्छ ।

उपर्युक्त परिप्रेक्ष्यमा विचार गर्दा प्राचीनकालदेखि नै नेपालमा प्राचीन विद्यापिठहरूबाट अनुसरण गरिएका ऋषिकूल तथा गुरुकूल शिक्षाप्रणालीका माध्यमबाट संस्कृत शिक्षापरम्परा र विहार-गुम्वाका माध्यमबाट बौद्धधर्म र बौद्धदर्शन प्रवाहित हुँदै आएको थियो । प्राचीन र माध्यमिक कालमा शिक्षाको उच्च सामाजिक महत्त्व स्थापित भएको र विद्यादानको परम्परालाई पवित्र सांस्कृतिक र प्राज्ञिक कार्यका रूपमा स्वीकार गरिएको पाइन्छ ।

कला-कौशलका दृष्टिले नेपालमा वास्तुकला, मूर्तिकला आदि प्राविधिक शिक्षाको प्रभावकारी, लामो र उच्चपरम्परा पनि रहेको देखिन्छ । यसरी नेपालको प्राचीनकालीन शिक्षा-प्रणालीलाई हेर्दा सामाजिक सापेक्षताभन्दा धार्मिक सापेक्षतामा बढी केन्द्रित रहेको पाइन्छ ।

लिच्छवीकालमा नेपालमा संस्कृत र बौद्ध दुवैथरीको शिक्षा प्रभावमा रहेको देखिन्छ । यस समयमा परम्परागत कला, संस्कृति, वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष, आदि विषयमा पढाइ हुने गरेको देखिन्छ ।[४] त्यस्तै मल्लकालमा त नेपालमा शिक्षाको विकास धेरै भएको देखिन्छ । यस समयका राजा

---

३ ऐजन ।

४ पुरुषोत्तमप्रसाद उपाध्याय, **त्रि.वि. विगतदेखि वर्तमानसम्म,** (दो.सं.) (काठमाडौँ: बिना उपाध्याय, २०५९), पृ. ३ ।

तथा त्यहाँ काम गर्ने सबै कामदारहरू पढेलेखेका नै हुने गर्थे । मल्लराजाहरू स्वयम् शिक्षित थिए । प्रताप मल्ल १४ भाषाका ज्ञाता थिए । यसबाट पनि नेपालमा शिक्षा धेरै माथि पुगेको थाहापाउन सकिन्छ ।

बाइसी-चौविसी राज्यको समयमा पनि नेपालका विभिन्न राज्यहरूले शिक्षामा राम्रो विकास गरेको देखिन्छ । त्यो समयमा पनि संस्कृत शिक्षाको नै प्रभाव देखिन्छ । गोरखाराज्यका राजाहरूले त्यो समयमा आफ्नै पुरोहितबाट राजकुमार राजकुमारी-हरूको पठनपाठन गराउँथे ।

नेपालको राजनीतिको आधुनिककाल अर्थात नेपालको एकीकरणपश्चात् शिक्षा-मा राष्ट्रियताको प्रभाव परेको देखिन्छ । तत्कालीन समयमा नेपाललगायत अन्तर्राष्ट्रियस्तरमा समेत युद्धको समय भएकोले नेपाली जनता र सेनालाई देशभक्ति, राष्ट्रियता र राष्ट्रियगौरवसम्बन्धी शिक्षा दिइएको पाइन्छ ।[५]

यसरी नेपालको परम्परागत शिक्षालाई हेर्दा सुरुदेखि नै धर्म संस्कृतिबाट अनुप्राणित रहेको र यो नेपालको एकीकरणकालसम्म कायम रहेको देखिन्छ । नेपालको एकीकरणपश्चात् भने नेपाली जनता र सेनालाई देशभक्ति, राष्ट्रियता र राष्ट्रिय-गौरवसम्बन्धी शिक्षा दिन थालेको देखिन्छ । नेपालको परम्परागत शिक्षाको माध्यम भाषा सुरुको समयमा संस्कृत भाषा नै प्रमुख रहेको देखिन्छ भने नेपालको एकीकरणपश्चात् भने नेपाली भाषा पनि क्रमशः अस्तित्वमा आउन थालेको देखिन्छ ।

### २.१.२ आधुनिक शिक्षा

प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं. १९१० सालमा दरबार-स्कूलको स्थापना गरेपश्चात नेपालमा आधुनिक शिक्षाको आरम्भ भएको हो । नेपालमा आधुनिक शिक्षाको सुरुवातसँगै अंग्रेजी शिक्षाको पनि आरम्भ भयो । आधुनिक-शिक्षाको सुरु भएपछि पनि वि.सं. १९३४ सालमा संस्कृत भाषामा शिक्षा दिने नेपालको पहिलो औपचारिक पाठशाला रानीपोखरी संस्कृत पाठशाला खुलेको देखिन्छ ।

---

५ ऐजन ।

त्यस्तै १९४१ मा तीनधारा पाठशाला (छात्रावास) को स्थापना भयो भने १९५२ मा पूर्वी नेपालको दिङ्लामा षडानन्द ब्रम्ह्चारीका सत्प्रयासबाट जनस्तरमा षडानन्द संस्कृत पाठशालाको स्थापना भएको देखिन्छ ।[६]

देवसमसेरका पालामा वि.सं. १९५७-१९५८ मा स्थापित भाषा पाठशालाहरूले नेपाली भाषाका माध्यमबाट मुलुकका विभिन्न भागमा प्राथमिक शिक्षा दिन सुरु गरे । यसै समयदेखि शैक्षिक पाठ्यपुस्तहरूको पनि तर्जुमा गर्न थालियो तर पनि मुलुकभित्र प्रवेशिका परीक्षा सञ्चालन गर्ने संस्था तथा उच्चशिक्षा प्रदान गर्ने महाविद्यालयको अभावले गर्दा भारतका विद्यालय तथा कलेजहरूमा नै प्रवेशिका परीक्षा र उच्चशिक्षा हासिल गर्नका लागि भर पर्नुपर्ने स्थिति देखिन्छ ।

### २.१.३ नेपालमा उच्चशिक्षाको विकास

नेपालमा उच्चशिक्षाको सुरुवात वि.सं. १९७५ मा त्रिभुवनचन्द्र कलेज हाल (त्रि-चन्द्र क्याम्पस) स्थापनासँगै भएको हो । नेपालमा उच्चशिक्षाको विकास-लाई विभिन्न चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ । त्रिभुवन विश्वविद्यालयको स्थापना २०१६ पूर्वको नेपालको उच्चशिक्षाको विकासलाई हेर्दा यस अवधिलाई पनि दुई चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ । २०१६ सालपूर्वको नेपालमा उच्चशिक्षा विकासको १९७५ देखि २००७ सालसम्मको अवधिलाई पहिलो चरण र २००७ देखि २०१६ सालसम्मको अवधिलाई दोस्रो चरणमा राखेर अध्ययन गर्न सकिन्छ, जुन यसप्रकार रहेका छन् :

### (१) नेपालमा उच्चशिक्षा विकासको पहिलो चरण

यस चरणको आरम्भ वि.सं. १९७५ मा त्रिभुवनचन्द्र कलेज (हाल त्रि-चन्द्र क्याम्पसको) स्थापनासँगै भएको हो र वि.सं. २००७ (नेपालमा जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्रको सुरुवात) सम्म कायम रहेको मानिन्छ । यस अवधिमा नेपालमा उपत्यका र उपत्यकाबाहिर पनि केही कलेजहरू खुलेका भए पनि त्यी सबैले

---

[६] ऐजन, पृ. ४ ।

भारतीय विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेका थिए भने तिनीहरूका पाठ्यक्रमहरू पनि भारतीय विश्वविद्यालयका पाठ्क्रममा आधारित थिए ।

त्रि-चन्द्र कलेजको स्थापनासँगै यसमा विज्ञान विषयतर्फ आइ.एस्सी.को अध्ययन-अध्यापन प्रारम्भ भयो । यसै गरी २००४ सालदेखि यस कलेजमा बी.एस्सी.सम्मको अध्ययन-अध्यापन सुरु भएको देखिन्छ । यसभन्दा अगाडि नेपालीहरूले एस.एल.सी.दिनको लागि भारतमा धाउनु पर्ने समस्यालाई ध्यानमा राखेर वि.सं. १९९० सालमा आएर मात्र भारतबाट मान्यता प्राप्त गरी नेपालमा स्वतन्त्र एस.एल.सी. परीक्षा वोर्डको स्थापना भएको हो ।[७] त्यस्तै यस अवधिमा ललितकलाका क्षेत्रमा वि. सं. १९९० सालमा 'नेपाल आर्ट स्कूल' को स्थापना भएको देखिन्छ । यो वि.सं. १९९५ सालमा जुद्धकला पाठशालाको नाममा सञ्चालन भएको देखिन्छ । प्राविधिक शिक्षालाई पनि यस चरणमा महत्त्व दिएको देखिन्छ । प्राविधिक शिक्षातर्फ वि.सं. १९८९ सालमा टेक्निकल स्कूलको स्थापना भएको थियो ।

नेपालमा उच्चशिक्षा विकासको १९७५ देखि २००७ सालसम्मको अवधिमा उच्चशिक्षा संस्थाहरू राजधानीमा मात्र सीमित भएका देखिन्छन् । नेपालमा आफ्नै राष्ट्रिय तथा स्वतन्त्र विश्वविद्यालय स्थापना गर्न वि.सं. २००५ सालमा प्रयास गरिएको भए पनि यो प्रयास सफल भएको भने थिएन । यो चरणमा नेपालमा प्राविधिक, ललितकला र सामान्य उच्चशिक्षा प्रदान गर्ने विभिन्न संस्थाहरूको स्थापना भएको देखिन्छ । यस चरणमा नेपालमा खुलेका उच्चशिक्षा संस्थाहरू यसप्रकार थिए:

(१) त्रिभुवनचन्द्र कलेज

(२) नेपाल आर्ट स्कूल

(३) टेक्निकल स्कूल

---

७ ऐजन, पृ. ५ ।

## (२) नेपालमा उच्चशिक्षा विकासको दोस्रो चरण

वि.सं.२००७ (नेपालमा जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्रको सुरुवात) देखि त्रिभुवन विश्वविद्यालयको स्थापना २०१६ पूर्वको नेपालको उच्चशिक्षाको विकासलाई यस चरणमा अध्ययन गरिएको छ । यस अवधिमा नेपालमा सरकारी तथा गैरसरकारी दुवै तहमा शैक्षिक जागरण आएको देखिन्छ । वि.सं. २००९ सालमा नेपाल सरकारकातर्फबाट शिक्षाको योजनावद्ध विकास गर्ने उद्देश्यले २० सदस्यीय-समिति गठन भयो । यस समितिको सिफारिसमा २०१० सालमा 'नेपाल राष्ट्रिय शिक्षा योजना आयोग' को गठन भयो र वि.सं. २०११ सालमा उक्त आयोगले शैक्षिक प्रतिवेदन पेस गर्‍यो ।

यसले देशमा राष्ट्रिय विश्वविद्यालयको स्थापनाको सिफारिस गरी त्यसको विस्तृत रूपरेखा पेस गर्‍यो । यसको फलस्वरूप नेपालमा राष्ट्रिय विश्वविद्यालय-को स्थापना गर्ने उद्देश्यले २०१२ सालमा विश्वविद्यालय योजना आयोगको गठन भयो । २०१३ सालमा नेपालको पहिलो राष्ट्रिय योजना तयार पार्ने सिलसिलामा शिक्षाको पञ्चवर्षीय योजना तर्जुमा गरियो ।[८] २००७ सालपछि नेपालमा कुनै कुराको विकास भयो भने त्यसमा शिक्षाको स्थान सर्वोपरि रह्यो भन्न सकिन्छ । यस परिप्रेक्ष्यमा मुलुकका विभिन्न भागमा उच्चशिक्षा-संस्थाहरू सरकारी तथा गैरसरकारी दुवै क्षेत्र-बाट स्थापना भएको देखिन्छ । त्यस्तै विभिन्न सङ्काय र विषयहरूमा पनि उच्चशिक्षा सस्थाहरू विस्तारित भएको पाइन्छ । यस अवधिमा उपत्यकामा मात्र नभएर उपत्यका बाहिर पनि उच्चशिक्षा संस्थाहरू खुलेको देखिन्छ । तर पनि उपत्यका बाहिर भन्दा उपत्यकामा नै उच्चशिक्षा संस्थाहरू बढी केन्द्रित भएको देखिन्छ ।

यस अवधिमा राजधानी उपत्यकामा मात्र खुलेका उच्चशिक्षा संस्थाहरू यसप्रकार थिए :[९]

---

८ गोपीनाथ शर्मा, पूर्ववत् ।

९ पुरुषोत्तमप्रसाद उपाध्याय, पूर्ववत् ।

(१) दरबार कलेज (२००८)

(२) पद्मकन्या कलेज (२००८)

(३) नेशनल कलेज (२००८)

(४) नेपाल राजकीय संस्कृत महाविद्यालय (२००९)

(५) पाटन कलेज (२०११)

(६) कलेज अफ एजुकेशन (२०१२)

(७) ल कलेज (२०११)

(८) नेपाल सङ्गीत महाविद्यालय (२०१२)

(९) पब्लिक कमर्स कलेज (२०१५)

(१०) पब्लिक साइन्स कलेज (२०१५)

(११) इन्जिनियरिङ स्कूल (२०१६)

यस अवधिमा उपत्यकाभन्दा बाहिर खुलेका उच्चशिक्षा-संस्थाहरू यसप्रकार थिए :[१०]

(१) ठाकुरराम कलेज, वीरगन्ज (२००९)

(२) त्रिभुवन कलेज, पाल्पा (२०१२)

(३) धनकुटा कलेज, धनकुटा (२०१२)

(४) मोरङ्ग कलेज, मोरङ्ग (२०१२)

(५) महेन्द्र कलेज, धरान (२०१२)

(६) जनता संस्कृत महाविद्यालय, दाङ (२०१२)

(७) पिण्डेश्वर संस्कृत महाविद्यालय, धरान (२०१२)

(८) रामस्वरूप रामसागर कलेज, जनकपुर (२०१४)

(९) महेन्द्र विन्देश्वरी कलेज, राजविराज (२०१४)

---

१० ऐजन ।

(१०) नारायण इन्टर कलेज, नेपालगन्ज (२०१४)

(११) मा.वि. इन्टर कलेज, दाङ (२०१५)

वि.सं. २००७ सालपछि नेपालमा विभिन्न क्षेत्र, सङ्काय, तह र विषयमा उच्च-शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना भएका देखिन्छन् । त्यस्तै प्राविधिक उच्चशिक्षाका क्षेत्रमा पनि विभिन्न कलेजहरू खुलेका देखिन्छन् । जसमा चिकित्सा तथा आयुर्वेद, कृषि, पशुविज्ञान, इन्जिनियरिङ तथा वनविज्ञानका क्षेत्रमा उच्चशिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना भएका देखिन्छन् । २०१२ सालमा २ वर्षे ओभरसियर तालिम प्रदान गर्न स्थापना भएको संस्था पछि २०१६ सालमा इन्जिनियरिङ कलेजका रूपमा परिणत भएको देखिन्छ ।

वि.सं. २००७ सालमा नेपालमा आएको राजनैतिक परिवर्तनभन्दा पछि र त्रिभुवन विश्वविद्यालयको स्थापना २०१६ पूर्वको लगभग १० वर्षको अवधिमा नेपालमा उच्चशिक्षाको विकास तिब्र गतिमा भएको पाइन्छ । वि.सं. २००७ सालमापूर्व नेपालमा जम्मा तीनवटा उच्चशिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना भएका थिए भने २०१६ सालसम्म आइपुग्दा २५ वटा उच्चशिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना भएका देखिन्छन् ।[११] यस अवधिमा स्थापना भएका उच्च-शिक्षा प्रदान गर्ने संस्थाहरूलाई वर्गीकरण गर्नु पर्दा २० वटा साधारण उच्चशिक्षा-संस्थाहरू, ४ वटा प्राविधिकतर्फका उच्चशिक्षा संस्थाहरू र एउटा शिक्षाशास्त्र-सङ्कायतर्फको उच्चशिक्षा संस्था रहेको थियो ।

उपर्युक्त शैक्षिक पृष्ठभूमिमा नेपालको पहिलो तथा जेठो विश्वविद्यालयको रूपमा वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको देखिन्छ । यस विश्वविद्यालयको ढाँचा २०१४ सालमा नै त्रि.वि. आयोगले तयार पारेको थियो । यसका लागि २०१४ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटा लगायतको टोलीले भारतका विभिन्न विश्वविद्यालयहरूको अवलोकन भ्रमण गरी त्रि.वि.को प्रारम्भिक ढाँचा

[११] ऐजन ।

तयार पारेको थियो । सोहि ढाँचाअनुसार वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालय-को स्थापनाको घोषणा भएको हो । त्रिभुवन विश्वविद्यालयको स्थापनापूर्व नेपालमा खुलेका कलेजहरूले आरम्भमा कलकत्ता विश्वविद्यालयको र पछि पटना विश्वविद्यालयको सम्बन्धन लिएर सञ्चालन गरेको देखिन्छ । तर त्रिभुवन विश्व-विद्यालयको स्थापनपछि भने सबै कलेजहरूले त्रि.वि.बाट नै सम्बन्धन लिएका र सोही विश्वविद्यालयको पठनपाठन तथा पाठ्यक्रमलाई लागू गरेको देखिन्छ ।

श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको वि.सं. २०११ सालमा स्वर्गारोहण भएपछि उनको सम्झनामा केही महत्त्वपूर्ण कार्य गर्ने योजना अनुरूप त्रिभुवन विश्वविद्यालय-को स्थापना भएको हो । यसका साथै नेपालमा एउटा स्वतन्त्र र राष्ट्रिय विश्वविद्यालयको आवश्यकता पूर्ति गर्नका लागि र नेपालमा उच्चशिक्षा प्रदान गर्न र उच्चशिक्षाको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने उद्देश्यले त्रि.वि.को स्थापना भएको मानिन्छ । सुरुमा त्रि.वि.को स्थापन मोहन समसेरको दरबार लक्ष्मीनिवासमा गर्ने योजना रहेको भए पनि महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्राकृतिक सौन्दर्य र फराकिलो क्षेत्र भएको कीर्तिपुरमा विश्वविद्यालय राख्ने प्रस्ताव राखेपछि यो स्वीकार्य भएर कीर्तिपुरमा नै त्रिभुवन विश्वविद्यालयको स्थापना भई सञ्चालन भएको देखिन्छ ।[१२]

वि.सं. २०१६ साल जेठ १३ गते त्रि.वि. ऐन लागू गरिएको थियो । त्रि.वि. ऐन २०१६ अनुसार श्री ५ जेठी मुमामहारानी कान्तिराज्यलक्ष्मीदेवी शाह त्रि.वि.को प्रथम कुलपति र श्री ५ कान्छी मुमामहारानी ईश्वरीराज्यलक्ष्मीदेवी शाह प्रथम सहकुलपतिका रूपमा पदासीन होइबक्सेको थियो । त्रि.वि. ऐन २०१६ को प्रस्तावनामा निम्नअनुसार-का त्रि.वि.का उद्देश्यहरू निर्धारण गरिएका थिए :

(१) नेपालीलाई उच्चशिक्षा प्रदान गर्नु ।

(२) राष्ट्रको ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्नु ।

---

१२ **नेपाली केन्द्रीय विभागः विगतदेखि वर्तमानसम्म**, स्पन्दन, (काठमाडौः स्मारिका प्रकाशन समिति, २०५९), पृ. १-११ ।

(३) ज्ञान र सीपको विस्तार र विकास गर्नु ।

(४) कला, विज्ञान, वाणिज्य र व्यावसायिक शिक्षाको विस्तारसँगै सम्बन्धित क्षेत्र-मा अनुसन्धानपरक क्रियाकलापको विस्तार गर्नु ।

(५) विश्वविद्यालयबाट ज्ञान र सीप आर्जन गरेका विद्यार्थीहरूको चरित्र निर्माण उच्चशिक्षाका माध्यमबाट गर्नु ।

उपर्युक्त उद्देश्यलाई मूर्त रूप प्रदान गर्न श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको ५३ औँ जन्मजयन्तीका शुभ-अवसरमा वि.सं.२०१६ साल असार ३० गते कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालयको विधिवत् रूपमा स्थापन भई पठनपाठनकार्य पनि प्रारम्भ गरिएको थियो ।[१३]

त्रिभुवन विश्वविद्यालयमा प्रारम्भमा अङ्ग्रेजी, अर्थशास्त्र, गणित, इतिहास, राजनैतिकशास्त्र जस्ता विषयहरूको अध्ययन-अध्यापन हुने सूचना 'गोरखापत्र' मा प्रकाशित भएपछि नेपाली भाषा-साहित्य पढ्न चाहने तथा नेपाली भाषा-साहित्यलाई माया गर्ने व्यक्तिहरूमध्ये धरणीधर कोइरालाको नेतृत्वमा आनन्ददेव भट्ट, तारानाथ शर्मा, बालकृष्ण पोखरेल लगायतका उत्साही युवाहरूले तत्कालीन उपकुलपति सुवर्ण समसेरसमक्ष नेपाली विषयको पढाइ हुनुपर्छ भनेर माग राखे । यो माग पूरा पनि भयो र त्रि.वि.को स्थापनाकालदेखि नै नेपाली विषयको पनि अध्ययन-अध्यापन हुन थाल्यो ।[१४]

यसरी त्रि.वि. स्थापनाको पृष्ठभूमिमा विभिन्न कठिनाइहरू आएका र तिनीहरूसँग सङ्घर्ष गर्दै वि.सं. २०१६ सालमा त्रि.वि.को स्थापना नेपालको राष्ट्रिय र जेठो विश्वविद्यालयका रूपमा भएको देखिन्छ ।

---

१३ पुरुषेत्तमप्रसाद उपाध्याय, पूर्ववत्, पृ. ६ र ७ ।

१४ **नेपाली केन्दीय भिागः विगतदेखि वर्तमानसम्म,** पूर्ववत् ।

## २.२ त्रि.वि.को स्थापना र विकास

त्रिभुवन विश्वविद्यालयको स्थापना २०१६ सालदेखि नयाँ शिक्षा योजना लागू नहुँदासम्म अथवा २०३९ सालको शाही उच्चशिक्षा आयोगको प्रतिवेदन लागू नहुँदा-सम्मको अवधिलाई आधार मानेर त्रि.वि.को विकास र विस्तारलाई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । पहिलो चरणमा त्रि.वि.को स्थापना २०१६ देखि राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तयार पारेको पठनपाठन तथा पाठ्यक्रम २०२८ लागू नहुँदासम्मको अवधि पर्दछ । त्यस्तै दोस्रो चरण राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तयार पारेको पठनपाठन तथा पाठ्यक्रम २०२८ लागू भएको अवधिदेखि शाही उच्चशिक्षा आयोगले तयार पारेको पठनपाठन तथा पाठ्यक्रम २०३९ लागू नहुँदासम्म कायम रहेको देखिन्छ ।

### २.२.१. त्रि.वि.को स्थापना र विकासको पहिलो चरण (२०१६ देखि २०२८ सम्म)

त्रि.वि. ऐन २०१६ अर्न्तात स्वशासित संस्थाका रूपमा शैक्षणिक र सम्बन्धक दुवै प्रकारको भूमिका वहन गर्ने विश्वविद्यालयको रूपमा त्रि.वि.को स्थापना भएको थियो । यसले इन्टरमिडियट तहदेखि स्नातकोत्तर तहसम्मको पठनपाठनको सिलसिला सुरु गऱ्यो र क्रमशः अनुसन्धान तह अर्थात विद्यावारिधि तहसम्म पनि आफ्नो उन्मुखता देखायो । मुलुकमा विद्यमान सरकारी र गैरसरकारी महाविद्यालयहरूलाई इन्टर (उत्तर-माध्यमिक) र ब्याचलर (स्नातक) तहसम्मको शैक्षिक सम्बन्धन प्रदान गर्नु यसको अर्को महत्त्वपूर्ण दायित्व रह्यो ।

त्रि.वि.को स्थापना भएपछि इन्टर, ब्याचलर र मास्टर्स तहको पाठ्यक्रम निर्माण र पाठयपुस्तकहरूको निर्धारण हुन थालेको देखिन्छ । यस्तै परीक्षा प्रणालीमा सुधार, प्रमाणपत्र निर्धारण गर्ने जस्ता औपचारिक उच्च शैक्षिक कार्यहरू व्यवस्थित रूपमा हुन थाले । उच्चशिक्षाको राष्ट्रिय परिपाटी समेत सूत्रपात हुन पुग्यो । त्यो समयमा उच्चशिक्षाको माध्यम भाषा अङ्ग्रेजी थियो । त्यस्तै राष्ट्रभाषा नेपालीलाई मुलुकको उच्चशिक्षाको माध्यम भाषा तुल्याउने राष्ट्रिय सङ्कल्पका साथ १५ वर्षसम्मका लागि

अङ्ग्रेजी माध्यमलाई पनि कायम राख्ने व्यवस्थासमेत त्रि.वि. ऐन २०१६ अन्तर्गत नै गरिएको थियो ।

त्रि.वि.को स्थापनासँगै त्रि.वि. कलेजअन्तर्गत नेपाली लगायत अरू १० वटा विषयमा स्नाकोत्तर तहको शिक्षा प्रारम्भ भयो । जसमा अङ्ग्रेजी, नेपाली, संस्कृत, हिन्दी, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास सस्कृति, भूगोल, गणित तथा वाणिज्य विषयहरू पर्दथे । २०१८ सालदेखि शिक्षाशास्त्रतर्फको स्नातकोत्तर तह कार्यक्मय (एम.एड.) को पाठ्यक्रम तयार पारी अध्ययन-अध्यापन पनि थालियो । त्यस्तै वि.सं. २०२२ सालदेखि विज्ञान विषयतर्फका भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, प्राणिशास्त्र आदि विषयमा एम.एस्सी. तहसम्मको शैक्षिक कार्यक्रमहरू सञ्चालनमा ल्याइयो । वि.सं. २०२४ सालमा नेपालमा ललितकलाका क्षेत्रलाई पनि विकास र विस्तार गर्ने उद्देश्यले ललितकला महाविद्यालयको स्थापना भएको थियो । त्यस्तै वि.सं. २०२६ सालमा जनप्रशासन विषयका क्षेत्रमा पनि स्नातक कार्यक्रम सुरु गरिएको थियो ।

त्रिभुवन विश्वविद्यालयको विकास र विस्तारको यो पहिलो चरणको अवधिमा विषयगत, क्षेत्रगत, तहगत, संख्यात्मक तथा गुणात्मक सबै पक्षको वृद्धि र विकास भएको देखिन्छ । त्रि.वि. स्थापना २०१६ देखि २०२८ सम्मको करिव १२ वर्षको अवधिमा नेपालमा उच्चशिक्षा संस्थाहरूको सङ्ख्यामा विस्तार तथा वृद्धि भई ५३ वटा पुगेका देखिन्छन् ।

यस अवधिमा नेपालका विभिन्न ठाउँमा स्थापना भएका प्रमुख उच्च-शिक्षा संस्थाहरू यसप्रकार रहेका थिए:[१५]

(१) महेन्द्ररत्न महाविद्यालय, इलाम (२०१६)

(२) भक्तपुर कलेज, भक्तपुर (२०१७)

---

१५ ऐजन, पृ. ८ ।

(३) पृथ्वीनारायण कलेज, पोखरा (२०१७)

(४) डोटी इन्टर कलेज, डोटी (२०१७)

(५) रत्नराज्यलक्ष्मी कलेज, काठमाडौं (२०१८)

(६) विश्वभाषा कलेज, काठमाडौं (२०१८)

(७) लमजुङ कलेज, लमजुङ (२०२२)

(८) मेची महाविद्यालय, मेची (२०२४)

(९) सिद्धार्थ कलेज, रूपन्देही (२०२५)

उपर्युक्त उच्चशिक्षा संस्थाहरू यस चरणमा स्थापना भई सञ्चालन हुन थालेको देखिन्छ ।

### २.२.२.त्रि.वि.को विकास र विस्तारको दोस्रो चरण (२०२८ देखि २०३९ सम्म)

त्रिभुवन विश्वविद्यालयको विकास र विस्तारको दोस्रो चरण भनेर राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तयार पारेको पठनपाठन तथा पाठ्यक्रम २०२८ लागू भएको अवधिदेखि शाही उच्चशिक्षा आयोगले तयार पारेको पठनपाठन तथा पाठ्यक्रम २०३९ लागू नहुँदासम्मको अवधिलाई मानिएको छ । यस चरणलाई पनि विभिन्न उपचरणहरूमा अथवा मोडहरूमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

**पहिलो मोड** : रा.शि.प.यो.को आरम्भ (२०२८) देखि यसको कार्यान्वयन र मध्यावधि मूल्याङ्कन (२०३२) सम्म रहेको छ ।

**दोस्रो मोड** : रा.शि.प.यो.को मध्यावधि मूल्याङ्कन (२०३२) देखि पूर्णावधि मूल्याङ्कन (२०३६) सम्म रहेको छ ।

**तेस्रो मोड** : रा.शि.प.यो.को पूर्णावधि मूल्याङ्कन (२०३६) देखि शाही उच्चशिक्षा आयोग (२०३९) सम्म रहेको छ ।

यस चरणको पहिलो मोडमा त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पसहरू-को सङ्ख्यात्मक वृद्धि भएको देखिन्छ । दोस्रो मोडमा शैक्षिक कार्यक्रको तहगत वृद्धि, क्याम्पसहरूको सङ्यात्मक वृद्धि विषयगत विविधिकरण र विशिष्टीकरण भएको देखिन्छ । त्यस्तै तस्रोमोडमा मुलुकका १४ अञ्चल २९ जिल्लामा विभिन्न क्याम्पसहरू-को स्थापना भएर उच्चशिक्षाको क्षेत्रीय विस्तार र विकास भएको देखिन्छ । यस चरणमा  विभिन्न अनुसन्धान केन्द्रहरू तथा अध्ययन-संस्थानहरूको पनि स्थापना तथा विकास भएको देखिन्छ ।

वि.सं. २०२८ सालमा त्रिभुवन विश्वविद्यालयको विकास र विस्तारको लागि राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तयार पारेको शैक्षिक कार्यक्रम र पठनपाठन तथा पाठ्यक्रमले शिक्षको आधारभूत संरचनामा नै परिवर्तन ल्याएको थियो । यो भन्दा अगाडि त्रिभुवन विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू वार्षिक शिक्षा प्रणालीमा आधारित थिए भने यसपछिका शैक्षिक कार्यक्रमहरू  सेमेस्टर प्रणालीमा सञ्चालन गर्न थालियो । यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले एउटा महत्त्वपूर्ण कार्यक्रम राष्ट्रिय विकास सेवा (रा.वि.से.) पनि सञ्चालन गऱ्यो । रा.वि.से.ले राष्ट्रिय आवश्यकता अनुसार शैक्षिक योजनाहरू र कार्यक्रमहरूको निर्धारण गरेको थियो । विभिन्न योजनाहरूको तर्जुमा गर्न र तदअनुसारको शिक्षित जनशक्ति उपलब्ध गराउन यसकार्यक्रले ठूलो योगदान पुऱ्याएको थियो । सुरुमा रा.वि.से.लाई परीक्षणका लागि तीन जिल्लामा मात्र सञ्चालन गरिएको भए पनि पछि यसको राम्रो प्रभाव परेको देखेपछि मुलुकभरि नै लागू गरिएको थियो ।

रा.वि.से.को त्यसकार्यक्रमअन्तर्गत त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययन गरिरहेका विद्यार्थीहरूले अनिवार्य रूपमा दश महिनासम्म तोकिएको गाउँमा गई बसोबास गरी विभिन्न प्रकारका शैक्षिक तथा सामाजिक कार्यक्रममा सहभागी भई उत्प्रेरकका रूपमा काम गर्नुपर्थ्यो । उक्त कार्य गरेबापत पूणाङ्क ८० र सोही कार्यक्रमअन्तर्गतको भिलेज प्रोफाइल प्रस्तुत गरेबापत पूर्णाङ्क २० गरी जम्मा १०० पूर्णाङ्कको पाठ्यांश पूरा गर्नुपर्थ्यो ।

यस रा.वि.से.को कार्यक्रमलाई वि.सं. २०३६ सालमा जनमत सङ्ग्रहको घोषणादेखि वि.सं. २०३८ सालसम्मका लागि स्थगित गरिएको थियो । वि.सं. २०३९ सालदेखि पुनः विद्यार्थी आफैले नै छानेको गाउँमा तीन महिनासम्म बसी स्थानीय स्तरमा विविध जानकारी हासिल गरी पूर्णाङ्क १०० बराबरको भिलेज प्रोफाइल मात्र प्रस्तुत गर्नु पर्ने व्यवस्था रा.वि.से.ले गरेको थियो । यस कार्यक्रमलाई २०३९ सालमा विशेष कार्यक्रमका रूपमा सञ्चालन गर्दै आए पनि पछि यसलाई विधिवत् रूपमा स्थगित गरियो । यसरी रा.वि.से.कार्यक्रमअन्तर्गत तयार पारिएका भिलेज प्रोफाइलहरू त्रि.वि. अनुसन्धान महाशाखामा सुरक्षित छन् । रा.वि.से.कार्यक्रमअन्तर्गत तयार पारिएका भिलेज प्रोफाइलहरूको कूल संख्या ११३०४ वटा रहेका छन् ।

रा.वि.से.अन्तर्गत तयार पारिएको शैक्षिक कार्यक्रममा तय गरिएका उच्च-शिक्षाका तहगत उद्देश्यहरू निम्नअनुसार रहेका थिए ।[१६]

(१) प्रमाणपत्र तह - निम्नस्तरीय जनशक्ति तयार गर्ने ।

(२) स्नातक तह - मध्यमस्तरीय जनशक्ति तयार गर्ने ।

(३) स्नातकोत्तर तह - उच्चस्तरीय जनशक्ति तयार गर्ने ।

(४) अनुसन्धान तह - विशिष्ट तहको जनशक्ति तयार गर्ने ।

रा.वि.से.अन्तर्गत तयार पारिएको शैक्षिक कार्यक्रमले शिक्षाको गुणस्तरमा सुधार ल्याउनुका साथै शिक्षालाई व्यवस्थित पनि पारेको थियो । शिक्षक तथा प्रध्यापकहरू-लाई योग्य, सक्षम र उनीहरूको बौद्धिक स्तरमा अभिवृद्धि गरी अद्यावधिक तुल्याउन तालिम, गोष्ठी कार्यशाला आदिको सञ्चालन गरेको थियो । व्यवस्थित तथा वैज्ञानिक पाठ्यक्रम तर्जुमा, शिक्षक विद्यार्थीको अनुपात निर्धारण, प्रत्येक तहमा प्रवेश परीक्षाको निर्धारण गर्नुका साथै मूल्याङ्कन पद्धतिमा पनि सुधार गरी त्रि.वि.को शैक्षिक

१६ ऐजन, पृ. १४ ।

गुणस्तरमा अभिवृद्धि गरेको देखिन्छ । परीक्षालाई मूल्याङ्कनको अभिन्न अङ्ग मानी परीक्षाप्रणालीमा विकेन्द्रीकरण गरी ६ महिने सेमेस्टर परीक्षाप्रणाली लागू गरिएको थियो ।

रा.शि.प.यो.को कार्यक्रम सुरु भएपछि वि.सं. २०३२ सालमा यसको मध्यावधि मूल्याङ्क भएको थियो । मध्यावधि मूल्याङ्कनका आधारमा वि.सं. २०३३ सालमा त्रि.वि ऐनमा सुधार गरिएको थियो । यसपछि  रा.शि.प.यो.को कार्यक्रमको पूर्णावधि मूल्याङ्कन वि.सं. २०३६ सालमा गरिएको थियो । रा.शि.प.यो.को कार्यक्रमको पूर्णावधि मूल्याङ्कन-सँगै त्रि.वि.को उच्चशिक्षामा देखिएका कमीकमजोरीहरू तथा विसङ्गतिहरूलाई कम गर्न विभिन्न सुझावहरू प्रस्तुत गरिएका थिए । जसमा शिक्षा योजनालाई सामाजिक मागमा केन्द्रित गर्नुपर्ने, सेमेस्टर परीक्षाप्रणालीका सट्टामा वार्षिक परीक्षाप्रणाली अँगाल्नु पर्ने, त्रि.वि.अन्तर्गत सञ्चालित प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहलाई अन्तराष्ट्रिय मान्यता दिलाउनुपर्ने जस्ता महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरिएका थिए ।

यसरी त्रिभुवन विश्वविद्यालयको विकास र विस्तारको दोस्रो चरण अर्थात् वि.सं.२०२८ सालदेखि  वि.सं.२०३९ सालसम्मको अवधिमा शिक्षाका क्षेत्रमा थुप्रै नयाँ तथा राम्रा कामहरू भएका देखिन्छन् । यस अवधिसम्ममा त्रि.वि.अन्तर्गत सञ्चालित क्याम्पसहरूको संख्यामा वृद्धि भई सरकारी क्षेत्रबाट सञ्चालित ६५ वटा र निजी क्षेत्रबाट सञ्चालित ३८ वटा क्याम्पसहरू पुगेका देखिन्छन् । यस्तै १० वटा अध्ययन-संस्थानहरू र ४ वटा अनुसन्धान केन्द्रहरू पनि यसै अवधिमा सञ्चालनमा आएको देखिन्छ । यस चरणमा त्रिभुवन विश्वविद्यालयको विकास र विस्तार निम्नप्रकारले भएको देखिन्छ :

विषयगत विविधीकरण तथा विशिष्टीकरणका रूपमा, तहगत वृद्धिका रूपमा, क्याम्पसहरूको सङ्ख्यात्मक तथा स्तर वृद्धिका रूपमा, क्षेत्रगत विस्तारका रूपमा तथा शैक्षिक अध्ययन-अध्यापन र अनुसन्धानको गुणस्तरमा वृद्धि र अन्य नवीन शैक्षिक कार्यक्रमहरूको स्थापना र विकासका दृष्टिले यो चरण सफल र महत्त्वपूर्ण बनेको देखिन्छ ।

## उपसंहार

नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापनापूर्व विभिन्न किसिमका उच्चशिक्षा संस्थाहरूको स्थापना भई विभिन्न तह र विषयहरूको अध्ययन-अध्यापन हुँदै आएको भए पनि ती उच्चशिक्षा संस्थाहरू स्वतन्त्र भने थिएनन् । ती उच्चशिक्षा संस्थाहरू भारतका विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्धन लिएका र तिनीहरूकै पठनपाठन तथा पाठ्यक्रमलाई आधार मानेर अध्ययन-अध्यापन गराएका थिए । त्रिभुवन विश्वविद्यालयको स्थापनापछि मात्र नेपालमा उच्चशिक्षाको स्वतन्त्र र औपचारीक रूपमा सुरुआत भएको मान्न सकिन्छ ।

नेपालमा शिक्षाको विकासलाई मूलतः दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ । जुन यसप्रकार छन् :

(१) परम्परागत शिक्षा

(२) आधुनिक शिक्षा

परम्परागत शिक्षा भन्नाले वि.सं. १९१० को दरवार स्कूल स्थापना हुनुभन्दा अगाडिको नेपालको शिक्षा परम्परालाई बुझाउँछ भने यस अवधिमा नेपालको शिक्षा धर्म संस्कृतिबाट अनुप्राणित रहेको देखिन्छ । यस बेलाको शिक्षालाई पनि विभिन्न धर्म-संस्कृतिअनुसार विभिन्न भागमा वर्गीकरण गरेको देखिन्छ । यस समयका प्रमुख धर्म र यसबाट अनुप्राणित शिक्षामा वैदिकधर्म र यसबाट अनुप्राणित शिक्षा तथा बुद्धधर्म र यसबाट अनुप्राणित शिक्षा प्रमुख रहेका देखिन्छन् । परम्परागत शिक्षामा नेपालको प्राथमिककालीन र माध्यमिककालीन शिक्षा पर्दछ । परम्परागत शिक्षा-को समयमा संस्कृत भाषाको बोलवाला रहेको देखिन्छ ।

नेपालमा आधुनिक शिक्षाको सुरुआत १९१० मा स्थापना भएको दरबार स्कूल-बाट भएको हो । त्यस्तै १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भएपछि उच्चशिक्षाको आरम्भ भयो । यसै पृष्ठभूमिमा २०१६ सालमा नेपालमा आफ्नै स्वतन्त्र तथा पहिलो विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो । यसको आरम्भ २०१६ देखि २०३९ सालसमको करिव २३ वर्षको अवधिमा भएको विकास र विस्तार

निकै द्रुत गतिमा भएको देखिन्छ । यो अवधिमा नेपालमा सरकारी क्षेत्रबाट ६५ वटा निजी क्षेत्रबाट ३८ वटा कलेजहरू तथा १० वटा अध्ययन-संस्थानहरू र ४ वटा अनुसन्धान केन्द्रहरू स्थापना भई सञ्चालन भएको देखिन्छ । ती उच्चशिक्षा संस्थाहरू नेपालका १४ अञ्चलमा नै स्थापना भएको र तिनीहरूको विषयगत विविधिकरण, तहगत वृद्धि तथा सङ्ख्यात्मक र गुणात्मक सबै क्षेत्रमा प्रगति भएको देखिन्छ ।

# तेस्रो परिच्छेद

## त्रि.वि.को नेपाली भाषासाहित्यसम्बन्धी पाठ्यक्रम र पठन-पाठनको तहगत स्थिति

### ३.१ पृष्ठभूमि

त्रि.वि.को स्थापनापूर्व (वि.सं. २०१६ भन्दा पहिले) पनि नेपाली भाषा-साहित्यको पठन-पाठन नभएको होइन । कलकत्ता विश्वविद्यालयले वि.सं. १९७५ देखि नेपाली भाषालाई मान्यता दिई पठनपाठन सुरु गरेको थियो ।[१७] त्यस्तै पटना, इलाहाबाद र वाराणसेय, विश्वविद्यालयले पनि संस्कृत र नेपाली विषयको पठनपाठन गराउँदै आएका थिए । नेपालमा कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन लिई त्रि-चन्द्र कलेजको वि.सं. १९७५ सालमा स्थापना भई सोही वर्षको भदौ २७ गतेदेखि नै नेपाली विषयको पठनपाठन आरम्भ भएको देखिन्छ ।[१८]

त्रि.वि.को स्थापनापूर्व नेपालमा २५ वटा उच्चशिक्षा संस्थाहरू स्थापना भई तिनीहरूले उच्चशिक्षा प्रदान गर्न थालेका थिए । ती मध्ये केहीले नेपाली भाषा-साहित्यको पाठ्यक्रम तयार पारी पठन-पाठन गराएको देखिए तापनि स्वतन्त्र रूपमा पाठ्यक्रम तयार गरी पठनपाठन गर्ने स्थिति सृजना भएको थिएन । तिनीहरूले भारतका विभिन्न विश्वविद्यालयसँग सम्बन्धन लिएर मात्र पाठ्यक्रम तयार पार्ने र पठनपाठन कार्य गराउन सक्थे ।

त्यसैले त्रि.वि. स्थापनापूर्व पनि नेपाली विषयको पाठ्यक्रम र पठनपाठन भएको देखिए तापनि त्रि.वि. नै त्यो पहिलो विश्वविद्यालय हो, जसले आफ्नो स्थापना-सँगै आइ.ए. तहदेखि एम.ए. तहसम्म विभिन्न विषयका साथै नेपाली विषयको पनि पाठ्यक्रम तयार पारी पठनपाठन प्रक्रिया आरम्भ गऱ्यो ।

---

१७ प्रा. ठाकुरप्रसाद पराजुलीबाट प्राप्त जानकारी ।

१८ ऐजन ।

आइ.ए. र बी.ए तहमा नेपाली विषयको पाठयक्रम र पठनपाठन त्रि.वि. स्थापनापूर्व नै हुन थालेको देखिए पनि एम.ए. तहको पाठयक्रम र पठनपाठन भने त्रि.वि. स्थापनासँगै भएको हो । त्रि.वि.ले नेपाली भाषा-साहित्यसम्बन्धी पाठ्यक्रम तयार गर्नुअगिको नेपाली विषयको पाठ्यक्रम नेपाली विद्वान्हरूद्वारा नै तयार पारिएको थियो तर त्यी पाठयक्रमहरू विषयवस्तुको गहिराइसम्म पुग्न सकेका थिएनन् र ती केवल परिचयात्मक मात्र थिए ।[१९]

त्रि.वि.को स्थापनासँगै नेपाली विषयको पाठ्यक्रम र पठन-पाठन आई.ए. तहदेखि एम.ए. तहसम्म सुरु भएको हो । यस परिच्छेदमा त्रि.वि.को स्थापना कालदेखि २०३७ सालसम्मको नेपाली विषयका पाठ्यक्रमहरूको विवरण प्रस्तुत गरिएको छ । प्रथमतः २०१६ सालमा त्रि.वि.को पाठ्यक्रम तयार पारिएको थियो । जुन पाठ्यक्रम केही परिष्कार र परिमार्जनसहित वि.सं. २०२८ सालसम्म र २०२८ सालमा तयार पारिएको पाठ्यक्रम केही परिष्कार परिमार्जनसहित २०३७ सालसम्म चलेचलाएको देखिन्छ । त्यसैले यहाँ त्रि.वि.को स्थापना २०१६ देखि २०३७ सालसम्मका अवधिमा तयार पारिएका आइ.ए.देखि एम.ए.तहसम्मका नेपाली विषयका पाठ्यक्रमहरू कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.२ त्रि.वि.को आइ.ए.तहको नेपाली विषयको पाठ्यक्रम र पठन-पाठनको कालक्रमिक स्थिति

त्रि.वि.ले आफ्नो स्थापनाकाल २०१६ सालदेखि नै आइ.ए. तहको पाठ्यक्रम तयार पारी पठनपाठन आरम्भ गरेको हो । त्रि.वि.ले २०१६ सालमा नेपाली विषयको पाठ्यक्रम स्वतन्त्र रूपमा निर्माण गरेको भनिए पनि यसमा केही मात्रामा पटना र कलकत्ता विश्वविद्यालयले तयार पारेको नेपाली विषयको पाठ्यक्रमको प्रभाव परेको देखिन्छ । त्रि.वि.को उक्त पाठ्यक्रम अनुसार आइ.ए. तह द्विवार्षिक शैक्षिक सत्रको हुन्थ्यो र उक्त पाठ्यक्रममा नेपाली विषयलाई अनिवार्य र प्रधान (as Principal subject) विषयका रूपमा विभाजन गरेको देखिन्छ । अनिवार्य नेपाली सबै सङ्कायमा

---

१९ ऐजन ।

र प्रधान नेपाली  मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा मात्र पठनपाठन गराएको देखिन्छ । सन् १९६२ (वि.सं. २०१८/१९) सालमा त्रि.वि.ले तयार पारेको पाठ्यक्रम-लाई आधार मान्दा सुरुको त्रि.वि.ले नेपाली विषयको लागि तयार पारेको आइ.ए. तहको पाठ्यक्रमको विवरण यसप्रकार रहेको थियो :

### ३.२.१ आइ.ए. तहको नेपाली विषयको सुरुको पाठ्यक्रम

सुरुको आइ.ए.को नेपाली विषयको पाठ्यक्रमलाई अनिवार्य र प्रधान नेपाली गरी दुई भागमा बाँडिएको देखिन्छ । अनिवार्य नेपालीका लागि पूर्णाङ्क १५० राखिएको थियो भने त्यसलाई २ पत्रमा विभाजन गरिएको थियो । प्रथम पत्र ५० अङ्क र द्वितीय पत्र १०० अङ्कको रहेको थियो । प्रधान नेपालीका लागि पूर्णाङ्क २०० राखिएको थियो भने त्यसलाई २ पत्रमा विभाजन गरिएको थियो । प्रथम पत्र १०० अङ्क र द्वितीय पत्र पनि १०० अङ्कको रहेको थियो । [२०]

#### १) अनिवार्य नेपाली विषयको पाठ्यक्रम

**प्रथम पत्र**

यस पत्रको शीर्षक 'नेपाली रचनापत्र' रहेको थियो भने यस पत्रको पूर्णाङ्क ५० रहेको थियो । यस पत्रका लागि पाठ्यांश तथा अङ्कविभाजन निम्नानुसार गरिएको देखिन्छ :

| | | |
|---|---|---|
| पाठ | - | २० अङ्क |
| निबन्ध | - | २० अङ्क |
| व्याकरण | - | १० अङ्क |
| जम्मा | - | ५० अङ्क |

यस पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारित गरिएका थिए:

---

२० T.U., **Courses of Study for I.A.,** (Kathmandu: T.U., 1962), पृ. २ ।

| | | | |
|---|---|---|---|
| १. | भीमनिधि तिवारी | - | सामाजिक कहानी |
| २. | विजयबहादुर मल्ल | - | कोही किन बरबाद होस् |
| ३. | पुष्कर शमशेर | - | नेपाली सजिलो व्याकरण |

**द्वितीय पत्र**

यस पत्रको शीर्षक पनि नेपाली रचनापत्र रहेको थियो भने यस पत्रका निम्ति पूर्णाङ्क १०० निर्धारण गरिएको थियो । यस पत्रका लागि अङ्कविभाजन निम्नानुसार गरिएको देखिन्छ :

| | | |
|---|---|---|
| अङ्ग्रेजीबाट नेपाली अनुवाद | - | २० अङ्क |
| नेपाली निबन्ध | - | ३० अङ्क |
| व्याकरण | - | २० अङ्क |
| वैकल्पिक प्रश्न | - | ३० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारित गरिएका थिए:

| | | | |
|---|---|---|---|
| १) | बालकृष्ण सम | - | मुकुन्द इन्दिरा |
| २) | बदरीनाथ भट्टराई | - | नेपाली ऐतिहासिक कहानी |
| ३) | भीमनिधि तिवारी | - | पन्ध्र प्रबन्ध |
| ४) | लीलबहादुर क्षेत्री | - | बसाइँ |
| ५) | पुष्कर समसेर | - | नेपाली सजिलो व्याकरण |

## २) प्रधान नेपाली विषयको पाठ्यक्रम

प्रधान नेपाली विषयको पूर्णाङ्क २०० निर्धारित गरिएको थियो र यस विषयलाई २ पत्रमा विभाजन गरिएको थियो, जुन निम्नअनुसार रहेका थिए :[२१]

| | | |
|---|---|---|
| प्रथमपत्र | - | १०० अङ्क |
| द्वितीयपत्र | - | १०० अङ्क |

**प्रथम पत्र**

यस पत्रको पूर्णाङ्क १०० रहेको थियो । यसको पाठ्यविभाजन र अङ्कविभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| पद्य | - | ७० अङ्क |
| व्याकरण | - | १० अङ्क |
| उखान-टुक्का | - | १० अङ्क |
| अदृष्टांश | - | १० अङ्क |
| जम्मा | - | १०० अङ्क |

प्रधान नेपाली विषयको प्रथम पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए :

| | | |
|---|---|---|
| १) ने.भा.प्र. स. | - | पद्यसङ्ग्रह भाग-२ |
| २) लक्ष्मीप्रसाद देवकोटा | - | भिखारी |
| ३) जगतबहादुरसिंह बूढाथोकी | - | पृथ्वीनारायण शाह |

---

२१ ऐजन, पृ. ४ ।

४) गोपाल पाण्डे - रचनाकेशर (दोस्रो भाग मात्र)

५) सोमनाथ शर्मा - मध्यचन्द्रिका

**द्वितीय पत्र**

यस पत्रका निम्ति पनि पूर्णाङ्क १०० निर्धारण गरिएको थियो । यस पत्रको पाठ्यविषय र अङ्कविभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| गद्य | - | ६० अङ्क |
| संस्कृत | - | १५ अङ्क |
| नेपाली साहित्यको इतिहास | - | १५ अङ्क |
| अदृष्टांश | - | १० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रका निम्ति निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए :

१) ने.भा.प्र.स. - गद्यसंग्रह (भाग दुई)

२) गोपालप्रसाद रिमाल - मसान

३) रुद्रराज पाण्डे - प्रायश्चित्त

४) ने.भा.प्र.सं. - संक्षिप्त रामायण

५) डिल्लीराम तिमिल्सिना र माधव भण्डारी - हाम्रोसाहित्य र साहित्यकार

६) हितोपदेश - मित्रलाभमात्र

त्रि.वि.अन्तर्गत आइ.ए. तहको नेपाली विषयको यस पाठ्यक्रममा तहगत उद्देश्यहरूको स्पष्ट व्याख्या गरिएको पाइँदैन । यस पाठ्यक्रममा आन्तरिक मूल्याङ्कन परीक्षाका निम्ति २० प्रतिशत र बाह्य परीक्षाका निम्ति ८० प्रतिशत रहने व्यवस्था

कायम गरिएको थियो । यस पाठ्यक्रमलाई बेला-बेलामा परिष्कार र परिमार्जन गर्दै वि.सं. २०२८ अर्थात् राष्ट्रिय शिक्षापद्धतिको योजना लागू नहुँदासम्म कायम राखेको देखिन्छ ।

त्रि.वि.को स्थापना २०१६ सालमा भएको र त्रि.वि.ले आफ्नो स्थापना कालदेखि नै नेपाली भाषा-साहित्यको पाठ्यक्रम तयार पारी पठनपाठन गर्दै आएको छ । उक्त सुरुको समयमा तयार पारेको पाठ्यक्रम उपलब्ध हुन नसकेकोले सन् १९६२ तदअनुसार वि.सं २०१९ सालको पाठ्यक्रमलाई यहाँ सुरुको पाठ्यक्रम भनिएको छ । यस पाठ्यक्रममा तहगत र विषयगत उद्देश्यहरू निर्धारण गरेको पाइँदैन तर पनि यस पाठ्यक्रमले नेपाली भाषा र साहित्यका विविध विधाहरूलाई समेट्न खोजेको देखिन्छ । साहित्यतर्फ गद्य र पद्य दुवैथरी विधालाई समेटेको र विधागत हिसाबले पनि सबै विधा उप-विधाहरूलाई महत्त्व दिएको कुरा यो पाठ्यक्रमलाई हेर्दा स्पष्ट हुन्छ । यही पाठ्यक्रम पटक-पटक परिष्कार र परिमार्जन गर्दै २०२८ सालसम्म कायम राखेको देखिन्छ ।

### ३.२.२ राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले तयार पारेको प्रमाणपत्र तहको नेपाली विषयको पाठ्यक्रम

२०२८ सालदेखि नेपालको शिक्षा पद्धतिमा आमूल परिवर्तन गर्ने उद्देश्यले राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरियो । त्यतिखेर राष्ट्रिय शिक्षा पद्धतिको योजनाले कायम गरेको नेपाली विषयको पाठ्यक्रम पहिलेको पाठ्यक्रमभन्दा नयाँ र व्यवस्थित रहेको देखिन्छ । यस पाठ्यक्रममा तहगत र विषयगत उद्देश्यको समेत व्याख्या गरिएको थियो भने यसभन्दा पहिलाको पाठ्यक्रममा यी कुराहरू उल्लेख भएको पाइँदैन । राष्ट्रिय शिक्षा पद्धतिको योजना वि.सं. २०२८ सालदेखि सुरु भए तापनि यहाँ वि.सं. २०२९ सालको पाठ्यक्रमका आधारमा उक्त पाठ्यक्रमको चर्चा गरिएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले वार्षिक शिक्षाप्रणालीलाई खारेज गरी सेमेस्टर प्रणाली कायम गरेको थियो । यसअनुसार हरेक शैक्षिक सत्रका हिउँदे र बर्खे गरी

दुई सत्र कायम गरेको देखिन्छ हरेक शैक्षिक तहको निम्ति ४/४ सेमेष्टर निर्धारित गरिएका थिए । उक्त ४ सेमेस्टरमा मानविकी तथा सामाजिकशास्त्र सङ्कायका प्रमाणपत्र तहमा पढाइ हुने विषयहरूलाई निम्न चार तहमा विभाजन गरी तिनको अङ्क भार निर्धारण गरिएको देखिन्छ । [२२]

| | | | |
|---|---|---|---|
| अनिवार्य क्षेत्र | - | ३० | क्रेडिट |
| मूल क्षेत्र | - | ३० | क्रेडिट |
| सहायक क्षेत्र | - | ३० | क्रेडिट |
| ऐच्छिक क्षेत्र | - | १० | क्रेडिट |
| जम्मा | - | १०० | क्रेडिट |

यसरी २०२८ सालमा तयार पारिएको नयाँ पाठ्यक्रममा यसअघिको पाठ्यक्रममा भन्दा धेरै नयाँ कुराहरू थपिएको पाइन्छ । यस क्रममा प्रत्येक शैक्षिक सत्रका निम्ति निर्धारित पाठ्यक्रम, उद्देश्यहरू स्पष्ट पारी प्रत्येक विषयको लागि सङ्केताङ्कहरूको व्यवस्था गरिरहको थियो र मूल्याङ्कनको तरिकामा पनि परिवर्तन गर्ने र त्यसलाई व्यवस्थित गर्ने प्रयास भएको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तयार पारेको नेपाली विषयको पाठ्यक्रम-अन्तर्गत अनिवार्य र मूल नेपाली विषय निर्धारित गरिएका थिए । त्यतिखेर अनिवार्य र मूल नेपाली विषयको पाठ्यक्रमको ढाँचा यसप्रकार रहेको थियो :

### १. अनिवार्य नेपालीको पाठ्यक्रम

यस पाठ्यक्रममा तहगत र विषयगत उद्देश्यहरू किटान गरिएको थियो । उद्देश्यपूर्तिका लागि विभिन्न क्रेडिट आवर्स र ती क्रेडिट आर्वसमा पढ्नु पर्ने पाठ्यवस्तु, सहायक पुस्तक र सन्दर्भ पुस्तकहरूको पनि व्यवस्था गरिएको थियो ।

---

[२२] T.U.,**Course of Study for I.A.,** (Pokhara: T.U. 2029), पृ. २ ।

तर तिनलाई अलग-अलग छुट्याएर दिइएको थिएन । केवल पाठ्यसामग्री भनेर प्रस्तुत गरिएको थियो । अनिवार्य नेपाली विषयको पाठ्यक्रमा उद्देश्यहरू यसरी उल्लेख गरिएका थिए :

- विद्यार्थीहरूलाई शुद्ध रूपमा राष्ट्रभाषा नेपालीको प्रयोग गर्न सक्ने तुल्याउनु,
- विद्यार्थीहरूलाई उनीहरूले जानेका सुनेका र देखेका कुरालाई नेपाली भाषामा अभिव्यक्त गर्न सक्ने तुल्याउनु,
- विद्यार्थीलाई सुयोग्य नागरिक बन्नका निम्ति सहायक प्रदान गर्नु ।

उपर्युक्त उद्देश्यहरूको परिपूर्तिका लागि जम्मा ९ क्रेडिट आवर्सको पाठ्यांश पढ्नुपर्ने व्यवस्था गरिएको थियो । यसका निम्ति पाठ्यक्रममा नेप. १०१ देखि नेप. १०३ सङ्केताङकसम्मका ९ क्रेडिट आवर्सको पाठ्यक्रम निर्धारण गरिएको थियो । प्रथम, द्वितीय र तृतीय सत्रमा क्रमशः पाठ्यांश संख्या १०१, १०२ र १०३ को पढाइ हुने व्यवस्था गरिएको थियो । जस्तैः

नेप. १०१ - नेपाली शब्द र वर्णविन्यास ३ क्रेडिट

नेप. १०२ - नेपाली वाक्यरचना ३ क्रेडिट

नेप. १०३ - नेपाली अभिव्यक्ति प्रणाली ३ क्रेडिट

उपर्युक्त पाठ्यवस्तुको पठन-पाठनका निम्ति निम्नानुसारका पाठ्यसामग्री (नेप. १०१, १०२ र १०३ का निम्ति) प्रस्तुत गरिएका थिए:

१) सोमनाथ शर्मा - मध्यचन्द्रिका

२) हर्षनाथ शर्मा - अनिवार्य नेपाली रचना

३) तुलसीप्रसाद ढुङ्ग्याल - नेपाली रचनाशिल्प

४) गुरुप्रसाद मैनाली - नासो

५) चक्रपाणि चालिसे - सङ्क्षिप्त रामायण

६) बदरीनाथ भट्टराई - पौराणिक कहानी

७) गोरखापत्र (शनिवारीय परिशिष्टाङ्क चालू सत्रका)

८) विष्णुगोपाल र शिवगोपाल रिसाल - नेपाली भाषा र व्याकरण

९) कृष्णप्रसाद पराजुली - राम्रो रचना र मीठो नेपाली

१०) बालकृष्ण सम - म

११) गोपाल पाण्डे - रचनाकेशर

१२) भीमनिधि तिवारी - पन्ध्रप्रबन्ध

१३) कुमारबहादुर जोशी - सञ्चयन

१४) बालकृष्ण पोखरेल - कलेज स्तरका निबन्धै निबन्ध

१५) ताराप्रसाद जोशी - नेपाली कथासङ्ग्रह

१६) लीलबहादुर छेत्री - बसाइँ

१७) लैनसिंह बाङ्देल - माइतीघर

१८) हृदयचन्द्रसिंह प्रधान - जुँगा

१९) भेषराज शर्मा - के कस्तो

२०) भीमनिधि तिवारी - शिलान्यास ।

यस पाठ्यक्रममा नेप. १०१ ले नेपाली भाषालाई नेप. १०२ ले वाक्य रचनालाई र नेप. १०३ ले अभिव्यक्ति रचनालाई समेटेको देखिन्छ । यस पाठ्यक्रममा पाठ्यसामग्रीलाई पाठ्यसामग्री भनेर मात्र दिइएको छ कुन-कुन पत्रका लागि कुन-कुन

पुस्तकलाई, पाठ्यपुस्तक, सहायक पुस्तक र सन्दर्भ पुस्तक निर्धारित गरिएका हुन् भनी स्पष्ट पारिएको छैन ।

यस पाठ्यक्रमले अनिवार्य नेपालीअन्तर्गत नेपाली भाषा-व्याकरण र साहित्य दुवैलाई समेट्न खोजेको देखिन्छ ।

## २. मूल नेपालीको पाठ्यक्रम

राष्ट्रिय शिक्षापद्धतिको योजना (२०२८) ले तयार पारेको मूल नेपालीको पाठ्यक्रमलाई पनि दुई भागमा बाँडेको देखिन्छ, जसमा मूल र सहायक क्षेत्र रहेका थिए । मूल नेपाली विषय लिनेमध्ये सबैले सहायक विषय पढनुपर्ने व्यवस्था गरिएको थियो । मूल नेपाली विषयको पाठ्यक्रममा निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका थिए :

**उद्देश्यहरू**

- नेपाली भाषा-साहित्यसम्बन्धी जानकारी बढाउनु ।
- नेपाली भाषा र साहित्यको अध्ययनार्थ सहायक सामग्रीको सम्बद्ध ज्ञान दिनु ।
- उपयुक्त आधारमा नेपाली भाषाका सूक्ष्म तथा विविध प्रयोगको मर्म बुझ्ने, विवेचना गर्ने र त्यसलाई अभिव्यक्त गर्ने शक्ति बढाउनु ।

मूल नेपालीअन्तर्गत नेप. १०४ देखि नेप. ११२ सङ्केताङ्कका पाठ्यांश निर्धारित थिए ।

मूल नेपाली विषयका निम्न सत्रमा निम्नानुसारका पाठ्यांशहरू राखिएका थिए:

प्रथम सत्र : ७ क्रेडिट आवर्स - नेप. १०४ र १०९

द्वितीय सत्र : ८क्रेडिट आवर्स - नेप् १०५ र १०८

तृतीय सत्र : ७ क्रेडिट आवर्स - नेप. १०६ र ११०

चतुर्थ सत्र : ८ क्रेडिट आवर्स - नेप. १०७, १११ र ११२ ।

यस पाठ्यक्रमले हरेक सङ्केताङ्कका पाठ्यांशहरूको अलग-अलग शीर्षक, उद्देश्य, पाठ्यपुस्तक र सहायक पाठ्यपुस्तक निर्धारित गरेको थियो । जुन निम्नानुसार थिए :

नेप. १०४, यस पाठ्यांशको शीर्षक 'नेपाली भाषा' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषाका भाषिक विशेषताहरूसँग विशेष परिचित गराउनुरहेको थियो ।

यस पाठयांशका निम्ति पाठ्यपुस्तक निर्धारण गरिएको पाइँदैन । तर सहायक पुस्तक भनेर निम्नानुसारका कृतिहरू दिइएको पाइन्छ :

१) बालकृष्ण पोखरेल - राष्ट्रभाषा

२) सोमनाथ शर्मा - मध्यचन्द्रिका

३) पारसमणि प्रधान - भाषा प्रवेश ।

नेप. १०५, यस पाठ्यांशको शीर्षक 'नेपाली फुटकर कविता' रहेको थियो र यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली फुटकर कविताको विकासक्रम र तिनका उपलब्धिहरूसँग अवगत गराउनु रहेको थियो ।

यस पाठयांशका निम्ति पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

१. लक्ष्मीप्रसाद देवकोटा - भिखारी

२. सिद्धिचरण श्रेष्ठ - कोपिला

३. भीमनिधि तिवारी - तितौरा मस्यौरा ।

नेप. १०६, यस पाठ्यांशको शीर्षक 'नेपाली खण्डकाव्य र महाकाव्य' रहेको थियो र यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई प्राचीन र नवीन नेपाली प्रबन्धकाव्यको प्रयोग र स्वरूपसँग परिचित गराउनु रहेको थियो ।

यस पाठयांशका निम्ति पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

१) भानुभक्त - रामायण (बालकाण्ड र अयोध्याकाण्ड)

२) माधव घिमिरे - राष्ट्रनिर्माता

३) अगमसिंह गिरी - युद्ध र योद्धा

४) लक्ष्मीप्रसाद देवकोटा - म्हेन्दू ।

नेप. १०७, यस पाठ्यांशको शीर्षक 'नेपाली निबन्ध' रहेको थियो भने यसको मूल उद्देश्य विद्यार्थीहरूलाई सरल नेपाली गद्यद्वारा आत्माभिव्यक्तिसँग परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका निम्ति पाठ्यपुस्तकहरू निम्नानुसार निर्धारण गरिएका थिए :

बाबुराम आचार्य, बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, पारसमणि, रामकृष्ण शर्मा, यदुनाथ खनाल, लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, तानाशर्मा भैरव आर्याल, कृष्णचन्द्रसिंह प्रधान र रत्नध्वज जोशीका निबन्धहरू ।

नेप. १०८, यस पाठ्यांशको शीर्षक 'नेपाली कथा' रहेको थियो र यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई सरल नेपाली भाषाका माध्यमले नेपाली जीवनका प्रमुख कथा र कथाकारहरूसँग परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि पाठ्यपुस्तकहरू निम्नानुसार निर्धारण गरिएका थिए:

१) गोविन्द गोठाले - कथासंग्रह

२) रमेश विकल - नयाँ सडकको गीत

३) प्रमुख नेपाली कथाकारका कथा - नेपाली गद्य संग्रह (भाग २)

४) बालकृष्ण पोखरेल - सोधाइ र जवाफ ।

नेप. १०९, यस पाठ्यांशको शीर्षक 'नेपाली उपन्यास' रहेको थियो र यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई सरल नेपाली भाषाका माध्यमले नेपाली जीवनका प्रमुख उपन्यास र कथाकारहरूसँग परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि पाठ्यपुस्तकहरू निम्नानुसार निर्धारण गरिएका थिए:

| | | |
|---|---|---|
| १) रुद्रराज पाण्डे | - | रूपमती |
| २) हृदयचन्द्रसिंह प्रधान | - | एकचिहान |
| ३) मोहनबहादुर मल्ल | - | समयको हुरी । |

नेप. ११०, यस पाठ्यांशको शीर्षक 'नेपाली नाटक' रहेको थियो भने यसको मूल उद्देश्य विद्यार्थीहरूलाई सरल नेपाली नाटक र एकाङ्कीद्वारा नाट्यकलाको प्रयोगका साथै नेपाली चेतनाको नाट्यकलाको प्रयोगका साथै नेपाली चेतनाको नाट्यात्मक अभिव्यक्तिसँग विद्यार्थीहरूलाई परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि पाठ्यपुस्तकहरू निम्नानुसार निर्धारण गरिएका थिए :

| | | |
|---|---|---|
| १) बालकृष्णसम | - | मुकुन्द इन्दिरा |
| २) भीमनिधि तिवारी | - | चौतारा लक्ष्मीनारायण |
| ३) विजय मल्ल | - | कोही किन बर्बाद होस् |
| ४) लक्ष्मीप्रसाद देवकोटा | - | सावित्री सत्यवान् |
| ५) | - | नेपाली गद्यसंग्रह (भाग-२) । |

नेप. १११, यस पाठ्यांशको शीर्षक 'नेपाली साहित्यको इतिहास' रहेको थियो, भने यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली साहित्यको विकासक्रमको संक्षिप्त जानकारी दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि पाठ्यपुस्तकहरू निम्नानुसार निर्धारण गरिएका थिए :

१) तानाशर्मा - नेपाली साहित्यको ऐतिहासिक परिचय

२) कृष्णप्रसाद पराजुली - प्रन्धतारा र नेपाली साहित्य ।

नेप. ११२, यस पाठ्यांशको शीर्षक 'साहित्य परिचय' रहेको थियो भने यसको मूल उद्देश्य विद्यार्थीहरूलाई साहित्यका तत्त्व र यसका अङ्ग उपाङ्गहरूको प्रारम्भिक परिचय दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यपुस्तक निम्नानुसार थिए:

१) मोहन हिमांशु थापा - साहित्यपरिचय ।

यसरी राष्ट्रिय शिक्षा पद्धतिको योजनाले प्रमाणपत्रतहको मूल नेपाली विषयका लागि व्यवस्थित र विस्तारित रूपमा पाठ्यक्रम तयार पारेको देखिन्छ र यस पाठ्यक्रममा विषयगत, तहगत र पाठ्यांशगत उद्देश्यहरू निर्धारण गरिनुका साथै पाठ्यक्रमलाई विभिन्न पाठ्यांशमा विभाजन गरी नेपाली भाषा र साहित्यका गद्य पद्य सबै विधालाई समेट्ने प्रयास गरेको देखिन्छ ।

### ३.२.३ त्रि.वि.ले २०३७ सालमा तयार पारेको प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रम

राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन सुरु भएको एक दशक पूरा हुँदा नहुँदै नेपालको उच्चशिक्षा नीतिमा पुनः हेरफेर र परिष्कार परिमार्जन गर्ने प्रक्रिया सुरु भएको पाइन्छ । यसै क्रममा २०३७ सालदेखि राशिपयोले थालनी गरेको उच्चशिक्षामा कतिपय नीतिगत एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन गरिएको थियो र यस क्रममा प्रचलित पाठ्यक्रमलाई सामान्य परिमार्जन र पुनः संयोजन गरिएको देखिन्छ । यसरी २०३७ सालमा बनेको पाठ्यक्रमले राष्ट्रिय शिक्षा पद्धतिको योजनाले लागू गरेको सेमेष्टर शिक्षाप्रणालीलाई खारेज गरी पुनः वार्षिक प्रणाली नै कायम गऱ्यो । यो पाठ्यक्रमअनुसार प्रवीणता प्रमाणपत्र तहमा प्रथाम द्वितीय वर्ष गरी द्विवार्षिक अवधिको पाठ्यक्रम तयार गरिएको थियो । यसअनुसार २०३७ सालमा तयार पारिएको मानविकी

तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत प्रवीणता प्रमाणपत्र तहको नेपाली विषयको पाठ्यक्रम निम्नानुसार रहेको देखिन्छ :[२३]

**१. अनिवार्य नेपालीको पाठ्यक्रम**

यस पाठ्यक्रममा तहगत, विषयगत र पाठ्यांशगत उद्देश्यहरू किटान गरिएको थियो, जुन निम्नअनुसार रहेका थिए :

**क) तहगत उद्देश्य**

- निम्न माध्यमिक तहको जनशक्ति उत्पादन गर्नु ।
- राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहका सेवामा काम गर्दा शुद्ध-सँग स्तरीय नेपाली भाषामा बोलचाल, बोध र लेखापढी गर्न सक्नु ।
- पत्रकारिता र छापाखानाका क्षेत्रमा छपाई शुद्धयाउन र काम गर्न सक्नु ।
- निम्नमाध्यमिक तहमा शिक्षकका रूपमा काम गर्दा सम्बन्धित विषय नेपाली भाषाका माध्यमबाट पढाउन सक्ने बनाउनु ।

**ख) विषयगत उद्देश्य**

- माध्यमिक तह पूरा गर्दा पनि बाँकी रहन गएका सामान्य भाषिक त्रुटि र गल्तीहरूको निराकरण गर्ने ।
- आफूले देखेका सुनेका, पढेका र अनुभव गरेका कुरा शुद्धसँग लेख्य र कथ्य नेपाली भाषामा अभिव्यक्ति गर्ने ।
- विभिन्न क्षेत्रमा प्रयुक्त नेपाली भाषालाई राम्ररी बुझ्न र अभिव्यक्त गर्ने ।

---

२३ T.U.,**Courses of Study for I.A.,** (Pokhara: T.U. 2037), पृ. २ ।

वि.सं. २०३७ सालमा त्रि.वि.ले तयार पारेको प्रवीणता प्रंमाणपत्र तहको पाठ्य-क्रमको सामान्य रूपरेखा निम्नलिखित अनुसार रहेको थियो :

| | | |
|---|---|---|
| विषय | : | अनिवार्य नेपाली |
| पूर्णाङ्क | : | १०० |
| तह | : | प्रवीणता प्रमाणपत्र |
| पत्र | : | प्रथम |
| पाठ्यांशको सङ्केताङ्क | : | १७१ र १७२ |
| नेप. १७१ नेपाली व्याकरण | : | ४० अङ्क |
| नेप. १७१ नेपाली अभिव्यक्ति | : | ४० अङ्क |
| जम्मा | : | १०० अङ्क |

यो पाठ्यक्रम प्रवीणता प्रमाणपत्र तहमा प्रथम पत्रको रूपमा प्रथमवर्षमा अध्ययन गराउने प्रयोजनका लागि तयार गरिएको थियो । यस पाठ्यक्रममा पाठघण्टा-को पनि निर्धारण गएिको छ । यसअनुसार अनिवार्य नेपालीका लागि प्रतिहप्ता ५ पाठघण्टा र शैक्षिक वर्षभरिका लागि जम्मा १५० कक्षाघण्टा अध्यापन गराउनु पर्ने व्यवस्था गरिएको थियो ।

**२. विशेष नेपालीको पाठ्यक्रम**

यो पाठ्यक्रम प्रवीणता प्रमाणपत्र तहको दोस्रो वर्षको निम्ति निर्धारित गरिएको थियो र यसमा निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका थिए :

**उद्देश्यहरू**

- नेपाली साहित्यिक र साहित्येत्तर सामग्री पढ्ने र बोध गर्ने,

- उपर्युक्त बोधबाट विश्लेषणात्मक, विवेचनात्मक र समीक्षात्मक ढङ्गले समेत अभिव्यक्त गर्ने,
- मौखिक र लेख्य अभिव्यक्तिका क्रममा उखान-टुक्काको प्रयोग गर्ने,
- स्तरीय मौखिक अभिव्यक्तिका क्रममा सहायक विभिन्न लेख्यसीप प्राप्त गर्ने ।

२०३७ सालमा त्रि.वि.ले तयार पारेको प्रवीणता प्रमाणपत्रतहको विशेष नेपालीको पाठ्यक्रमको रूपरेखा निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| विषय | : | विशेष नेपाली |
| तह | : | प्रवीणता प्रमाणपत्र |
| पूर्णाङ्क | : | ५० |
| पत्र | : | द्वितीय |
| पाठयांशको सङ्केताङ्क | : | २७१ |

यसको एकाइ विभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| विशिष्ट बोध | : | १० अङ्क |
| मौखिक अभिव्यक्ति | : | १५ अङ्क |
| कृति विश्लेषण र समीक्षा | : | २५ अङ्क |
| जम्मा | : | ५० अङ्क |

यस पाठ्यक्रममा भाषा र साहितय दुवैलाई महत्त्व दिएको भए पनि रा.शि.प.यो.को पाठ्यक्रममा जस्तो साहित्यका सबै विधा र क्षेत्रलाई समेटेको देखिँदैन । यस पाठ्यक्रममा मौखिक र लेख्य दुवै अभिव्यक्तिलाई सुदृढ तुल्याउन खोज्नु र आफूले पढेका साहित्यका कृतिहरूलाई समीक्षा गर्न सिकाउन खोज्नु, यस पाठ्यक्रमको

विशेषता रहेको पाइन्छ । यस पत्रका निम्ति पनि पाठ्यक्रममा पाठघण्टा र कक्षाघण्टाको निर्धारण गरिएको देखिन्छ ।  २०३७ सालसम्म आइपुग्दा त्रि.वि.ले पटक पटक पाठ्यक्रमको परिष्कार र परिमार्जन गर्ने क्रममा नेपाली विषयको पाठ्यक्रममा पनि परिष्कार र परिमार्जन गर्दै आएको देखिन्छ । २०३७ सालसम्म आइपुग्दा त्रि.वि.ले खास गरी तीनपटक पाठ्यक्रममा परिवर्तन गरको पाइयो र ती तीनपटक पाठ्यक्रम यहाँ प्रस्तुत गरिएका छन् । यस क्रममा त्रि.वि.ले तयार गरेको आइ.ए. तहको नेपाली विषयको पाठ्यक्रममध्ये सुरुको पाठ्यक्रम, रा.शि.प.यो ले तयार पारेको पाठ्यक्रम र २०३७ सालमा तयार पारेको पाठ्यक्रमलाई तुलनात्मक रूपमा हेर्दा रा.शि.प.यो.ले तयार पारेको पाठ्यक्रम नै उत्कृष्ट देखिन्छ ।

## ३.३ त्रि.वि.को बी.ए. तहको नेपाली विषयको पाठ्यक्रम र पठनपाठनको कालक्रमिक स्थिति

त्रि.वि.अन्तर्गत बी.ए.तहको नेपाली विषयको पाठ्यक्रम पनि त्रि.वि. स्थापनासँगै तयार पारी पठन-पाठन प्रारम्भ गरिएको थियो । यो पाठ्यक्रम पनि सुरुमा भारतका केही विश्वविद्यालयमा पठनपाठन गराउने पाठ्यक्रमसँग केही मात्रामा मिल्दोजुल्दो थियो ।

त्रि.वि.ले बी.ए. तहका लागि सबभन्दा पहिले वि.सं. २०१६ सालमा पाठ्यक्रम निर्धारण गरेको थियो । उक्त पाठ्यक्रम उपलब्ध नभएकोले यहाँ २०१९ सालको पाठ्यक्रमलाई नै पहिलो पाठ्यक्रमका रूपमा प्रस्तुत गरिएको छ । बी.ए. तहको पाठ्यक्रम पनि पटक-पटक परिष्कार र परिमार्जन हुँदै आएको छ । तापनि मूल रूपमा सुरुको पाठ्यक्रम २०२८ सालसम्म चलेको र २०२८ मा राशिपयो कार्यान्वयन थालिएपछि त्यसमा परिवर्तन भएको थियो । राशिपयोले तयार पारेको पाठ्यक्रम पनि २०३७ सालसम्म चलेको र २०३७ सालमा पुनः पाठ्यक्रममा परिवर्तन गरिएको थियो । त्यसैले यस शोधपत्रमा  उपर्युक्त तीन पटकका पाठ्यक्रम बारे विवेचना गरिएको छ ।

### ३.३.१ बी.ए. तहको नेपाली विषयको सुरुको पाठ्यक्रम

त्रि.वि.को स्थापना २०१६ सालमा नै भएको हो तापनि यस परिच्छेदमा २०१९ सालको पाठ्यक्रमलाई सुरुको पाठ्यक्रमका रूपमा मानेर चर्चा गरिएको छ । उक्त पाठ्यक्रमअनुसार बी.ए.मा १०० अङ्कको अनिवार्य नेपालीको एक पत्र रहेको थियो भने प्रधान नेपालीका तीन पत्र रहेका थिए, जुन निम्नानुसार थिए : [२४]

#### १) अनिवार्य नेपालीको पाठ्यक्रम

यस पाठ्यक्रममा नत तहगत उद्देश्य किटान गएिका छ नत विषयगत उद्देश्य नै । बी.ए.को अनिवार्य नेपालीको पाठ्यक्रमको विभाजन चाहिं यसरी गरिएको थियो :

| | | |
|---|---|---|
| अनिवार्य नेपाली रचना | : | ५० अङ्क |
| नेपाली विशिष्ट अध्ययन | : | ५० अङ्क |

अनिवार्य नेपाली रचनाको पाठ्यवस्तु र अङ्कविभाजन निम्नप्रकारले गरिएको थियो:

| | | |
|---|---|---|
| पाठयपुस्तक | : | २० अङ्क |
| व्याकरण | : | १० अङ्क |
| संक्षेपीकरण | : | १० अङ्क |
| विस्तृतीकरण | : | १० अङ्क |
| जम्मा | : | ५० अङ्क |

यस पाठ्यक्रमका लागि निर्धारित पाठ्यपुस्तहरू निम्नानुसार थिए :

| | | |
|---|---|---|
| १) अच्छाराई | - | लगन |
| २) बालकृष्णसम | - | म |
| ३) हृदयचन्द्रसिंह | - | गंगालालको चित्ता |

---

[२४] T.U.,**Course of Study for B.A.,** (Pokhara: T.U. 1963), पृ. २ ।

४) सोमनाथ शर्मा - मध्यचन्द्रिका ।

नेपाली विशिष्ट अध्ययनका लागि पाठ्यवस्तु र अङ्कविभाजन निम्नानुसार गरिएको थियो :

| | | |
|---|---|---|
| पाठ्यपुस्तक | : | २५ अङ्क |
| निबन्ध | : | २५ अङ्क |
| जम्मा | : | ५० अङ्क |

यसका लागि निम्नानुसारका पाठयपुस्तहरू निर्धारण गरिएका थिए:

| | | | |
|---|---|---|---|
| १) | ने.भा.प्र.स. | - | संक्षिप्त महाभारत |
| २) | तुलसीराम कुँवर | - | रने |
| ३) | बालकृष्ण सम | - | भक्त भानुभक्त । |

**२) प्रधान नेपाली विषयको पाठ्यक्रम**

त्रि.वि.अन्तर्गत बी.ए. तहको सुरुको प्रधान नेपाली विषयको पाठ्यक्रममा पनि उद्देश्य निर्धारण गरिएको पाइदैन । यस पाठ्यक्रममा तीन पत्र रहेका थिए । यसका प्रत्येक पत्र १००/१०० अङ्कका थिए । ती तीन पत्रको विस्तृत विवरण यसप्रकार रहेको थियो : [२५]

**प्रथम पत्र**

बी.ए.तहको प्रधान नेपाली विषयको प्रथमपत्रका लागि पाठ्यवस्तु र अङ्क विभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| पाठ्यपुस्तक | : | ७० अङ्क |
| छन्द अलङ्कार | : | २० अङ्क |
| अदृष्टांश | : | १० अङ्क |
| जम्मा | : | १०० अङ्क |

२५ ऐजन, पृ. ५ ।

उपर्युक्त पाठ्यवस्तुका लागि निम्नानुसारका पाठयपुस्तकहरू निर्धारित गरिएका थिए :

| | | |
|---|---|---|
| १) लेखनाथ पौड्याल | - | लालित्य |
| २) केदाराथ व्यथित | - | जुनेली |
| ३) माधवलाल कर्माचार्य | - | खरानीको थुप्रो |
| ४) लक्ष्मीप्रसाद देवकोटा | - | सुलोचना |
| ५) गोविन्दप्रसाद ढुंगाना | - | छन्दोहार |
| ६) ऋषभदेव | - | काव्यमन्जरी । |

**द्वितीय पत्र**

बी.ए. तहको प्रधान नेपाली विषयको द्वितीयपत्रका लागि निर्धारण गरिएका पाठ्यवस्तु र अङ्क विभाजन निम्नानुसार रहेको देखिन्छ :

| | | |
|---|---|---|
| गद्य र नाटक | : | ७० अङ्क |
| अदृष्टांश | : | १५ अङ्क |
| विस्तृतीकरण | : | १५ अङ्क |
| जम्मा | : | १०० अंक |

यस पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए :

| | | |
|---|---|---|
| १) कालिदास पराजुली | - | उत्तररामचरित |
| २) बालकृष्ण सम | - | मुटुको व्यथा |
| ३) लैनसिंह बाङ्गदेल | - | विश्वकथा संग्रह |
| ४) बालकृष्ण सम | - | अमरसिंह |

५) ने.भा.प्र.स - गद्यसंग्रह (भाग ३) ।

**तृतीय पत्र**

२०१९ सालको पाठ्यक्रमअनुसार बी.ए.तहको प्रधान नेपाली विषयको तृतीय पत्रका लागि निर्धारित पाठ्यवस्तु र अङ्कविभाजन निम्नानुसार रहेको देखिन्छ :

| | | |
|---|---|---|
| निबन्ध | : | ३५ अङ्क |
| अनुवाद (संस्कृतबाट नेपालीमा) | : | ४० अङ्क |
| विस्तृतीकरण | : | २५ अङ्क |
| जम्मा | : | १०० अङ्क |

यस पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारित गरिएका थिए :

| | | |
|---|---|---|
| १) | - | पञ्चतन्त्र |
| २) ने.भा.प्र.स. | - | निबन्ध सङ्ग्रह |
| ३) ने.भा.प्र.स. | - | लक्ष्मी निबन्ध सङ्ग्रह । |

त्रि.वि.अन्तर्गत बी.ए.तहको नेपाली विषयको सुरुको पाठ्यक्रममा उद्देश्यहरूको किटान गरिएको पाइँदैन मूल्याङ्कनको लागि आन्तरिक र बाह्य गरी २ तरिकाले गर्ने व्यवस्था मिलाइएको थियो । यस पाठयक्रमले संस्कृतभाषा र संस्कृत भाषाबाट अनुदित कृतिलाई बढी प्राथमिकता दिइएको देखिन्छ । यस पाठ्यक्रमले भाषा र साहित्य दुवैलाई समेट्न खोजेका भए पनि साहित्यलाई बढी जोड दिएको पाइयो । यो पाठयक्रम बेलाबखत सामान्य परिष्कार र परिमार्जन सहित रा.शि.प.यो.को नयाँ पाठ्यक्रम लागू नहुँदासम्म कायमै रह्यो ।

### ३.३.२ राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले कायम गरेको स्नातक तहको नेपाली विषयको पाठ्यक्रम

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) कार्यान्वयनको प्रक्रिया सुरु भएपछि यसले यसभन्दा अगाडिको वार्षिक प्रणालीलाई खारेज गरी सेमेस्टर प्रणाली कायम

गरेको देखिन्छ । यस पाठ्यक्रमले स्नातक तहमा जम्मा चार सेमेस्टर कायम गरेको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजनाअनुसार मानविकी र सामाजिक-शास्त्र सङ्कायअर्न्तगत स्नातकतहको पाठ्यक्रममा अनिवार्य, मूल, सहायक र ऐच्छिक क्षेत्र गरी जम्मा चार क्षेत्रमा विभाजन गरिएको छ । उक्त चार क्षेत्रका लागि कूल ८० क्रेडिट आवर्स अर्थात ८०० पूर्णाङ्क निर्धारण गरिएको पाइन्छ । यस पाठयक्रममा नेपाली विषयलाई अनिवार्य र मूल नेपाली गरी दुई भागमा विभाजन गरिएको थियो । यस क्रममा तहगत , विषयगत र पाठ्यांशगत उद्देश्यहरूको स्पष्ट व्यवस्था गरिएको थियो । हरेक पाठ्यांशका लागि सङकेताङ्क र क्रेडिट आवर्सको व्यवस्था गरिएको थियो । रा.शि.प.यो.को पाठ्यक्रम २०२८ सालमा तयार पारिएको भए पनि सो पाठ्यक्रम अनुसन्धानका क्रममा पाउन नसकिएकोले यसमा २०२९ सालको पाठ्यक्रमलाई आधार मानेर प्रस्तुत गरिएको छ ।

**१) अनिवार्य नेपाली विषयको पाठ्यक्रम**

राष्ट्रिय शिक्षा पद्धतिको योजनाले तयार पारेको स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा नेप. ३०१ र नेप. ३०२ का पाठयांशहरू पढ्नुपर्ने व्यवस्था गरिएको थियो । यस पाठ्यक्रममा तहगत, विषयगत र पाठ्यांशगत उद्देश्य किटान गरिएको थियो, जुन निम्नानुसार छन् : [२६]

**उद्देश्यहरू**

- विद्यार्थीहरूलाई शुद्ध र सशक्तरूपमा राष्ट्रभाषा नेपालीको प्रयोग गर्न सक्ने तुल्याउनु ।
- विद्यार्थीहरूलाई उनीहरूका अनुभूति र सोचाइहरूप्रति विभिन्न माध्यम र शैलीद्वारा नेपाली भाषामा अभिव्यक्त गर्न समर्थ गराउनु ।

---

२६ T.U.,**Course of Study for B.A.,** (Pokhara: T.U. 2029), पृ. २ ।

) नेपाली भाषामा प्रकट गरिएका उच्तस्तरीय अनुभूति र विचारलाई ग्रहण गर्न सक्षम बनाउनु ।

उपयुक्त उद्देश्यपूर्ति गर्नका लागि जम्मा चार क्रेडिट आवर्सको पाठ्यक्रम निर्माण गरिएको थियो र यसअर्न्तगत नेप. ३०१ र नेप. ३०२ पाठ्यांश रहेका थिए ।

नेप. ३०१, यस पाठ्यांशको शीर्षक 'नेपाली व्याकरण' रहेको थियो भने यस पाठयांशको मूल उद्देश्य विद्यार्थीहरूलाई शुद्ध र सशक्त रूपमा नेपाली भाषाको प्रयोग गर्न दक्ष बनाउनु रहेको थियो ।

नेप. ३०२, यस पाठ्यांशको शीर्षक 'नेपाली रचना' रहेको थियो भने यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषामा प्रकट गरिएका उच्चस्तरीय विचार र अनुभूतिलाई ग्रहण गर्न सक्ने बनाउनु र आफ्ना विचार र अनुभूतिलाई स्तरीय भाषामा प्रकट गर्न सक्ने बनाउनु रहेको थियो ।

नेप. ३०१ र ३०२ का लागि निर्धारण गरीएका पाठ्यसामग्रीहरू निम्नानुसार रहेका थिए : [२७]

| | | |
|---|---|---|
| १) चक्रपाणि चालिसे | - | संक्षिप्त भारत |
| २) बालकृष्ण सम | - | अमर सिंह |
| ३) लैनसिंह बाङ्गदेल | - | मुलुक बाहिर |
| ४) साझा प्रकाशन | - | साझा निबन्ध |
| ५) डा.ताराप्रसाद जोशी | - | नेपाली कथा संग्रह (दोस्रो भाग) । |

२७ ऐजन, पृ. ५ ।

## २) मूल नेपाली विषयको पाठ्यक्रम

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले तयार पारेको पाठ्यक्रममा मूल नेपालीलाई पनि अनिवार्य र ऐच्छिक गरी २ भागमा बाँडिएको थियो । मूल नेपालीको अनिवार्य खण्डका लागि नेप. ३०३ देखि ३१२ सम्मका पाठ्यांशहरू राखिएका थिए । भने ऐच्छिकतर्फ नेप. ३१३ देखि ३१९ सम्मका जम्मा ७ पाठयांश मध्येबाट ४ क्रेडिट आवर्स बराबरको पाठ्यांश सम्बन्धित शैक्षिक सल्लाहकारका परामर्शअनुसार लिनु-पर्ने व्यवस्था थियो ।

उक्त पाठ्यक्रममा निम्नलिखित सत्रहरूका निम्ति निम्नलिखित अनुसारका पाठयांशहरू निर्धारण गरिएका थिए :

| | | | |
|---|---|---|---|
| प्रथमसत्र | - | नेप ३०७ र ३०८ | - ७ क्रे.आ. |
| दोस्रोसत्र | - | नेप ३०५, ३०६ र ३०९ | - ७ क्रे.आ |
| तेस्रोसत्र | - | नेप ३०३, ३०४ र ३१० | - ८ क्रे.आ. |
| चौथोसत्र | - | नेप ३११ र ३१२ | - ६ क्रे.आ. |
| | | जम्मा | - २८ क्रे.आ. |

यस पाठ्यक्रममा हरेक पाठ्यांशका लागि अलग-अलग शीर्षक, उद्देश्य, पाठ्यपुस्तक, सहायकसामग्री र सन्दर्भसामग्री निर्धारण गरिएको थियो, जुन निम्नानुसार थिए:[२८]

नेप. ३०३, यस पाठ्यांशको शीर्षक 'नेपाली भाषा' रहेको र यसको मूल उद्देश्य विद्यार्थीलाई भाषाका तत्त्वहरूको ज्ञान बढाउँदै नेपाली भाषाको भाषिक मर्मसँग विशेष रूपमा परिचित गराउनु रहेको थियो ।

---

२८ ऐजन, पृ. ७ ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यसामग्रीहरू यसप्रकार थिए :

१) रामराज पन्त - नेपाली लिपि विज्ञान

२) बालकृष्ण पोखरेल - नेपाली भाषा र साहित्य

३) चूडामणि उपाध्याय रेग्मी - नेपाली भाषाको उत्पत्ति

४) बालकृष्ण पोखरेल र बल्लभमणि दाहाल- ध्वनि प्रक्रिया र केही ध्वनि सिद्धान्त ।

नेप. ३०४, यस पाठ्यांशको शीर्षक 'नेपाली महाकाव्य' रहेको थियो र विद्यार्थीहरूलाई महाकाव्यको मर्मसँग विशेष परिचित गराउनु यसको मूल उद्देश्य रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारित थिए :

१) भानुभक्त आचार्य - रामायण (अरण्यकाण्ड)

२) लक्ष्मीप्रसाद देवकोटा - सुलोचना ।

नेप. ३०५, यस पाठ्यांशको शीर्षक 'नेपाली खण्डकाव्य' रहेको थियो र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली खण्डकाव्यको उच्चस्तरसँग विशेष परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए :

१) लेखनाथ पौड्याल - ऋतुविचार

२) बालकृष्ण सम - आगो र पानी

३) लक्ष्मीप्रसाद देवकोटा - कुञ्जिनी

४) माधव घिमिरे - पापिनी आमा

५) भीमनिधि तिवारी - यशस्वी शव ।

नेप. ३०६, यस पाठ्यांशको शीर्षक 'नेपाली फुटकर कविता' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली कविताका प्रमुख धारा र प्रवृत्तिसँग राम्ररी परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए:

१) डा.ताराप्रसाद जोशी (सम्पा) - नेपाली पद्य सङ्ग्रह ।

नेप. ३०७, यस पाठ्यांशको शीर्षक 'नेपाली कथा' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली कथाका प्रमुख धारा र प्रवृत्तिसँग राम्ररी परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए:

१) साझा प्रकाशन - साझाकथा

२) भवानी भिक्षु - आवर्त

३) विजय मल्ल - एक बाटो अनेक मोड

४) ईश्वर वराल - झ्यालबाट ।

नेप. ३०८, यस पाठ्यांशको शीर्षक 'नेपाली उपन्यास' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली उपन्यासका प्रमुख धारा र प्रवृत्तिसँग राम्ररी परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए:

१) भवानी भिक्षु - सुभद्रा बज्यै

२) गोविन्द गोठाले - पल्लो घरको झ्याल

३) दौलतविक्रम विष्ट - एकपालुवा अनेकौं याम

४) बि.पि. कोइराला - सुम्निमा

५) केशवराज पिंडाली - एकादेशकी महारानी ।

नेप. ३०९, यस पाठ्यांशको शीर्षक 'नेपाली नाटक' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली नाटकका प्रमुख धारा र प्रवृत्तिसँग राम्ररी परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिएः

१) बालकृष्ण सम - अन्धवेग

२) गोपालप्रसाद रिमाल - मसान

३) साझा प्रकाशन - साझा एकाङ्की ।

नेप. ३१०, यस पाठ्यांशको शीर्षक 'नेपाली निबन्ध' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली निबन्धका प्रमुख धारा र प्रवृत्तिसँग राम्ररी परिचित गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए :

१) लक्ष्मीप्रसाद देवकोटा - लक्ष्मीनिबन्ध सङ्ग्रह

२) शङ्कर लामिछाने - गोधूली संसार

३) तारानाथ शर्मा - जमर्काहरू

४) कृष्णचन्द्रसिंह प्रधान - सालिक ।

नेप. ३११, यस पाठ्यांशको शीर्षक 'नेपाली समालोचना' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई पूर्वीय र पाश्चात्य समालोचनाको सामान्य ज्ञान गराउँदै नेपाली समालोचनाको विकासका बारेमा जानकारी गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्नअनुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिएः

१) - पूर्वीय समालोचना

२) - पाश्चात्य समालोचना ।

यस पाठ्यांशका निम्ति दिइएका पाठ्यपुस्तहरूका लेखक, प्रकाशक केही पनि दिइएको छैन ।

नेप.३१२, यस पाठ्यांशको शीर्षक 'नेपाली साहित्यको इतिहास' रहेको र यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली साहित्य-इतिहासका बारेमा ज्ञान गराउँदै नेपाली साहित्य विकासका बारेमा जानकारी गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निम्ननुसारका पाठ्यपुस्तकहरू निर्धारण गरिएका थिए :

१) ताना शर्मा - नेपाली साहित्यको इतिहास

२) यज्ञराज सत्याल - नेपाली साहित्यको भूमिका

३) रत्नध्वज जोशी - आधुनिक नेपालीको झलक ।

माथि उल्लेख गरिएका पाठ्यांशहरू मूल नेपालीको अनिवार्य रूपमा लिनुपर्ने पाठ्यांशहरू थिए । मूल नेपालीको ऐच्छिक पाठ्यांशका रूपमा नेप ३१३ देखि ३१९ मध्येबाट जम्मा ४ क्रे.आ.बराबरको पाठ्यांश लिनपाउने व्यवस्था कायम गरिएको थियो, जुन पाठ्यांशहरू यसप्रकार रहेका थिए :[२९]

नेप. ३१३ - नेपाली व्याकरणको विस्तृत अध्ययन,

नेप. ३१४ - बालकृष्ण समका नाटक,

नेप. ३१५ - नेपाली महाकाव्यको विशेष अध्ययन,

नेप. ३१६ - नेपाली खण्डकाव्यको विशेष अध्ययन,

---

[२९] ऐजन, पृ. ९ ।

नेप. ३१७ - प्रमुख कविका कविताहरू,

नेप. ३१८ - नेपाली हास्यव्यङ्ग्य,

नेप. ३१९ - नेपाली समालोचना ।

यी पाठ्यांशहरूको विस्तृत विवरण यहाँ उल्लेख गएिको छैन । सुरुको पाठ्यक्रमभन्दा राशिपयोले तयार पारेको पाठ्यक्रम स्पष्ट, व्यवस्थित तथा स्तरीय रहेको देखिन्छ । यो पाठ्यक्रम २०३७ सालसम्म कायम रहेको देखिन्छ ।

### ३.३.३ त्रि.वि.ले २०३७ सालमा तयार पारेको स्नातक तहको नेपाली विषयको पाठ्यक्रम

राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन सुरु भएको एक दशक पूरा हुँदा नहुँदै नेपालको उच्चशिक्षा नीतिमा पुनः हेरफेर र परिष्कार परिमार्जन गर्ने प्रक्रिया सुरु भएको पाइन्छ । यसै क्रममा २०३७ सालदेखि राशिपयोले थालनी गरेको उच्चशिक्षाका कतिपय नीतिगत एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन गरिएको थियो र यस क्रममा प्रचलित पाठ्यक्रमलाई सामान्य परिमार्जन र पुनः संयोजन गरिएको देखिन्छ । यसरी २०३७ सालमा बनेको पाठ्यक्रमले राष्ट्रिय शिक्षा पद्धतिको योजनाले लागू गरेको सेमेस्टर शिक्षाप्रणालीलाई खारेज गरी पुनः वार्षिक प्रणाली नै कायम गऱ्यो । यो पाठ्यक्रमअनुसार स्नातक तहमा प्रथम द्वितीय वर्ष गरी द्विवार्षिक अवधिको पाठ्यक्रम तयार गरिएको थियो । यसअनुसार २०३७ सालमा तयार पारिएको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातक तहको नेपाली विषयको पाठ्यक्रम निम्नानुसार रहेको देखिन्छ :[३०]

#### १) अनिवार्य नेपाली विषयको पाठ्यक्रम

यस पाठ्यक्रममा तहगत, विषयगत र पाठ्यांशगत उद्देश्यहरू किटान गरिएको थियो जुन निम्नअनुसार रहेका थिए :

---

[३०] T.U.,**Course of Study for B.A.,** (Pokhara: T.U. 2037), पृ. २ ।

**उद्धेश्यहरू**

- माध्यमिक तहको शिक्षकको रूपमा काम गर्न सक्ने बनाउनु ।
- विद्यार्थीहरूले सुनेका, देखेका र अनुभव गरेका कुरालाई उच्च, शुद्ध र सशक्तरूपमा राष्ट्रभाषा नेपालीको प्रयोग गर्न सक्ने तुल्याउनु ।
- विद्यार्थीहरूलाई व्यावहारिक बोध तथा लेखापढी  र सोचाइहरूलाई विभिन्न माध्यम र शैलीद्वारा नेपाली भाषामा अभिव्यक्त गर्न समर्थ गराउनु ।
- नेपाली भाषामा प्रकट गरिएका उच्चस्तरीय अनुभूति र विचारलाई ग्रहण गर्न सक्षम बनाउनु ।

उपर्युक्त उद्देश्यपूर्ति गर्नका लागि स्नातक तहको प्रथम वर्षमा १०० अङ्कको अनिवार्य नेपालीको एकपत्र निर्धारण गरिएको थियो । उक्त पत्रको पाठ्यांश र अङ्क विभाजन निम्नअनुसार  गरिएको थियो :[३१]

| | | |
|---|---|---|
| नेपाली व्याकरणको विस्तृत अध्ययन | : | ५० अङ्क |
| नेपाली बोध र अभिव्यक्तिको विस्तृत अध्ययन | : | ५० अङ्क |
| जम्मा | : | १०० अङ्क |

यस पत्रका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नाअनुसार रहेका थिए :

१) सोमनाथ शर्मा - मध्यचन्द्रिका

२) कृष्णप्रसाद पराजुली - राम्रो रचना मीठो नेपाली

---

[३१] ऐजन, पृ. ४ ।

३) लक्ष्मीप्रसाद देवकोटा - लक्ष्मीनिबन्ध सङ्ग्रह

४) बालकृष्ण सम - अमरसिंह

५) डा.ताराप्रसाद जोशी (सम्पा.) - नेपाली कथा सङ्ग्रह भाग-२ ।

**२) मूल नेपाली विषयको पाठ्यक्रम**

यस पाठ्यक्रममा तहगत, विषयगत र पाठ्यांशगत उद्देश्यहरू किटान गरिएको थियो, जुन निम्नअनुसार रहेका थिए :

**उद्धेश्यहरू**

- नेपाली भाषा-साहित्यका विभिन्न पक्षको विवेचना गर्न सक्ने बनाउनु ।
- नेपाली भाषा-साहित्यका र लोकसाहित्यका विषयमा प्रारम्भिक वा लघुशोध-कार्य गर्न सक्ने बनाउनु ।
- माध्यमिक तहको शिक्षकको रूपमा काम गर्न सक्ने बनाउनु ।
- विद्यार्थीहरूले सुनेका, देखेका र अनुभव गरेका कुरालाई उच्च, शुद्ध र सशक्त रूपमा राष्ट्रभाषा नेपालीको प्रयोग गर्न सक्ने तुल्याउनु ।
- विद्यार्थीहरूलाई व्यावहारिक बोध तथा लेखापढी र नेपाली भाषामा विभिन्न विधाका सामान्य रचना गर्न सक्ने बनाउनु ।

उपर्युक्त उद्देश्यपूर्ति गर्नका लागि स्नातक तहको प्रथम र द्वितीय वर्षमा १००/१०० अङ्कका मूल नेपालीका तीनपत्र निर्धारण गरिएका थिए । उक्तपत्रहरूका पाठ्यांश र अङ्क विभाजन निम्नअनुसार गरिएको थियो :[३२]

---

[३२] ऐजन, पृ. ५ ।

**प्रथम पत्र**

यस पत्रको शीर्षक 'नेपाली कथा, उपन्यास र कविता' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषाका गद्य तथा पद्य विधाको विश्लेषणात्मक अध्ययन-अध्यापन गराउनु रहेको थियो । यस पत्रको पाठ्यवस्तु तथा अङ्कविभाजन निम्नअनुसार गरिएको थियो :

| | | |
|---|---|---|
| नेपाली कथा र उपन्यास | : | ४० अङ्क |
| नेपाली कविता | : | ६० अङ्क |
| जम्मा | : | १०० अङ्क |

यस पत्रका लागि निर्धारित पाठ्यपुस्तकहरू यसप्रकार रहेका थिए:

| | | |
|---|---|---|
| १) साझ प्रकाशन | - | साझा कथा |
| २) लैनसिंह वाङदेल | - | मुलुकबाहिर |
| ३) गोविन्द गोठाले | - | पल्लो घरको झ्याल |
| ४) पारिजात | - | शिरीषको फूल |
| ५) बि.पि. कोइराला | - | सुम्निमा |
| ६) डा.ताराप्रसाद जोशी सम्पा. | - | नेपाली कविता सङ्ग्रह |
| ७) लेखनाथ पौड्याल | - | ऋतुविचार |
| ८) बालकृष्ण सम | - | आगो र पानी |
| ९) माधवप्रसाद घिमिरे | - | राजेश्वरी |
| १०) लक्ष्मीप्रसाद देवकोटा | - | सुलोचना । |

**द्वितीय पत्र**

यस पत्रको शीर्षक 'नेपाली नाटक र निबन्ध' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषाका नाटक र निबन्ध विधाको विकास तथा प्रतिनिधि कृतिहरूको विश्लेषणात्मक जानकारी गराउनु रहेको थियो । यस पत्रको पाठ्यवस्तु तथा अङ्कविभाजन निम्नअनुसार गरिएको थियो :

| | | |
|---|---|---|
| नेपाली नाटक | - | ३० अङ्क |
| नेपाली निबन्ध | - | २० अङ्क |
| ऐच्छिक अध्ययन | - | ५० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रका लागि निर्धारित पाठ्यपुस्तकहरू यसप्रकार रहेका थिए:

| | | |
|---|---|---|
| १) लक्ष्मीप्रसाद देवकोटा | - | लक्ष्मीनिबन्ध सङ्ग्रह |
| २) शङ्कर लामिछाने | - | गोधूली संसार |
| ३) कृष्णचन्द्रसिंह प्रधान | - | सालिक |
| ४) बालकृष्ण सम | - | मुटुको व्यथा, अमरसिंह र म । |

साथै ऐच्छिक अध्ययनअन्तर्गत ५० अङ्कको पाठ्यांश विद्यार्थीले आफू खुसी रोज्न पाउने व्यावस्था गरिएको थियो ।

**तृतीय पत्र**

यस पत्रको शीर्षक 'भाषा साहित्यको सिद्धान्त र साहित्यको इतिहास' रहेको थियो भने यस पत्रका लागि पाठ्यांशहरू र अङ्कविभाजन निम्नानुसार गरिएको थियो :

| | | |
|---|---|---|
| भाषाविज्ञान र नेपाली भाषा | - | ४० अङ्क |
| साहित्य सिद्धान्त | - | ४० अङ्क |
| नेपाली साहित्यको इतिहास | - | २० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रको मूल उद्देश्य वर्णनात्मक र ऐतिहासिक भाषाविज्ञानका आधारमा नेपाली भाषाको भाषिक संरचना र परिवर्तनको ज्ञान दिनु नेपाली साहित्यको धारावाहिक विकास र त्यसको विविध मोड तथा तिनका प्रवृत्तिको विश्लेषण गर्न र पूर्वीय र पश्चिमी मूलभूत साहित्यसिद्धान्त र नेपाली समालोचनाका मूल धाराको अध्ययन गराउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसार पाठ्यसामग्रीहरू निर्धारण गरिएका थिए :

| | | |
|---|---|---|
| १) चूडामणि वन्धु | - | भाषाविज्ञान |
| २) मोहनराज शर्मा | - | शब्दरचना र वर्णविन्यास |
| ३) बालकृष्ण पोखरेल | - | राष्ट्रभाषा |
| ४) यदुनाथ खनाल | - | समालोचनाको सिद्धान्त |
| ५) केशवप्रसाद उपाध्यय | - | साहित्य प्रकाशन |
| ६) सोमनाथ सिग्द्याल | - | साहित्य प्रदीप |
| ७) ताना शर्मा | - | नेपाली साहित्यको इतिहास |

८) दयाराम सम्भव र मोहनराज शर्मा - नेपाली साहित्यको सङ्क्षिप्त इतिहास ।

त्रि.वि. ले २०३७ सालमा तयार पारेको स्नातक तहको नेपाली विषयको पाठ्यक्रमले नेपाली साहित्यका सम्पूर्ण क्षेत्र र विधालाई समेट्न खोजेको देखिन्छ । यस पाठ्यक्रमले भाषा र साहित्य दुवैलाई समेटेको र साहित्यतर्फ पनि गद्य र पद्य दुवैलाई समान महत्त्व दिँदै साहित्यका प्रमुख सबै विधालाई समेटेको छ । यस पाठ्यक्रमले समालोचना, हास्यव्यङ्ग्य र लोकसाहित्यलाई समेटेको र अनुसन्धानात्मक कार्यलाई समेत समेट्न खोजेको देखिन्छ । स्नातक तहको दोस्रो पत्रमा नेपाली विषयको ऐच्छिक पत्रका रूपमा निर्धारित विभिन्न विषयहरूमध्ये लघु अनुसन्धानलाई पनि समावेश गरिएको थियो । लघुशोधकार्य भाषा, साहित्य र लोक-साहित्यमध्ये कुनै एक विषयमा गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

त्यसैले त्रि.वि.ले २०३७ सालमा तयार पारेको नेपाली विषयको पाठ्यक्रम राशिपयोले तयार पारेको पाठ्यक्रमभन्दा अग्रगामी तथा स्तरीय देखिन्छ ।

## ३.४ त्रि.वि. को नेपाली विषयको स्नातकोत्तर तहको पाठ्यक्रम र पठन–पाठनको कालक्रमिक स्थिति

त्रि.वि.को स्थापनापूर्व अन्यतहहरूमा नेपाली विषयको पठनपाठन भएको देखिए तापनि स्नातकोत्तर तहमा भने त्रि.वि.को स्थापनापछि मात्र नेपाली विषयको पठनपाठन भएको देखिन्छ । स्नातकोत्तर तहमा त्रि.वि.को स्थापनासँगै सुरु भएको नेपाली विषयको पठनपाठन र पाठ्यक्रम वि.सं.२०२८ सालसम्म कायम रहेको र वि.सं. २०२८ सालमा तयार पारिएको सो पाठ्यक्रम वि.सं.२०३७ सालमा पुनः परिवर्तन भएको देखिन्छ । त्यसैले यस शोधपत्रको यस परिच्छेदमा तिनै तीन अवधिमा निर्धारण गरिएको नेपाली विषयको स्नातकोत्तर तहको पठनपाठन र पाठ्यक्रमलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

### ३.४.१ नेपाली विषयको स्नातकोत्तर तहको सुरुको पाठ्यक्रम

त्रि.वि.अन्तर्गत नेपाली विषयको एम.ए.तहको पाठ्यक्रम त्रि.वि.को स्थापनासँगै तयार पारिएको भनिए तापनि सो पाठ्यक्रम पाउन नसकिएकोले यस शोधपत्रमा २०२७ सालमा तयार पारेको पाठय्क्रमलाई नै सुरुको पाठ्यक्रम भनी परिचय दिइएको छ । यो पाठ्यक्रमअनुसार नेपाली विषयको एम.ए.तहमा आठवटा पत्रहरूको व्यावस्था गरिएको थियो । ती आठवटा पत्रहरूमध्ये पूर्वार्द्धमा (प्रथम वर्षमा) प्रथम पत्रदेखि चतुर्थ- पत्रसम्मका चारवटा पत्र र उत्तरार्द्धमा (दोस्रो वर्षमा) पञ्चम पत्रदेखि अष्टम पत्रसम्मका चारावटा पत्रहरूको अध्ययन-अध्यापन गराइन्थ्यो ।

नेपाली विषयको एम.ए.तहका लागि आठवटा पत्र मध्ये हरेक पत्र १००/१०० पूर्णाङ्कमा निर्धारित गरिएको थियो । जम्मा ८०० पूर्णाङ्कमा नेपाली भाषा-साहित्यको अध्ययन-अध्यापन गराइन्थ्यो । एम.ए. तहको सुरुको पाठ्यक्रम वार्षिक शिक्षाप्रणालीमा आधारित भएकाले यसलाई द्विवार्षिक अवधिमा विभाजन गरिएको थियो । एम.ए. तहको नेपाली विषयको प्रथम वर्षका लागि ४०० पूर्णाङ्कका ४ वटा पत्रहरू र दोस्रो वर्षका लागि पनि ४०० पूर्णाङ्ककै ४ वटा पत्रहरू रहेका थिए ।

### १) प्रथमवर्षका लागि निर्धारित पाठ्यक्रम

एम.ए. तहमा नेपाली विषयका लागि चार वटा पत्रहरू अध्ययन-अध्यापन गराइन्थ्यो । हरेकपत्र १०० /१०० पूर्णाङ्कका रहेका थिए । प्रथम वर्षका लागि निर्धारित हरेक पत्रको पाठ्यक्रम निम्नअनुसारको थियो :[३३]

#### प्रथम पत्र

यस पत्रको शीर्षक ‘सामान्य भाषा विज्ञान र नेपाली भाषाशास्त्र’ रहेको थियो । यस पत्रका लागि पाठ्यांश तथा तिनीहरूको अङ्कविभाजन निम्नअनुसार निर्धारण गरिएको थियो :

सामान्य भाषा विज्ञान - ५० अङ्क

[३३] T.U.,**Course of Study for M.A. Nepali,** (Kathmandu: T.U. 1970), पृ. २ ।

नेपाली भाषाशास्त्र - ५० अङ्क

जम्मा - १०० अङ्क

यसको मूल उद्देश्य विद्यार्थीहरूलाई भाषाको वैज्ञानिक तरिकाले अध्ययन गर्न सिकाउनु त्यसका आधारमा नेपाली भाषाको पनि वैज्ञानिक तरिकाले अध्ययन गर्न सिकाउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसारका पाठ्यसामग्रीहरू निर्धारण गरिएका थिए :

१) सूर्यविक्रम ज्ञवाली - नेपाली भाषाका विकासको संक्षिप्त इतिहास

२) बालकृष्ण पोखरेल - नेपाली भाषाको कथा

३) डा. दयानन्द श्रीवास्तव - नेपाली भाषा, यसको उत्पत्ति र विकास

४) पारसमणि प्रधान - नेपाली भाषाको उत्पत्ति तथा विकास ।

**द्वितीय पत्र**

यस पत्रको शीर्षक पूर्वीय र पाश्चात्य समालोचना रहेको थियो र यस पत्रको पाठ्यांश र तिनीहरूकोअङ्क  विभाजन निम्नानुसार रहेको थियो :

पूर्वीय समालोचना र अलङ्कार - ५० अङ्क

पाश्चात्य समालोचना - ५० अङ्क

जम्मा - १०० अङ्क

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई पूर्वीय र पाश्चात्य समालोचनाको विकास र त्यसका विभिन्न धारा तथा प्रवृत्तिहरूको जानकारी गराउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारित थिए : -

१) यदुनाथ खनाल - सामालोचना सिद्धान्त

२) मम्मट - काव्यप्रकाश

३) विश्वनाथ - साहित्यदर्पण

४) कुलचन्द्र गौतम - राघवालङ्कार

५) सोमनाथ सिग्देल - साहित्यप्रदीप

६) अरिस्टोटल - पोएटिक्स

७) राजशेखर - काव्यमीमांसा ।

**तृतीय पत्र**

यस पत्रको शीर्षक 'नेपाली नाटक र यसको अध्ययन' रहेको थियो । यस पत्रका लागि पाठ्यांश र तिनीहरूको अङ्क विभाजन निम्नअनुसार निर्धारण गरिएका थिए :

नाटक - १०० अङ्क

जम्मा - १०० अङ्क

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई पूर्वीय र पाश्चात्य नाटकका आधारमा नेपाली नाटकको विकास र त्यसका विभिन्न धारा तथा प्रवृत्तिहरूको जानकारी गराउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसारका पाठ्यपुस्तकहरू निर्धारित थिए :

१) भवानीदत्त - मुद्राराक्षस

२) मोतीराम भट्ट - प्रियदर्शिका

३) शम्भुप्रसाद ढुङ्ग्याल - शाकुन्तल

४) गोपालप्रसाद रिमाल - यो प्रेम

| | | |
|---|---|---|
| ५) बालकृष्ण सम | - | प्रह्लाद |
| ६) विजय मल्ल | - | जिउँदोलास |
| ७) लेखनाथ पौड्याल | - | भर्तृहरिनिर्वेद |
| ८) लक्ष्मीप्रसाद देवकोटा | - | सत्यवान् सावित्री । |

**चौथो पत्र**

यस पत्रको शीर्षक 'नेपाली उपन्यास, कथा र निबन्ध' रहेको थियो । यस पत्रका लागि पाठ्यांश र तिनीहरूको अङ्कविभाजन निम्नानुसार निर्धारण गरिएको थियो :

| | | |
|---|---|---|
| उपन्यास र कथा | - | ५० अङ्क |
| निबन्ध | - | ५० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली गद्यसाहित्यका प्रमुख विधाहरूको विकास र तिनीहरूका विभिन्न धारा तथा प्रवृत्तिहरूको जानकारी गराउनु रहेको थियो ।

यस पत्रका लागि निम्नअनुसारका पाठ्यपुस्तकहरू निर्धारित थिए :

| | | |
|---|---|---|
| १) सूर्यविक्रम ज्ञवाली सम्पा. | - | कथाकुसुम |
| २) रूपनारायण सिंह | - | भ्रमर |
| ३) लैनसिंह बाङ्देल | - | लँगडाको साथी |
| ४) भवानी भिक्षु | - | मैयासाहेब |
| ५) लक्ष्मीप्रसाद देवकोटा | - | लक्ष्मीनिबन्ध सङ्ग्रह |

| | | |
|---|---|---|
| ६) हृदयसिंह प्रधान | - | जुँघा |
| ७) बालकृष्ण पोखरेल | - | पाँच सय वर्ष |
| ८) शिवदत्त शर्मा | - | वीरसिक्का |
| ९) ईश्वर बराल | - | सयपत्री |
| १०) श्यामप्रसाद शर्मा | - | तँ, तिमी, तँपाईं, हजुर । |

## २) दोस्रो वर्षका लागि निर्धारित पाठ्यक्रम

२०३७ सालमा एम.ए. तहमा नेपाली विषयका लागि चारवटा पत्रहरू अध्ययन-अध्यापन गराइन्थ्यो । दोस्रो वर्षका लागि निर्धारित पाँचौं पत्रदेखि आठौं पत्रसम्मका हरेकपत्रहरू १०० /१०० पूर्णाङ्कका रहेका थिए । दोस्रो वर्षका लागि निर्धारित हरेक पत्रको पाठ्यक्रम निम्नानुसार रहेको थियो :[३४]

### पाँचौं पत्र

यस पत्रको शीर्षक 'साहित्यको इतिहास' रहेको थियो । यस पत्रका लागि पाठ्यांश तथा तिनीहरूको अङ्कविभाजन उक्त पाठ्यक्रममा निम्नानुसार निर्धारण गरिएको थियो :

| | | |
|---|---|---|
| नेपाली साहित्यको इतिहास | - | १०० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली साहित्यका विभिन्न विधाहरूको विभिन्न प्रवृति तथा मोडका आधारमा नेपाली साहित्यको अध्ययन गर्न सिकाउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसारका पाठ्यसामग्रीहरू निर्धारण गरिएका थिए :

१) यज्ञराज सत्याल - नेपाली साहित्यको भूमिका

२) मोतीराम भट्ट - भानुको जीवनी

३) बाबुराम आचार्य - पुराना कवि र कविता

४) सूर्यविक्रम ज्ञवाली सम्पा. - भानुभक्त स्मारकग्रन्थ

५) बालकृष्ण पोखरेल सम्पा. - पाँच सय वर्ष

६) ईश्वर वराल सम्पा. - सयपत्री

७) ईश्वर वराल सम्पा. - हिमालचुली

८) कमल दीक्षित सम्पा. - कालो अक्षर

९) कमल दीक्षित सम्पा. - यस्तो पनि ।

**छैटौँ पत्र**

यस पत्रको शीर्षक 'संस्कृत, प्राकृत, प्राचीन नेपाली व्याकरण एवम् पाठ्यक्रममा आधारित अनुवाद' रहेको थियो । यस पत्रका लागि पाठ्यांश तथा तिनी-हरूको अङ्कविभाजन उक्त पाठ्यक्रममा निम्नानुसार निर्धारण गरिएको थियो :

| | | |
|---|---|---|
| प्राचीन नेपाली व्याकरण | - | २५ अङ्क |
| संस्कृत भाषा | - | २५ अङ्क |
| प्राकृत भाषा | - | २५ अङ्क |
| अनुवाद | - | २५ अङ्क |

[३४] ऐजन, पृ. ५ ।

| | | |
|---|---|---|
| जम्मा | - | १०० अङ्क |

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई प्राचीन नेपाली भाषा तथा व्याकरण र त्यसको सम्बन्ध संस्कृत तथा प्राकृत भाषाव्याकरणसँग देखाउनु साथै विभिन्न भाषामा लेखिएका कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरी अध्ययन गर्न सिकाउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसारका पाठ्यसामग्रीहरू निर्धारण गरिएका थिए :

| | | |
|---|---|---|
| १) भास | - | स्वप्नवासवदत्तम् |
| २) पार्थमणि | - | नेपाली संस्कृत व्याकरण |
| ३) वररुचि | - | प्राकृत प्रकाश |
| ४) बालकृष्ण पोखरेल | - | पाँच सय वर्ष । |

**सातौँ पत्र**

यस पत्रको शीर्षक 'नेपाली पद्य' रहेको थियो । यस पत्रका लागि पाठ्यांश तथा तिनीहरूको अङ्कविभाजन उक्त पाठ्यक्रममा निम्नानुसार निर्धारण गरिएको थियो :

| | | |
|---|---|---|
| नेपाली पद्य | - | १०० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषामा लेखिएका पद्य विधाका र त्यसका उपविधाहरू जस्तैः फुटकर कविता, खण्डकाव्य तथा महाकाव्य आदिका बारेमा अध्ययन गर्न सिकाउनु र प्रतिनिधि पद्य विधाहरूको रसस्वादन गराउनु रहेको थियो ।

यस पत्रका लागि निम्नानुसारका पाठ्यसामग्रीहरू निर्धारण गरिएका थिए :

| | | | |
|---|---|---|---|
| १) | लक्ष्मीप्रसाद देवकोटा | - | शाकुन्तल |
| २) | सोमनाथ सिग्द्याल | - | आदर्शराघव |
| ३) | बालकृष्ण सम | - | चिसोचूल्हो |
| ४) | गोपालप्रसाद रिमाल | - | आमाको सपना |
| ५) | सिद्धिचरण श्रेष्ठ | - | उर्वशी |
| ६) | मोतीराम भट्ट | - | पिकदूत |
| ७) | कमल दीक्षित सम्पा. | - | बुइँगल |
| ८) | भानुभक्त आचार्य | - | रामायण |
| ९) | लेखनाथ पौड्याल | - | तरुण तपसी |
| १०) | माधवप्रसाद घिमिरे | - | राजेश्वरी |
| ११) | एम.बी. बी. शाह | - | फेरि उसैका लागि |
| १२) | विजयबहादुर मल्ल | - | कविता सङ्ग्रह । |

**आठौँ पत्र**

यो ऐच्छिक पत्र थियो । त्यसैले यसको शीर्षक निश्चित थिएन । यस पत्रका लागि कित विभिन्न ६ वटा भाषाबाट एउटा भाषा छानेर त्यसको अध्ययन गर्नु पर्थ्यो कित विशेष अध्ययन (गुणाङ्कन-पत्र) को अध्ययन गर्नु पर्ने व्यवस्था गरिएको थियो । यस पत्रका लागि निर्धारित ऐच्छिक भाषाहरू निम्नानुसार रहेका थिए :

१) नेवारी

२) मैथिली

३) बंगाली

४) हिन्दी

५) संस्कृत ६) उर्दू

यस पत्रका लागि पाठ्यांश तथा तिनीहरूको अङ्क विभाजन उक्त पाठ्यक्रममा निम्नानुसार निर्धारण गरिएको थियो :

| | | |
|---|---|---|
| निबन्ध | - | ३० अङ्क |
| सामान्य रचना र व्याकरण | - | २० अङ्क |
| पाठ्यपुस्तकबाट परिचयात्मक प्रश्न | - | ३० अङ्क |
| सम्बन्धित भाषाबाट नेपालीमा अनुवाद | - | २० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपालमा रहेका राष्ट्रियभाषाहरूका बारेमा जानकारी गराउँदै तिनीहरूको नेपाली भाषासँगको सम्बन्ध आदिका बारेमा अध्ययन-अध्यापन गराउनु रहेको थियो । यस पत्रका लागि निर्धारित पाठ्यपुस्तक-हरू सम्बन्धित भाषाअनुसार अलग-अलग रहेका देखिन्छन् ।

आठौँ पत्रको 'ख' वर्ग अथवा विशेष अध्ययनका लागि निम्नलिखित विषयहरू मध्ये कुनै एक विषयमा विशेष अध्ययन गर्न पनि पाउँथे, तर यसका लागि अगावै विभागीय प्रमुखको अनुमति लिनु आवश्यपक गरिएको थियो । जसका लागि निर्धारित विषयहरू निम्नानुसार रहेका थिए :

१) आरम्भिक काल (पृथ्वीनारायण शाहभन्दा पूर्वको साहित्य) ।

२) उत्थानकाल (पृथ्वीनारायण शाहदेखि मोतीरामपूर्वसम्मको साहित्य) ।

३) विकास काल ( मोतीरामदेखि आजपर्यन्त) ।

४) नेपाली साहित्यमा देशप्रेम र राष्ट्रवाद ।

५) नेपाली साहित्यमा भक्तिपरम्परा ।

६) भानुभक्त ।

७) लक्ष्मीप्रसाद देवकोटा ।

८) नेपाली नाटक ।

९) नेपाली पद्य विकास ।

१०) नेपाली गद्यसाहित्य ।

उपर्युक्त विषयहरूको विस्तृत विवरण उक्त पाठ्यक्रममा दिइएको थिएन ।

त्रि.वि.को एम.ए. नेपाली विषयको सुरुको पाठ्यक्रम वार्षिक शिक्षाप्रणालीमा आधारित भएकाले प्रथम वर्षका लागि ४ पत्र र द्वितीय वर्षका लागि ४ पत्र गरी जम्मा ८ पत्रको अध्ययन-अध्यापन गर्ने परिपाटी कायम गरिएको थियो । यस पाठ्यक्रममा विभिन्न पत्रको पाठ्यांशका प्रस्तुतिको ढाँचा पनि विभिन्न प्रकारको रहेको थियो । धेरै पत्रहरूमा पाठ्यक्रमहरू निर्धारण गरिएका थिएनन् भने पाठ्यपुस्तक, सहायक पाठ्यपुस्तक, सन्दर्भसामग्रीलाई पाठ्यसामग्री भनेर लेखकविना कृतिहरूको सूचीमात्र दिइएको पनि देखिन्छ । यो नेपाली विषयको पाठ्यक्रम भए पनि विभिन्न भाषामा लेखिएका कृतिहरू पनि पाठ्यसामग्रीमा समावेस गरिनु यस पाठ्यक्रमको विशेषता थियो । यो सुरुको पाठ्यक्रम भए पनि यसमा उद्देश्यको निर्धारण गरिएको थियो । साथै यसमा नेपाली भाषासाहित्य, समालोचना र हास्यव्यङ्ग्य लगायतका विधालाई समेट्न खोजेको देखिन्छ । उक्त पाठ्यक्रममा शोधपत्रलाई आठौं पत्रमा ऐच्छिक विषयका रूपमा राखिएको थियो । यो पाठ्यक्रम २०२८ सालको रा.शि.प.यो. कार्यान्वयन नहुँदासम्म कायमै रहेको देखिन्छ ।

### ३.४.२ राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले कायम गरेको नेपाली विषय-को स्नातकोत्तर तहको पाठ्यक्रम

राशिपयो (२०२८) ले तयार पारेको स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रमले वार्षिक शिक्षा प्रणालीलाई खारेज गरी सेमेस्टर प्रणाली कायम गरेको

थियो । सुरुको पाठ्यक्रमको तुलनामा रा.शि.प.यो.को पाठ्यक्रम स्तरीय तथा व्यवस्थित रहेको देखिन्छ । यस पाठ्यक्रममा तहगत र विषयगत उद्देश्यको समेत व्याख्या गरिएको छ भने यसभन्दा पहिलेको पाठयक्रममा यी कुराहरू उल्लेख भएको पाइँदैन । राष्ट्रिय शिक्षा पद्धतिको योजना वि.सं. २०२८ सालदेखि सुरु भए तापनि यहाँ वि.सं. २०२९ सालको पाठ्यक्रमका आधारमा उक्त पाठ्यक्रमको चर्चा गरिएको छ ।

यस पाठ्यक्रममा तहगत, विषयगत र पाठ्यांशगत उद्देश्य किटान गरिएको थियो, जुन निम्नानुसार छन् : [३५]

**उद्देश्यहरू**

- विद्यार्थीहरूलाई नेपाली भाषा-साहित्यको गहन ज्ञान प्रदान गर्नु ।
- विद्यार्थीहरूलाई उनीहरूका अनुभूति र सोचाइहरूप्रति विभिन्न माध्यम र शैलीद्वारा उच्चस्तरीय नेपाली भाषामा अभिव्यक्त गर्न समर्थ गराउनु ।
- नेपाली भाषामा प्रकट गरिएका उच्तस्तरीय अनुभूति र विचारलाई ग्रहण गर्न सक्षम बनाउनु ।
- विद्यार्थीहरूलाई उच्चशिक्षा संस्था तथा क्याम्पसहरूमा अध्यापन गर्न सक्ने बनाउनु ।
- विद्यार्थीहरूलाई किताबी ज्ञान मात्र नभई व्यावहारिक, प्रत्यक्षज्ञान र अनुभवसमेत प्रदान गर्नु ।

उपर्युक्त उद्देश्यपूर्ति गर्नका लागि नेपाली ५५१ देखि ५५८ तथा नेपाली ६५१ देखि ६६६ सम्मका पाठ्यसङ्ख्याका पाठ्यक्रमहरू निर्धारण गरिएका थिए । ती मध्ये नेपाली ६५४ देखि ६६४ सम्मका पाठ्यसङ्ख्याहरू ऐच्छिक पाठ्यसङ्ख्या रूपमा राखिएको थियो । जुन निम्नानुसार रहेका थिए :

---

३५ **नेपाली पाठ्यक्रम स्नातकोत्तर तह,** (पोखरा: त्रि.वि., डीनको कार्यालय, २०२८) पृ.३ ।

नेपाली ५५१, यस पाठ्यांशको शीर्षक 'नेपाली भाषाको भाषावैज्ञानिक अध्ययन' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई वर्णनात्मक भाषाविज्ञानका पृष्ठभूमिमा नेपाली भाषाको विश्लेषणात्मक अध्ययन-अध्यापन गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यपुस्तकहरू यसप्रकार रहेका थिए:

१) चूडामणि बन्धु - भाषाविज्ञान

२) बालकृष्ण पोखरेल र बल्लभमणि दाहाल - ध्वनिप्रक्रिया र केही ध्वनि सिद्धान्त

३) राजकीय प्रज्ञाप्रतिष्ठान - बृहत् नेपाली व्याकरण ।

नेपाली ५५२, यस पाठ्यांशको शीर्षक 'नेपाली भाषाको इतिहास तथा लोकसाहित्य' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषाको ऐतिहासिक अध्ययन र नेपाली लोकसाहित्यको विश्लेषणात्मक अध्ययन गराउनु' रहेको थियो।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यसामग्रीहरू निम्नानुसार रहेका थिए :

१) चूडामणि उपाध्याय रेग्मी - नेपाली भाषाको उत्पत्ति

२) बालकृष्ण पोखरेल - नेपाली भाषा र साहित्य

३) चूडामणि बन्धु - भाषाविज्ञान

४) धर्मराज थापा - मेरो नेपाल भ्रमण र हाम्रो लोकगीत

५) सत्यमोहन जोशी - हाम्रो लोक संस्कृति

६) देवकान्त पन्त - डोट्याली लोकसाहित्य ।

नेपाली ५५३, यस पाठ्यांशको शीर्षक 'पूर्वीय समालोचना र संस्कृत साहित्यको इतिहास' रहेको थियो । यसको मूल उद्देश्य विद्यार्थीहरूलाई पौरस्त्य समालोचनाका प्रमुख युग र विधाको अध्ययन-अध्यापनमार्फत ज्ञान दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यसामग्रीहरू निम्नानुसार रहेका थिए :

१) सोमनाथ शर्मा - साहित्यप्रदीप

२) हेमाङ्गराज अधिकारी - पूर्वीय समालोचना सिद्धान्त

३) मम्मट - काव्यप्रकाश

४) प्रा. गोविन्दप्रसाद भट्टराई - पूर्वीय काव्य सिद्धान्त

५) बलदेव उपाध्याय - संस्कृत साहित्यको इतिहास ।

नेपाली ५५४, यस पाठ्यांशको शीर्षक 'पाश्चात्य र नेपाली समालोचना' रहेको थियो । यसको मूल उद्देश्य विद्यार्थीलाई पाश्चात्य र नेपाली समालोचनाका प्रमुख मान्यता र धाराको ज्ञान दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यसामग्रीहरू निम्नानुसार रहेका थिए :

१) साझा प्रकाशन - साझा समालोचना

२) यदुनाथ खनाल - समालोचनाको सिद्धान्त

३) वासुदेव त्रिपाठी - पाश्चात्य समालेचनाको सिद्धान्त

४) ताना शर्मा - नेपाली साहित्यको इतिहास ।

नेपाली ५५५, यस पाठ्यांशको शीर्षक 'प्राचीन र माध्यमिक नेपाली साहित्य' रहेको थियो । यसको मूल उद्देश्य विद्यार्थीलाई प्राचीन र माध्यमिक नेपाली गद्य र पद्य साहित्यका प्रमुख धाराका प्रतिनिधि साहित्यको ज्ञान दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

१) श्री ५ पृथ्वीनारायण शाह - दिव्योपदेश

२) बालकृष्ण पोखरेल - पाँच सय वर्ष

३) सुन्दरानन्द बाँडा - अध्यात्म रामायण

४) कमल दिक्षित - जङ्गबहादुरको बेलायत यात्रा

५) बावुराम आचार्य - पुराना कवि र कविता

६) गोपीनाथ लोहनी सम्पा. - सङ्गीत चन्द्रोदय

७) मोतीराम भट्ट - पिकदूत र प्रियदर्शिका

८) शम्भुप्रसाद ढुङ्ग्याल - शकुन्तला नाटक ।

नेपाली ५५६, यस पाठ्यांशको शीषक 'साहित्यको रूपरेखा' रहेको थियो । यसको मूल उद्देश्य नेपाली निबन्धका तत्त्व, विकासक्रम र संस्कृत साहित्यका छानिएका नमुनाको ज्ञान दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यापुस्तकहरू निम्नानुसार थिए:

१) लक्ष्मीप्रसाद देवकोटा - लक्ष्मीनिबन्ध सङ्ग्रह

२) शङ्कर लामिछाने - एब्स्ट्र्याक चिन्तन प्याज

३) भैरव अर्याल - इतिश्री

४) ईश्वर वराल - सयपत्री

५) व्यास - श्रीमद्भागवद्गीता

६) कालिदास - कुमार सम्भव

७) वाल्मीकि - रामायण

नेपाली ५५७, यस पाठ्यांशको शीर्षक 'आधुनिक नेपाली कविता र खण्डकाव्य' रहेको थियो । यसको मूल उद्देश्य विद्यार्थीहरूलाई आधुनिक नेपाली कविताको विकास

प्रक्रिया र यसका प्रमुख धाराका प्रतिनिधि कविताको सैद्धान्तिक र व्यावहारिक ज्ञान दिनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

| | | | |
|---|---|---|---|
| १) | ने. रा. प्र. प्र. | - | आधुनिक नेपाली कविता |
| २) | लक्ष्मीप्रसाद देवकोटा | - | भिखारी, मुनामदन |
| ३) | लेखनाथ पौड्याल | - | ऋतुविचार, लालित्य |
| ४) | सिद्धिचरण श्रेष्ठ | - | उर्वशी |
| ५) | माधवप्रसाद घिमिरे | - | राजेश्वरी, किन्नर किन्नरी |
| ६) | मोहन कोइराला | - | लेक । |

नेपाली ५५८, यस पाठ्यांशको शीर्षक 'आधुनिक नेपाली नाटक र शोधविधि' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नाटकीय तत्त्व र आधुनिक नेपाली नाटकको विकासप्रक्रिया र यसका प्रमुख प्रतीभा तथा तिनको अध्ययन साथै शोधविधिको अध्ययन र अभ्यास गराउनु रहेको थियो ।

यस पाठ्यांशको लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

| | | |
|---|---|---|
| १) गोपालप्रसाद रिमाल | - | यो प्रेम |
| २) बालकृष्ण सम | - | प्रह्लाद र प्रेमपिण्ड |
| ३) विजयमल्ल | - | जिउँदो लास, पत्थरको कथा |
| ४) चूडामणि वन्धु | - | अनुसन्धान प्रबन्धको रूप र शैली । |

नेपाली ६५१, यस पाठ्यांशको शीर्षक 'आधुनिक नेपाली उपन्यास' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई उपन्यासको सिद्धान्त र यसको विकासक्रमको जानकारी गराउनु रहेको थियो ।

यस पाठ्यांशको लागि निर्धारित पाठ्यपुस्तकहरू यसप्रकार रहेका थिए:

१) रूपनारायण सिंह - भ्रमर

२) लैनसिंह वाङ्देल - लँगडाको साथी

३) विजय मल्ल - अनुराधा

४) इन्द्रबहादुर राई - आज रमिता छ

५) दौलतविक्रम विष्ट - एकपालुवा अनेकौँ याम ।

नेपाली ६५२, यस पाठ्यांशको शीर्षक 'आनुधिक नेपाली कथा' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली कथाका तत्त्व, सिद्धान्त र यसको विकासप्रक्रियाको जानकारी गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

१) गुरुप्रसाद मैनाली - नासो

२) बि.पि. कोइराला - दोषीचश्मा

३) भवानी भिक्षु - मैयासाहेव

४) गोविन्द गोठाले - कथैकथा

५) इन्द्रबहादुर राई - विपना कतिपय ।

नेपाली ६५३, यस पाठ्यांशको शीर्षक 'आधुनिक नेपाली महाकाव्य' रहेको थियो, भने यसको  मूल उद्देश्य विद्यार्थीहरूलाई महाकाव्यका प्रमुखधारा र यसको सिद्धान्तको जानकारी गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए:

१) सोमनाथ सिग्द्याल - आदर्श राधव

२) लेखनाथ पौड्याल - तरुणतपसी

३) लक्ष्मीप्रसाद देवकोटा - शाकुन्तल

४) बालकृष्ण सम - चिसोचूल्हो ।

तेस्रो सत्रका लागि विशेष अध्ययन अथवा ऐच्छिक अध्ययन भनेर नेपाली ६५४ देखि ६६४ सम्मका ११ वटा पाठ्यांशहरू मध्येबाट कुनै एक पाठ्यांश लिन पाउने व्यवस्था रहेको थियो । यसको  मूल उद्देश्य विद्यार्थीहरूको रुची र ज्ञान भएका विषयमा विशेष ज्ञान तथा जानकारी प्रदान गराउनु रहेको थियो ।

यस अध्ययनका लागि निर्धारित पाठ्यांशहरू निम्नानुसार रहेका थिए:

नेपाली ६५४ - महाकवि लक्ष्मीप्रसाद देवकोटा

नेपाली ६५५ - नाटककार बालकृष्ण सम

नेपाली ६५६ - संस्कृत साहित्यको अध्ययन-१

नेपाली ६५७ - संस्कृत साहित्यको अध्ययन-२

नेपाली ६५८ - एशियाली साहित्यको झलक

नेपाली ६५९ - पाश्चात्य साहित्यको झलक

नेपाली ६६० - समालोचनाशास्त्र

नेपाली ६६१ - पाश्चात्य समालोचनाशास्त्र

नेपाली ६६२ - आधुनिक भाषाविज्ञानका प्रमुख सम्प्रदाय

नेपाली ६६३ - सामाजिक र प्रयोगिक भाषाविज्ञान

नेपाली ६६४ - सामान्य भाषाविज्ञान ।

चौथो सत्रका लागि निर्धारित पाठ्यांश सङ्ख्याहरूमा नेपाली ६६५ र नेपाली ६६६ रहेका थिए । जसका शीर्षक, उद्देश्य र पाठ्यसामग्रीहरू निम्नानुसार रहेका थिए :

नेपाली ६६५, यस पाठयांशको शीर्षक 'नेपाली शोधपत्र (प्रारम्भिक कार्य)' रहेको थियो भने यसको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषा र साहित्य तथा लोकसाहित्यको अध्ययन-अनुसन्धानकार्यको अभ्यास गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि पाठ्यपुस्तक तथा सहायक-पाठ्यपुस्तक कुनै पनि सामग्री निर्धारण गरिएको थिएन ।

नेपाली ६६६, यस पाठ्यांशको शीर्षक 'नेपाली शोधपत्र (समाप्ति कार्य)' रहेको थियो । यस पाठ्यांशको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषा र साहित्य तथा लोकासाहित्यको अध्ययन-अनुसन्धानकार्यको अभ्यास गराउनु रहेको थियो ।

यस पाठ्यांशका लागि पनि कुनै पाठ्यसामग्रीको निर्धारण गरिएको थिएन । त्रि.वि.ले २०२८ सालमा तयार पारेको स्नातकोत्तर तहको नेपाली विषयको उपर्युक्त पाठ्यक्रम बेला-बेलामा मूल्याङ्कन गरी परिष्कार र परिमार्जन गरी वि.सं. २०३७ सालसम्म कायम रहेको र २०३७ सालमा रा.शि.प.यो.ले तयार गरेको पाठ्यक्र खारेज गरी नयाँ पाठ्यक्रमको निर्धारण गरिएको थियो ।

### ३.४.३ त्रि.वि.ले २०३७ सालमा तयार पारेको स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रम

त्रि.वि.ले २०३७ सालमा रा.शि.प.यो.ले तयार पारेको पाठ्यक्रममा सिमेष्टर प्रणाली खारेज गरी पुनः वार्षिक शिक्षाप्रणाली नै कायम गरेको देखिन्छ । स्नातकोत्तर

तहको नेपाली विषयका लागि द्विवार्षिक अवधिको पाठ्यक्रमको व्यवस्था गरिएको थियो । यो पाठ्यक्रमअनुसार स्नातकोत्तर तहको प्रथम वर्षका लागि ४०० पूर्णाङ्कका चार वटापत्र र दोस्रो वर्षका लागि पनि ४०० पूर्णाङ्कका चार वटापत्रहरू अध्ययन-अध्यापन गराइन्थ्यो । [३६]

## १. प्रथम वर्षका लागि निर्धारित पाठ्यक्रम

त्रि.वि.ले २०३७ सालमा तयार पारेको पाठ्यक्रमअनुसार, स्नातकोत्तर तहका लागि प्रथम वर्षमा चारवटा पत्रको अध्ययन-अध्यापन गराइन्थ्यो, जुन निम्नानुसार रहेका थिए :

**प्रथम पत्र :**

यस पत्रको शीर्षक 'भाषाविज्ञान र नेपाली भाषा' रहेको थियो । यस पत्रका लागि पाठ्यांश र अङ्क विभाजन निम्नानुसार गरिएको थियो:

नेपाली ५७१, वर्णात्मक भाषाविज्ञान र नेपाली भाषा - ६० अङ्क

नेपाली ५७२, ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा - ४० अङ्क

जम्मा - १०० अङ्क

यस पत्रको मूल उद्देश्य भाषाको वैज्ञानिक अध्ययन र नेपाली भाषाको अध्ययन-अध्यापन गराउनु रहेको थियो । यस पत्रका लागि पाठ्यपुस्तकहरू पाठ्यक्रममा निर्धारण गरिएको थिएन केवल सहायक पुस्तकहरू दिइएको थियो । सहायक पुस्तकहरू पनि विदेशी लेखकका बढी दिइएको थियो तर यस शोधपत्रमा नेपाली लेखकका पुस्तकहरू मात्र दिइएको छ । जुन निम्नअनुसार रहेका थिए :

---

[३६] **नेपाली स्नातकोत्तर तह पाठ्यक्रम,** (पोखरा: त्रि.वि., डीनको कार्यालय, २०३७) पृ. २ ।

१) चूडामणि बन्धु - भाषाविज्ञान

२) चूडामणि बन्धु - कर्णाली लोकसंस्कृति

३) नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान - बृहत नेपाली व्याकरण

४) हेमराज शर्मा - चन्द्रिका भाग १-४

५) बालकृष्ण पोखरेल र बल्लभमणि दाहाल - ध्वनिप्रक्रिया र केही ध्वनिसिद्धान्त ।

**दोस्रो पत्र**

यस पत्रको शीर्षक 'पूर्वीय, पाश्चात्य र नेपाली समालोचना' रहेको थियो ।[३७] यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई पूर्वीय, पाश्चात्य र नेपाली समालोचना-को सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिनु रहेको थियो । यस पत्रका लागि निर्धारित पाठयांश र अङ्कविभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| नेपाली ५७३ पूर्वीय समालोचना सिद्धान्त | - | ४० अङ्क |
| नेपाली ५७४ पाश्चात्य समालोचना सिद्धान्त | - | ४० अङ्क |
| र नेपाली समालोचना | - | २० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रका लागि निर्धारित सहायक पुस्तकहरू निम्नानुसार रहेका थिए :

१) सोमनाथ शर्मा - साहित्य प्रदीप

२) केशवप्रसाद उपाध्याय - पूर्वीय साहित्य सिद्धान्त

३) हेमाङ्गराज अधिकारी - पूर्वीय समालोचना सिद्धान्त

३७ ऐजन पृ. १५ ।

४) कृष्णचन्द्रसिंह प्रधान - साझा समालोचना

५) यदुनाथ खनाल - समालोचना सिद्धान्त

६) तानाशर्मा - नेपाली साहित्यको इतिहास

७) वासुदेव त्रिपाठी - पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा ।

**तेस्रो पत्र**

यस पत्रको शीर्षक 'लोकसाहित्य तथा प्राथमिक र माध्यमिक नेपाली साहित्य' रहेको थियो । यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई लोकसाहित्य तथा प्राथमिक र माध्यमिककालिन सैद्धान्तिक तथा प्रतिनिधि साहित्यको जानकारी गराउनु रहेको थियो । यस पत्रका लागि निर्धारित पाठ्यांश र अङ्कविभाजन निम्नानुसार गरिएको थियो :

| | | |
|---|---|---|
| नेपाली ५७५, नेपाली लोकसाहित्य | - | २० अङ्क |
| नेपाली ५७६, प्राथमिककालीन नेपाली साहित्य | - | ३० अङ्क |
| नेपाली ५७७, माध्यमिककालीन नेपाली साहित्य | - | ५० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रका लागि निर्धारित पाठ्यसामग्रीहरू निम्नानुसार रहेका थिए :

१) कालीभक्त पन्त - हाम्रो संस्कृति र इतिहास

२) धर्मराज थापा - हाम्रो लोकगीत

३) देवकान्त पन्त - डोटेली लोकसाहित्य

४) तुलसी दिवस - नेपाली लोककथा केही अध्ययन

५) श्री ५ पृथ्वीनारायण शाह - दिव्योपदेश

६) बालकृष्ण पोखरेल - पाँच सय वर्ष

७) बाबुराम आचार्य - पुराना कवि र कविता

| | | |
|---|---|---|
| ८) दयाराम श्रेष्ठ सम्भव | - | वीरकालीन कविता |
| ९) मोतीराम भट्ट | - | पिकदूत, प्रियदर्शिका र भानुभक्त-को जीवनचरित्र |
| १०) शम्भुप्रसाद ढुङ्ग्याल | - | शकुन्तला |
| ११) पहलमानसिंह स्वार | - | अटलबहादुर र विष्णुमाया |
| १२) ईश्वर वराल | - | सयपत्री |

**चौथो पत्र**

यस पत्रको शीर्षक 'आधुनिक नेपाली नाटक, फुटकर कविता र शोधविधि' रहेको थियो । यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई आधुनिक नेपाली साहित्यका नाटक, फुटकर कविता तथा शोधविधिको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिनु रहेको थियो । यस पत्रका लागि निर्धारित पाठ्यांश, पाठ्यांशसङ्ख्या र अङ्कविभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| नेपाली ५७८, आधुनिक नेपाली नाटक | - | ४० अङ्क |
| नेपाली ५७९, आधुनिक फुटकर कविता | - | ४० अङ्क |
| नेपाली ५८०, शोधविधि | - | २० अङ्क |
| जम्मा | - | १०० अङ्क |

यस पत्रका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए :

| | | |
|---|---|---|
| १) ने.रा.प्र.प्र. | - | आधुनिक नेपाली कविता |
| २) लक्ष्मीप्रसाद देवकोटा | - | भिखारी |
| ३) लेखनाथ पौड्याल | - | लालित्य |

| | | |
|---|---|---|
| ४) माधव घिमिरे | - | किन्नरकिन्नरी |
| ५) चूडामणि बन्धु | - | अनुसन्धान प्रबन्धको रूप र शैली |

**२. दोस्रो वर्षको लागि निर्धारित पाठ्यक्रम**

त्रि.वि.ले २०३७ सालमा तयार पारेको पाठ्यक्रमअनुसार स्नातकोत्तर तहमा नेपाली विषयका लागि चारवटा पत्रको अध्ययन-अध्यापन गराइन्थ्यो जुन निम्नानुसार रहेका थिए :

**पाँचौं पत्र**

यस पत्रको शीर्षक 'आधुनिक नेपाली गद्य' रहेको थियो । यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली साहित्यका आधुनिक उपन्यास, कथा र निबन्धका सैद्धान्तिक र प्रतिनिधि गद्यविधाहरूको जानकारी गराउनु रहेको थियो ।

यस पत्रका लागि निर्धारित पाठ्यांशसङ्ख्या, पाठ्यांशशीर्षक र अङ्कविभाजन निम्नानुसार रहेको थियो :

| | | |
|---|---|---|
| नेपाली ६७१, आधुनिक नेपाली उपन्यास | - | ४० अङ्क |
| नेपाली ६७२, आधुनिक नेपाली कथा | - | ४० अङ्क |
| नेपाली ६७३, आधुनिक नेपाली निबन्ध | - | २० अङ्क |
| जम्मा पूर्णाङ्क | - | १०० अङ्क |

यस पत्रका लागि निर्धारित पाठ्यपुस्तहरू निम्नानुसार रहेका थिए :

| | | |
|---|---|---|
| १) इन्द्रबहादुर राई | - | आज रमिता छ । |
| २) रूपनारायणसिंह | - | भ्रमर |
| ३) लैनसिंह वाङ्देल | - | लँगडाको साथी |

४) विजय मल्ल - अनुराधा

५) दौलतविक्रम विष्ट - एकपालुवा अनेकौं याम

६) गुरुप्रसाद मैनाली - नासो

७) भवानी भिक्षु - मैयासाहेब

८) गोविन्द गोठाले - कथैकथा

९) इन्द्रबहादुर राई - कथास्था

१०) लक्ष्मीप्रसाद देवकोटा - लक्ष्मीनिबन्ध सङ्ग्रह

११) भैरव अर्याल - इतिश्री

१२) शङ्कर लामिछाने - एब्स्ट्र्याक्ट चिन्तन प्याज ।

**छैटौँ पत्र**

यस पत्रको शीर्षक 'आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य' रहेको थियो । यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई आधुनिक नेपाली भाषाका खण्डकाव्य र महाकाव्यहरूको सैद्धान्तिक ज्ञान दिनुका साथै प्रतिनिधि खण्डकाव्य र महाकाव्यको अध्ययन-अध्यापन गराउनु रहेको थियो । यस पत्रको पाठ्यांशविभाजन र अङ्कविभाजन निम्नानुसार रहेको थियो :

नेपाली ६७४, आधुनिक नेपाली महाकाव्य - ६० अङ्क

नेपाली ६७५, आधुनिक नेपाली खण्डकाव्य - ४० अङ्क

जम्मा पूर्णाङ्क - १००

यस पत्रका लागि निर्धारित पाठ्यपुस्तकहरू निम्नानुसार रहेका थिए :

१) सोमनाथ सिग्द्याल - आदर्श राधव

२) लेखनाथ पौड्याल - तरुण तपसी

३) लक्ष्मीप्रसाद देवकोटा - शाकुन्तल

४) बालकृष्ण सम - चिसो चूल्हो

५) लेखनाथ पौड्याल - ऋतुविचार

६) बालकृष्ण सम - आगो र पानी

७) लक्ष्मीप्रसाद देवकोटा - मुनामदन

८) सिद्धिचरण श्रेष्ठ - उर्वशी

९) माधव घिमिरे - राजेश्वरी

१०) मोहन कोइराला - लेक ।

**सातौँ पत्र**

यस पत्रको शीर्षक 'संस्कृत साहित्य र विशिष्ट अध्ययन' रहेको थियो । यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई संस्कृत साहित्यको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दिनु रहेको थियो । यस पत्रका लागि निर्धारित पाठ्यांश, पाठयांश शीर्षक र अङ्क-विभाजन निम्नानुसार रहेको थियो :

नेपाली ६७६, संस्कृत साहित्यको झलक - ४० अङ्क

नेपाली ६७७, महाकवि देवकोटा - ६० अङ्क

नेपाली ६७८, नाटककार बालकृष्ण सम - ६० अङ्क

नेपाली ६७९, आधुनिक भाषाविज्ञानका प्रमुख सम्प्रदाय - ६० अङ्क

यस पत्रको नेपाली ६७६, संस्कृत साहित्यको झलकका लागि निर्धारित पाठ्यपुस्तक निम्नानुसार रहेका थिए : [३८]

| | | |
|---|---|---|
| १) | - | ऋग्वेद (उषसूक्त) |
| २) | - | बृहदारण्यकोषनिषद् |
| ३) वाल्मीकि | - | रामायण (किष्किन्धाकाण्ड) |
| ४) व्यास | - | श्रीमद्भगवद्गीता (दोस्रो अध्यायमात्र) |
| ५) कालिदास | - | कुमारसम्भवम् (पाँचौं सर्गमात्र) |

**आठौं पत्र**

यस पत्रको शीर्षक 'शोधपत्र वा ऐच्छिक अध्ययन' रहेको थियो । यस पत्रको मूल उद्देश्य विद्यार्थीहरूलाई नेपाली भाषासाहित्य र लोकसाहित्यसम्बन्धी अनुसन्धान र अध्ययन गराउनु रहेको थियो । यस पत्रको लागि निर्धारित पाठ्यांश, पाठयांशशीर्षक र अङ्कविभाजन निम्नानुसार गरिएको थियो : [३९]

| | | |
|---|---|---|
| नेपाली ६८०, नेपाली शोधपत्र | - | १०० अङ्क |
| नेपाली ६८१, नेपाली अध्ययन पत्र १ | - | ५० अङ्क |
| नेपाली ६८२, नेपाली अध्ययनपत्र २ | - | ५० अङ्क |

यस पत्रका लागि कुनै पनि पाठ्यपुस्तकहरू निर्धारण गरिएको थिएन । यसरी त्रि.वि.ले स्नातकोत्तर तहको नेपाली विषयको लागि शोधपत्र र अध्ययनपत्रलाई पनि महत्त्व दिँदै वि.सं. २०२८ पूर्वको पाठ्यक्रममा ऐच्छिक, २०२८ सालको पाठ्यक्रममा अनिवार्य र २०३७ पछि पुनः ऐच्छिक पत्रका रूपमा राखेको देखिन्छ ।

---

[३८] ऐजन पृ. ४६ ।

[३९] ऐजन पृ. ५६ ।

त्रि.वि. २०३७ सालमा स्नातकोत्तर तहका लागि तयार पारेको पाठ्यक्रममा नेपाली भाषासाहित्य साथै पाश्चात्य र पूर्वीय भाषा, साहित्य र समालोचना-लाई पनि समेट्न खोजेको देखिन्छ । यतिमात्र हैन नेपाली लोकसाहित्य, हास्यव्यङ्ग्य, शोध र अध्ययनपत्रलाई समेत उत्तिकै महत्त्व दिएर पाठ्यक्रम तयार पारेको देखिन्छ । त्यस्तै नेपाली साहित्यका सम्पूर्ण विधा र उपविधालाई पनि उत्तिकै महत्त्व दिइएको देखिन्छ ।

त्रि.वि.ले तयार पारेको स्नातकोत्तर तहको सुरुदेखि २०३७ सालसम्मको पाठ्यक्रमलाई तुलनात्मक रूपमा अध्ययन गर्दा सुरुको र २०३७ सालमा तयार पारिएको पाठ्यक्रमभन्दा २०२८ मा रा.शि.प.यो.ले तयार पारेको पाठ्यक्रम स्तरीय र व्यवस्थित देखिन्छ । यसरी त्रि.वि.ले स्नातकोत्तर तहका लागि तयार पारेको नेपाली विषयको पाठ्यक्रमले नेपाली भाषासाहित्यको विकास र उत्थान गराउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## ३.५ त्रि.वि.अन्तर्गत विदेशी विद्यार्थीका लागि नेपाली भाषा-साहित्यको पठनपाठन

त्रि.वि.ले नेपालीहरूलाई मात्र होइन, विदेशी विद्यार्थीहरूलाई समेत नेपाली भाषासाहित्यमा उच्चशिक्षा प्रदान गर्दै आएको छ । हाल त्रि.वि. नेपाली केन्द्रीय विभागअन्तर्गत वैदेशिक विभागले विदेशी विद्यार्थीहरूका लागि विशेष नेपाली स्नातक कार्यक्रम सञ्चालन गरेर विदेशीलाई पनि नेपाली भाषासाहित्यको अध्ययन-अध्यापन गराउँदै आएको छ ।

श्री ५ को सरकारको चीन सरकारसँगको सांस्कृतिक आदानप्रदान गर्ने कार्य-क्रमअन्तर्गत यो कार्यक्रम आरम्भ भएको थियो । वि.सं. २०२८ सालदेखि चीनबाट विद्यार्थीहरू महेन्द्र छात्रवृत्ति पाएर नेपाली पढ्न आउने गरेका र उनीहरूका निम्ति तत्कालीन कीर्तिपुर बहुमुखी क्याम्पसको नेपाली शिक्षण समितिले उक्त कार्यक्रम चलाउँदै आएको थियो ।[४०] हाल पनि नेपाली केन्द्रीय विभागले यो कार्यक्रम सञ्चालन

[४०] सह. प्रा.केशव सुवेदीबाट प्राप्त जानकारी ।

गर्दै आएको छ । सुरुमा चीनियाँ विद्यार्थीहरूलाई मात्र पठनपाठन गराइए पनि पछि आएर चीनियाँसहित अरू मुलुकका विद्यार्थीहरूलाई पनि अध्ययन-अध्यापन गराउन थालियो ।

विदेशीहरूका लागि विशेष नेपाली स्नातक कार्यक्रम चारवर्षे कार्यक्रम हो । यो चारवर्षमध्ये एकवर्ष आधारभूत रूपमा नेपाली भाषा सिकाइन्छ भने बाँकी तीन वर्ष स्नातक तहको नेपाली भाषासाहित्यको अध्यापन गराइन्छ । विदेशी विश्वविद्यालय-मा स्नातक गरिसकेका विद्यार्थीले मात्र यस कार्यक्रममा सहभागी हुन पाउँछन् । विश्वका कुनै पनि मुलुकका विद्यार्थीले यस कार्यक्रमअन्तर्गत विशेष नेपाली स्नातक अध्ययन गर्न पाउने व्यवस्था यस विभागले गरेको भए पनि अहिलेसम्म चीनीयाँहरू नै बढी संख्यामा अध्ययन गर्न आएको देखिन्छ । [४१]

प्रस्तुत शोधपत्रमा वि.सं. २०३७ सालसम्मको त्रि.वि.अन्तर्गत नेपाली विषयको पठनपाठन र पाठ्यक्रमको अध्ययन गरिएकोले उक्त समयसम्मको विदेशीका लागि तयार पारिएको विशेष नेपाली स्नातक कार्यक्रमको पाठ्यक्रम पाउन नसकिएकोले यहाँ दिइएको छैन ।

त्रि.वि.अन्तर्गत सञ्चालित यस कार्यक्रमबाट नेपाली भाषासाहित्यलाई विदेशमा चिनाउन र यसको संबर्द्धन गर्नमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । विदेशीका लागि सञ्चालित उक्त विशेष नेपाली स्नातक कार्यक्रमले निम्नकुरामा योगदान पुऱ्याएको देखिन्छ : [४२]

क) लघु अनुसन्धान | ख) अनुवाद

ग) पत्रपत्रिका | घ) रेडियो

---

[४१] सह. प्रा. भिक्टर प्रधानबाट प्राप्त जानकारी ।

[४२] ऐजन ।

उक्त कार्यक्रमबाट विदेशीहरूले पनि नेपाली भाषासाहित्य र लोकसाहित्य-सम्बन्धी अनुसन्धान गर्नुपर्ने भएकाले नेपाली भाषासाहित्यको विकासमा योगदान पुगेको देखिन्छ । त्यस्तै अन्य भाषामा लेखिएका विभिन्न कृतिहरूलाई नेपाली भाषामा अनुवाद गर्नुपर्ने भएकाले पनि नेपाली भाषाको विकासमा योगदान पुगेको छ । त्यस्तै त्रि.वि.मा विशेष नेपाली स्नातक पढेका विदेशीहरूले आ-आफ्नो मुलुकबाट विभिन्न पत्रपत्रिका तथा रेडियो कार्यक्रमहरू सञ्चालन गरिएकाले पनि नेपाली भाषासाहित्य-लाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन महत्त्वपूर्ण भूमिका पुगेको देखिन्छ ।

**उपसंहार**

त्रि.वि.ले सुरुदेखि २०३९ सालसम्म तयार पारेको विभिन्न तहको नेपाली विषयको पाठ्यक्रमको अध्ययन गरी तुलना गर्दा तल्लो तहको तुलनामा माथिल्लो तहको पाठ्यक्रम स्तरीय देखिन्छ । त्यस्तै कालक्रमिक रूपमा अध्ययन गर्दा सुरुको पाठ्यक्रमको तुलनामा पछिल्ला समयमा तयार पारेका पाठ्यक्रमहरू स्तरीय देखिन्छन् । त्रि.वि.ले सुरुदेखि २०३९ सालसम्म तयार पारेको पाठ्यक्रमको कालक्रमिक रूपमा अध्ययन गर्दा रा.शि.प.यो. (२०२८) ले तयार पारेको नेपाली विषयको पाठ्यक्रम नै बढी स्पष्ट, व्यवथित र स्तरीय हुनुका साथै नेपाली भाषासाहित्य-का सम्पूर्ण क्षेत्र तथा सम्पूर्ण विधा-उपविधाहरूलाई समेट्न खोजेको देखिन्छ । त्यस्तै त्रि.वि.का विभिन्न तहमा लघु-अनुसन्धान तथा अनुसन्धामूलककार्यहरू पनि भएका देखिन्छन् । बी.ए.तहमा लघु-अनुसन्धान एम.ए.तहमा लघु-अनुसन्धान तथा अनुसन्धान दुवैकार्यहरू भएको पाइन्छ भने विद्यावारिधि तहमा विस्तृत तथा विशेषअनुसन्धान भएको देखिन्छ । नेपाली भाषा-साहित्यको अध्ययन तथा अनुसन्धान दुवैकार्यबाट नेपाली भाषा-साहित्यको विकासमा महत्तवपूर्ण योगदान पुगेको दखिन्छ ।

त्रि.वि.को विभिन्न तह र समयको नेपाली विषयको पाठ्यक्रमको अध्ययनबाट आइ.ए.तहमा निम्नस्तरको, बी.ए.तहमा मध्यमस्तरको, एम.ए.तहमा उच्चस्तरको तथा विद्यावारिधि तहमा विशिष्ट स्तरको जनशक्ति उत्पादन गर्ने उद्देश्य राखेको देखिन्छ । त्रि.वि.को विभिन्न तह र विभिन्न समयका नेपाली विषयका पाठ्यक्रमहरू-लाई हेर्दा नेपाली भाषा र साहित्यका सम्पूर्ण क्षेत्र, विधा तथा उप-विधाहरूको अध्ययन-अध्यापन साथै अध्ययन तथा अनुसन्धानकार्यमार्फत नेपाली भाषा-साहित्यको विकास र उत्थानमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

# चौथो परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### ४.१ उपसंहार

त्रिभुवन विश्वविद्यालयले आफ्नो स्थापनाकाल वि.सं. २०१६ देखि विभिन्न विषयको पठनपाठनको सुरुवातसँगै नेपाली विषयको पनि पठनपाठन सुरु गरेको देखिन्छ । यसले आफ्नो स्थापनाकालदेखि नै नेपाली विषयको पाठ्यक्रम तयार पारेको र आइ.ए.तहदेखि क्रमशः एम.ए.सम्मको पठनपाठन आरम्भ गरेको हो । साथै अनुसन्धानात्मककार्यतर्फ विद्यावारिधि तहसम्मको अनुसन्धान गर्दै गराउँदै आएको छ । हाल नेपालमा बहु-विश्वविद्यालयको नीतिअनुसार देशमा धेरै विश्वविद्यालयहरू खुलीसकेका भए पनि तत्कालीन समयमा त्रि.वि. एकमात्र उच्चशिक्षा प्रदान गर्ने नेपालको राष्ट्रिय, ठूलो र जेठो विश्वविद्यालयको रूपमा रहेको देखिन्छ । हाल नेपालका विभिन्न विश्वविद्यालयहरूले विभिन्न विषय र तहमा उच्चशिक्षा दिँदै आएका भए पनि नेपाली भाषा-साहित्यको आइ.ए.देखि विद्यावारिधि तहसम्मको अध्ययन-अध्यापन, पाठ्यक्रम निर्माण र अनुसन्धान गर्ने एकमात्र विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय बनेको छ ।

नेपालमा शिक्षाको पृष्ठभूमि खोज्दै जाँदा वैदिक र बुद्धधर्मबाट अनुप्राणित शिक्षा परम्परासम्म पुग्न सकिन्छ । त्यस बेलामा शिक्षा प्रदान गर्ने माध्यम भाषा संस्कृत रहेको देखिन्छ । त्यस्तै नेपालमा आधुनिक शिक्षाको सुरुवात १९१० मा दरबार स्कुलको स्थापनाबाट भएको मानिन्छ तर पनि यसको शैक्षिक माध्यम अंग्रेजी भाषाबाट भएको हो । त्यस्तै १९३४ मा संस्कृत शिक्षाको औपचारिक सुरुवात भयो र शिक्षाको माध्यम संस्कृत भाषा बन्न पुग्यो । यसरी नेपालको शिक्षाको इतिहास खोज्दै जाँदा परम्परागत शिक्षा संस्कृतबाट सुरुवात भई संस्कृत मै सकिएको र आधुनिक शिक्षा अंग्रेजी माध्यम र संस्कृत माध्यमबाट सुरु भएको देखिन्छ ।

आधुनिक कालको वि.सं. १९५८ देवसमसेरको पालामा आइपुग्दा नेपालमा नेपाली भाषाका माध्यमबाट शिक्षा दिने औपचारिक थालनी भएको देखिन्छ । नेपाली भाषामा शिक्षा प्रदान गर्न तयार पारिएको जयपृथ्वीबहादुर सिंहको 'अक्षराङ्क शिक्षा' पुस्तकबाट नेपाली भाषाको पठनपाठनको शुभारम्भ भएको मानिन्छ। यसरी १९५८ मा आएर मात्र नेपाली भाषाको पठन-पाठन सुरु भएको देखिन्छ।

गोरखा भाषा प्रकाशिनी समितिको स्थापना वि.सं. १९७० पछि नेपाली भाषा र साहित्यका सामग्री समेटिएका पुस्तकहरूको प्रकाशन व्यापक रूपमा हुन थालेपछि नेपाली भाषा-साहित्यको पठनपाठनमा पनि व्यापकता आयो । त्यस्तै नेपाली भाषा-साहित्यका पाठ्यपुस्तकहरूलाई स्तरीय र विस्तारित गर्नका लागि १९९७ मा गठन भएको भाषा-अनुवाद परिषद्ले नेपाली भाषामा उच्चस्तरका ग्रन्थहरू अनुवाद गर्न थाल्यो ।

नेपालमा उच्चशिक्षाको आरम्भ भने वि.सं. १९७५ सालमा स्थापना भएको तत्कालिन त्रिभुवनचन्द्र कलेजको स्थापनासँगै भएको हो । सुरुमा यस कलेजले पटना विश्वविद्यालयको सम्बन्धन लिएर सोही विश्वविद्यालयको पठन-पाठन र पाठ्यक्रमलाई लागू गऱ्यो भने पछि वि.सं. १९८० मा कलकत्ता विश्वविद्यालय-सँग सम्बन्धन लिएर सोही विश्वविद्यालयको पाठ्यक्रम र पठन-पाठनलाई निरन्तरता दिएको देखिन्छ।

त्रि.वि. स्थापनापूर्व नेपालमा केही उच्चशिक्षा संस्थाहरू खुलेका भए पनि तिनीहरू भारतका विश्वविद्यालयसँग आबद्ध भएकाले स्वतन्त्र थिएनन् । त्रि.वि. स्थापनासँगै नेपाली विषयको पठ्यक्रम पठन-पाठन आरम्भ भएको देखिन्छ । त्रि.वि.को स्थापनापूर्व पनि नेपाली विषयको पाठ्यक्रम र पठन-पाठन भएको देखिए तापनि व्यवस्थित र औपचारिक रूपमा त्रि.वि.को स्थापनासँगै नेपाली विषयको आइ.ए. तहदेखि एम.ए. तहसम्मको अध्ययन-अध्यापन र अनुसन्धानकार्य सुरु भएको हो । त्यसको केही वर्षपछि नै नेपाली भाषासाहित्यमा विद्यावारिधि उपाधिका लागि अनुसन्धानात्मक कार्यकोसमेत आरम्भ भयो । नेपालमा रहेका र स्थापना

भएका सम्पूर्ण उच्च-शिक्षा संस्थाहरू पनि त्रिभुवन विश्वविद्यालयकै आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पस बन्न पुगे र त्रि.वि. कै छाता संगठनभित्र आवद्ध भई त्रि.वि. कै नीति-नियम, पाठ्यक्रम र पठन-पाठनलाई निरन्तरता दिन थाले ।

त्रि.वि.को नेपाली विषयको पाठ्यक्रम आरम्भकालतिर केही मात्रामा संस्कृत भाषासाहित्यतर्फ झुकेको देखिन्छ, भने केही मात्रामा हिन्दी र पाश्चात्य साहित्य-लाई पनि ठाउँ दिएको देखिन्छ । तर २०२८ साल पछिको नेपाली विषयको पाठ्यक्रमले नेपाली भाषा-साहित्य र लोकसाहित्यलाई नै केन्द्रविन्दु मानेर तयार पारेको र सोहीबमोजिम पठन-पाठन गरेको देखिन्छ ।

नेपाली विषयको पाठ्यक्रमअन्तर्गत नेपाली भाषाको अध्ययन-अध्यापनको लागि नेपाली भाषाको व्याकरण र भाषाविज्ञानका विभिन्न सिद्धान्तका आधारमा नेपाली भाषाको विश्लेषणमा पाठ्यक्रम केन्द्रित देखिन्छ । त्यस्तै नेपाली साहित्यको पाठयक्रमले गद्य र पद्य दुवै विधाअन्तर्गतका कविता, कथा, उपन्यास, निबन्ध, नाटक, महाकाव्य-खण्डकाव्य, लोकसाहित्यका सबै विधा-उपविधा र हास्यव्यङ्ग्य तथा समालोचनालाई समेत यसमा समेट्न खोजेको देखिन्छ । त्यस्तै पूर्वीय र पाश्चात्य साहित्य, समालोचना र साहित्य सिद्धान्तलाई समेत नेपाली विषयको पाठ्यक्रममा समेटेको देखिन्छ । त्यस्तै नेपाली साहित्यको ऐतिहासिक अध्ययन, साहित्य र समालोचना सिद्धान्तलाई समेत नेपाली विषयको पाठ्यक्रममा त्रिभुवन विश्व-विद्यालयले समेटेको देखिन्छ । त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम र पठन-पाठन तल्लो तहदेखि क्रमशः माथिल्लो तहमा विस्तारित र स्तरीय हुँदै गएको देखिन्छ । त्यस्तै त्रि.वि. स्थापना काल अथवा आरम्भकालतिरको पाठ्यक्रमभन्दा क्रमशः उत्तर-उत्तर कालको नेपाली विषयको पाठ्यक्रम व्यवस्थित, विस्तारित र स्तरीय हुँदै आएको देखिन्छ ।

यसरी त्रिभुवन विश्वविद्यालयको स्थापनापूर्व नेपालको शिक्षाको इतिहास-लाई अध्ययन गर्दा परम्परागत शिक्षाको समयमा विभिन्न धर्मबाट अनुप्राणित रहेको र त्यसको माध्यम संस्कृत भाषा रहेको देखिन्छ । त्यस्तै आधुनिक कालको नेपालको

शिक्षा आरम्भ हुने समयमा शिक्षा प्रदानको माध्यम अंग्रेजी र संस्कृतबाट भएको र केही समयपछि मात्र नेपाली भाषामा र नेपालीभाषाका पुस्तकहरू अध्ययन-अध्यापन गराइएको देखिन्छ । त्यस्तै वि.सं. १९७५ देखि उच्चशिक्षाका क्षेत्रमा पनि नेपाली विषयको पठन-पाठन आरम्भ भए पनि त्रि.वि.को स्थापना पछिमात्र नेपाली विषयको पाठ्यक्रम तयार पारी पठनपाठन हुन थालेको र क्रमशः यसको विस्तार, विकास र स्तरीयतामा वृद्धि हुँदै आएको देखिन्छ । त्यसैले नेपाली विषयको पठन-पाठन र पाठ्यक्रमको व्यवस्थित विकास, विस्तार र स्तरीयतामा त्रिभुवन विश्वविद्यालयको महत्त्वपूर्ण र अतुलनीय योगदान रहेको देखिन्छ ।

## ४.२ निष्कर्ष

नेपालको शिक्षाको इतिहासलाई अध्ययन गर्दा प्राथमिक कालीन र माध्यमिक-कालीन शिक्षालाई परम्परागत शिक्षा र १९१० को दरवार स्कुलको स्थापना पछिको शिक्षालाई आधुनिक शिक्षाको रूपमा लिइएको छ । त्यस्तै तत्कालीन त्रिभुवनचन्द्र कलेज वि.सं. १९७५ पछि नेपालमा उच्चशिक्षा आरम्भ भई विभिन्न विषय र तहमा अध्ययन-अध्यापन भएको देखिन्छ । नेपालको उच्चशिक्षाको त्रि.वि. स्थापनापूर्वको अवधिलाई पनि २ चरणमा विभाजन गरी २००७ सालपूर्व प्रथम चरण र २००७-२०१६ सम्म द्वितीय चरणमा विभाजन गरिएको छ । यस समयमा नेपालमा थुप्रै उच्चशिक्षा संस्था खुलेका भए पनि तिनीहरू भारतका विभिन्न विश्वविद्यालयसँग आबद्ध भएकोले स्वतन्त्र भने थिएनन् ।

नेपालको जेठो र राष्ट्रिय विश्वविद्यालयको रूपमा वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि मात्र नेपालमा स्वतन्त्र र व्यवस्थित रूपमा उच्चशिक्षाको सुरुवात भएको देखिन्छ । त्रि.वि.को स्थापना २०१६ सालदेखि २०३९ सालसम्म आईपुग्दा नेपालमा उच्चशिक्षाको गुणात्मक, सङ्ख्यात्मक र क्षेत्रगत रूपमा विकास र विस्तार भएको देखिन्छ । यस अवधिमा नेपालमा विभिन्न सङ्काय, विषय र तहमा उच्चशिक्षा संस्थाहरू स्थापना भई गुणात्मक, तहगत र विषयगत रूपमा वृद्धि तथा विकास भएको देखिन्छ । त्यस्तै क्षेत्रगत रूपमा

हेर्दा देशका १४ अञ्चलमा नै उच्चशिक्षा संस्थाहरू स्थापना भएको र सङ्ख्यात्मक रूपमा पनि ६५ वटा सरकारी र ३८ वटा निजी क्षेत्रका कलेजहरू स्थापना हुनुका साथै १० वटा अध्ययन संस्थान र ४ वटा अनुसन्धान-केन्द्रहरू पनि खुलेको देखिन्छ ।

राष्ट्रलाई आवश्यक दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका-साथ स्थापना भएको त्रिभुवन विश्वविद्यालयले विज्ञान तथा प्रविधि, इन्जिनियरिङ्ग, चिकित्साशास्त्र, कृषि तथा पशुविज्ञान, वनविज्ञान, मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र र कानूनका विभिन्न सङ्कायका विषयहरूको पठन-पाठन गर्दै गराउँदै आएको छ । यसक्रममा त्रि.वि.ले आफ्नो स्थापनाकालदेखि नै नेपाली विषयको प्रवीणता प्रमाणपत्र तहदेखि विद्यावारिधिसम्मको अध्ययन-अध्यापन र अनुसन्धानका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै गराउँदै आएको छ । यसैगरी विदेशी विद्यार्थीका निम्ति नेपाली भाषा-साहित्यको पठन-पाठन गराई अन्तराष्ट्रियस्तरसम्म नेपाली भाषासाहित्यलाई चिनाउने उद्देश्यले विदेशीका लागि नेपाली विषयको अध्ययन-अध्यापन गर्ने कार्य पनि त्रि.वि. अन्तर्गत सञ्चालन हुँदै आएको छ ।

यस शोधपत्रमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत मानविकी तथा सामाजिक-शास्त्र संङ्कायमा अध्ययन-अध्यापन गराइने नेपाली विषयका विभिन्न तहको र विभिन्न कालको पठन-पाठन र पाठ्यक्रमको सर्वेक्षण गरिएको छ । त्रि.वि. ले सुरुदेखि २०३९ सालसम्म तयार पारेको विभिन्न तहको नेपाली विषयको पठनपाठन र पाठ्यक्रमको अध्ययन गरी तुलना गर्दा तल्लो तहको तुलनामा माथिल्लो तहको पठनपाठन र पाठ्यक्रम स्तरीय तथा विस्तारित रहेको देखिन्छ । त्यस्तै त्रि.वि.को २०३७ सालसम्मको पठनपाठन र पाठ्यक्रमलाई हेर्दा रा.शि.प.यो. (२०२८) ले तयार पारेको नेपाली विषयको पाठ्यक्रम नै बढी स्पष्ट, व्यवस्थित र स्तरीय हुनुका साथै नेपाली भाषासाहित्यका सम्पूर्ण क्षेत्र तथा विधा-उपविधाहरूलाई समेट्न खोजेकोले यो पठनपाठन र पाठ्यक्रम नै उक्त समयसम्मको नेपाली विषयको उत्कृष्ट पठनपाठन र पाठ्यक्रम ठहरिएको छ । यस अध्ययनबाट नेपाली भाषाको पठन-पाठन र पाठयक्रमको मूल उद्देश्य राष्ट्रभाषा नेपालीमा दक्ष जनशक्ति उत्पादन गर्नु र नेपाली

भाषा-साहित्यको श्रीवृद्धि गर्नु रहेको देखिन्छ । त्रि.वि.को नेपाली विषयको पठनपाठन र पाठ्यक्रमले नेपाली भाषाको भाषावैज्ञानिक तरिकाले अध्ययन-अध्यापन गराउने र नेपाली साहित्य र लोकसाहित्यका विभिन्न विधा-उपविधाहरूको अध्ययन-अध्यापन गराउनुका साथै समालोचना हास्यव्यङ्ग्यको समेत अध्ययन-अध्यापन गराएको देखिन्छ । यसरी नेपाली विषयको पठन-पाठन र पाठ्यक्रमले नेपाली भाषा, साहित्य, लोकसाहित्य, समालोचना, अनुवाद, हास्यव्यङ्ग्य र नेपाली भाषा-साहित्य लोकसाहित्यसम्बन्धी अध्ययन-अध्यापन तथा अनुसन्धान र सिर्जनात्मककार्य आदि मार्फत नेपाली भाषा-साहित्यलाई मुलुकभित्र र मुलुकबाहिर समेत विकास र विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## भावी शोधकार्यका निम्ति सुझाउ

त्रिभुवन विश्वविद्यालयका विभिन्न तह, सङ्काय विभाग, शाखा, केन्द्र र समयका नेपाली भाषासाहित्यसम्बन्धी पाठ्यक्रम, पठनपाठन तथा प्रकाशनहरूको अध्ययन-अनुसन्धान गर्न चाहने शोधार्थीहरूले निम्नलिखित शोधशीर्षकहरूमा शोाध-कार्य गर्न सक्नेछन् :

(१) त्रि.वि.को नेपाली भाषासाहित्यसम्बन्धी पाठ्यक्रम र पठनपाठनले नेपाली भाषासाहित्यको विकासमा दिएको योगदान,

(२) त्रि.वि.को विभिन्न समयका र विभिन्न तहका नेपाली भाषासाहित्य-सम्बन्धी पाठ्यक्रमको तुलनात्मक अध्ययन,

(३) त्रि.वि.बाट प्रकाशित नेपाली भाषासाहित्यसम्बन्धी पत्रपत्रिकाहरूको अध्ययन,

(४) त्रि.वि.अन्तर्गतका विभिन्न सङ्काय तथा अध्ययन संस्थानमा नेपाली भाषासाहित्यको पठनपाठन ।

## नेपाली भाषाका सन्दर्भग्रन्थसूची


अर्याल, विजयकुमार, **त्रि.वि.को अनुसन्धान नीति तथा कार्यक्रमः एक अध्ययन,** अप्र. शोध प्रतिवेदन, त्रि.वि. अनुसन्धान महाशाखा, २०५३ ।

आचार्य, कृष्णप्रसाद, **विदेशीका निम्ति नेपाली शिक्षणः एक अध्ययन**, अप्र.शोध प्रतिवेदन, त्रि.वि.अनुसन्धान महाशाखा, २०५४ ।

उपाध्याय, पुरुषोत्तमप्रसाद, **त्रिभुवन विश्वविद्यालय विगतदेखि वर्तमानसम्म,** काठमाडौंः बिना उपाध्याय, २०५८ ।

**पाठ्यक्रम नेपाली स्नातकोत्तर तह**, पोखराः त्रि.वि. डीनको कार्यालय, २०२९ ।

**पाठ्यक्रम नेपाली स्नातकोत्तर तह,** पोखराः त्रि.वि. डीनको कार्यालय, २०३७ ।

पाण्डे, भीमबहादुर, **त्यसबखतको नेपाल (भाग १),** काठमाडौंः नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, २०३९ ।

दाहल, वल्लभमणी, सम्पा. **अनिवार्य नेपाली शिक्षण निर्देशन,** काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, २०४३ ।

शर्मा, गोपीनाथ**, नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,** काठमाडौंः मकालु बुक्स एण्ड स्टेसनर्स, २०५९ ।

शर्मा, गोपिनाथ, **नेपालको शैक्षिक इतिहास (प्राचीनकाल देखि २००७ सम्म),** दो.सं. काठमाडौंः रविनराज भण्डारी, २०५० ।

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, ते.सं., काठमाडौंः साझा प्रकाशन, २०६२ ।

# अङ्ग्रेजी भाषाका सन्दर्भग्रन्थसूची


**T.U. courses of study for B.A.,** Kathmandu: T.U., 1962.

**T.U. courses of study for B.A.,** Pokhara: T.U., 2029.

**T.U. courses of study for B.A.,** Pokhara: T.U., 2037.

**T.U. courses of study for I.A.,** Kathmandu: T.U., 1962.

**T.U. courses of study for I.A.,** Pokhara: T.U., 2029.

**T.U. courses of study for I.A.,** Pokhara: T.U., 2037.

**T.U. courses of study for M.A. in Nepali**, Kathmandu:T.U., 1970.